# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक "साहित्यकार कृष्णप्रसाद रिजालको कवित्वको अध्ययन, मूल्याङ्कन र विश्लेषण" रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग म.र.ब. क्याम्पस, इलाम, स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ शोधपरिचय

कृष्णप्रसाद रिजाल, नेपाली साहित्य क्षेत्रमा एक उज्जवल प्रतिभा हुन् । सिर्जनाअन्तर्गत कविता, उपन्यास, निबन्ध तथा सङ्कलक एंव सम्पादकका रूपमा समेत उनी परिचित छन् । काव्य साहित्य एवम् उपन्यास, निबन्ध आदिमा योगदान दिँदै आएका कृष्णप्रसाद रिजालको कवित्वको अध्ययन, मूल्याङ्कन र विश्लेषण यस शोधकार्य मार्फत गरिएको छ ।

### १.४ समस्याकथन

यस शोधकार्यका समस्याहरू निम्न बमोजिम रहेका छन्:-

(क) साहित्यकार कृष्णप्रसाद रिजालको साहित्य यात्रा र चरण विभाजन के कस्तो छ ?

(ख) उनको कविता कृतिहरु के कस्ता छन् ?

(ग) नेपाली साहित्यमा उनको योगदान के कस्तो छ ?

यिनै उल्लिखित समस्यामा केन्द्रित रहेर यस शोधपत्रमा कवि कृष्णप्रसाद रिजालको कवित्वको अध्ययन, मूल्याङ्कन र विश्लेषणको लागि प्रस्तुत शोधशीर्षकको छनौट गरिएको हो ।

### १.५ शोधकार्यको उद्देश्य

वि.सं. २०३८ देखि हालसम्म निरन्तर रूपमा साहित्य साधना गरेका कृष्णप्रसाद रिजालका धेरै पुस्तक प्रकाशित भइसकेका छन्, तर यी रचनाहरू उचित मूल्याङ्कनको अभावमा लुप्त हुने अवस्थामा छन् । अतः उनको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दै उनका साहित्यिक रचनाको अध्ययन गर्दै उनका काव्यात्मक साहित्यिक रचनाको अध्ययन गर्नु प्रस्तुत

शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्य अन्तर्गत उपर्युक्त समस्याकथनसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरू राखिएका छन्:-

(क) साहित्यकार कृष्णप्रसाद रिजालको साहित्य यात्रा र चरण विभाजनको निरुपण गर्नु,

(ख) उनका काव्यकृतिहरुको निरुपण गर्नु,

(ग) वर्तमान नेपाली काव्यमा उनको योगदानको निरुपण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको कविता, निबन्ध, समालोचना, उपन्यास क्षेत्रका बहुमुखी प्रतिभा कृष्णप्रसाद रिजाल अनवरत रुपका साधनरत व्यक्तित्व हुन् । साधनारत साधक रिजालका सम्बन्धमा २०६६ सालमा सीतादेवी कट्टेल (बराल) बाट कृष्णप्रसाद रिजालको जीवनी, व्यक्तित्व, र कृतित्वको अध्ययन शीर्षकमा शोधलेखन कार्य भएको देखिन्छ । त्यसै गरी उनका बारेमा विभिन्न विद्वानहरुबाट चर्चा परिचर्चा भएतापनि उनको काव्य सम्बन्धमा पृथक रुपमा अध्ययन, मूल्याङ्कन र विश्लेषण गरिएको नपाइएकोले यससँग सम्बन्धित हुने यो शोधपत्र पहिलो सामग्री रहेको छ । कृष्णप्रसाद रिजालका बारेमा उठाइएका समीक्षात्मक विवरण प्रामाणिक रूपमा प्राप्त नभएकाले केवल कृतिका भूमिका लेखनका सन्दर्भमा उपलब्ध भएका उल्लेखनीय विवरण यस प्रकार छ:-

(क) सम्झनाको भूमिका - बुद्धि घिमिरे

छन्द योजना र व्याकरणगत त्रुटि भए तापनि बाइस वर्षको उमेर अनुसार महत्वपूर्ण प्राप्ति ठानेका छन् ।

(ख) रिजालका केही कविताहरूको भूमिका- डा. भोला रिजाल

कविता भित्रको राष्ट्रिय संस्कृतिलाई मुटुको प्रत्येक रक्तनलीबाट राष्ट्रियता प्रभाह भएको मुटुको प्रत्येक रक्त नलीबाट शास्त्रीय भाषामा कविताको उच्चता देखाएका छन् ।

(ग) रिजालका केही कविताहरुको भूमिका - सडक नाटककार अशेषमल्ल

उनका कवितामा इलाम बोलेको छ, दुःखेको छ भन्दै शैली परिमार्जनको तारिफ गरेका छन् ।

(घ) मदनआश्रितको खोजीमा खण्डकाव्यको भूमिका- वरिष्ठ राजनीतिज्ञ झलनाथ खनाल

वर्तमान समयमा समाजको आमूल परिवर्तन गर्न, जनताको जनवाद ल्याउन कटिवद्ध भएर लाग्नु पर्ने आवश्यकतालाई उजागर गर्ने साहित्यकारका रुपमा लिएका छन् ।

(ङ) विश्वशान्ति खण्डकाव्यको भूमिका - क्षेत्रप्रताप अधिकारी

साहित्यकार क्षेत्र प्रतापले शान्तिको अर्चना गर्ने साहित्यकारका रुपमा रिजाललाई चिनाएका छन् ।

(च) विश्व शान्तिकै भूमिका- गोविन्द टण्डन

बाङ्मयको भण्डारमा केही थपिदिएको उल्लेख गरेका छन् ।

(छ) मेरो फूलबारी लघुकाव्यको भूमिका - कालीप्रसाद रिजाल

बसन्तमय भएर जनजनलाई प्रफुल्लित गराउन चाहाने साहित्यकारका रुपमा लिएका छन् ।

(ज) इन्द्रेणीको भूमिका - देवी पन्थी

शव्दले पाठकको मस्तिष्कलाई आफ्नो कब्जामा राख्न सक्नु महत्वपूर्ण विशेषता हो भनेका छन् ।

यसरी यी कृतिहरुका बारेमा सामान्य चर्चा मात्र भएकाले यो अपूरो देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य र महत्व

प्रस्तुत शोपत्रको औचित्य करिव तीनदशक साहित्य सिर्जनामा खर्चेका कवि कृष्णप्रसाद रिजालका बारेमा छिटफुट चर्चामात्र भएकाले कवि कृष्णप्रसाद रिजालकाबारेमा यथेष्ट जानकारी दिने प्रथम औचित्य हो भने यस अतिरिक्त यस शोधकार्यले नेपाली साहित्यको अनुसन्धान परम्परामा एउटा इँटा अवश्य थप्ने छ । उनको कवित्वको अध्ययन, मूल्याङ्न र विश्लेषण तीनोटै पक्षको अध्ययन गरिने भएकोले रिजालका जिज्ञासु पाठक एवं साहित्य चिन्तक सम्पूर्ण व्यक्तिहरु यस शोधकार्यबाट लाभान्वित हुने छन् । त्यसैले यो शोधकार्य औचित्यपूर्ण एवं उपयोगी सावित भएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा कवि कृष्णप्रसाद रिजालको काव्यात्मक व्यक्तित्व एवम् २०३८-२०६७ सम्मका काव्यात्मक पुस्तकाकार रुपमा प्रकाशितसाहित्य रचनाको परिचात्मक सर्वेक्षण गरी प्रकाश पारिएको छ ।

## १.९ सामग्री सङ्कलन तथा अध्ययन विधि

प्रस्तुत शोधकार्य सम्पन गर्न पुस्तकालय लेखक (शोधनायक) तथा उनका पारिवारिक व्यक्तिसँग मौखिक तथा लिखित जानकारीबाट सामग्रीको सङ्कलन गरिएको छ ।

यसरी सङ्कलित सामग्रीहरूको विवेचना गर्ने क्रममा कृष्णप्रसाद रिजालको जीवनी, व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना प्रणाली र कृतिहरूको अध्ययनमा कृतिपरक समालोचना प्रणालीलाई सामान्य आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधकार्यलाई स्पष्ट, सुव्यवस्थित एवम् सुसङ्गठित पार्न विषयबस्तुअनुसार निम्नलिखित परिच्छेद र शीर्षकहरूमा विभाजन गरिएको छः-

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - कृष्णप्रसाद रिजालको जीवनी र व्यक्तित्व,

तेस्रो परिच्छेद - कृष्णप्रसाद रिजालको साहित्यिक यात्रा र चरण विभाजन,

चौथो परिच्छेद - कृष्णप्रसाद रिजालका काव्यात्मक कृतिको अध्ययन,

पाँचौ परिच्छेद - उपसंहार एवं निष्कर्ष,

अन्त्यमा 'सन्दर्भसूची' र 'परिशिष्ट' राखिएको छ ।

# दोस्रो परिच्छेद

## कृष्णप्रसाद रिजालको जीवनी र व्यक्तित्व

## २.१ पृष्ठभूमि

मानिस जन्मदेखि मरून्जेलसम्मको र त्यसभित्र घटेका घटना चक्रलाई नै सामान्यतय जीवन भनिन्छ, भने जीवनका घटनाहरूको समष्टिलाई जीवनी भन्ने गरिन्छ । जीवनीले शुद्ध साहित्यिक विधाका रूपमा स्थापित हुँदा गम्भीर र पारिभाषिक अर्थ प्राप्त गर्छ ।[१] जीवनीमा सामान्यतया खास व्यक्तिको जीवनवृतान्त हुन्छ । यसर्थ जीवनमा गरेका कामकुराको क्रमबद्ध लेख वा कथन जीवनी हो ।[२] यसमा आवश्यकता र उपयुक्तता हेरेर कुनै पनि व्यक्ति विशेषको जीवनको समग्र वा आंशिक वृतान्तको प्रस्तुति हुन्छ ।[३] यसर्थ "जीवनी साहित्यलाई इतिहासकै एक अंश मान्न सकिन्छ । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालीन सामाजिक सांस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ "[४]"वास्तवमा जीवनीले जीवनका यथेष्ठ प्रमुख भागको चर्चालाई आत्मसात गरेको हुन्छ" ।[५] कुनै व्यक्ति विशेषले यस अवधिमा गरेको कार्यको वृतान्त नै जीवनी हुन आउँछ" ।[६] यसरी खास व्यक्तिका व्यक्तिगत जीवनको आन्तरिक र बाहिरी चरित्रको सरल र सहज ढङ्गले चित्रण गर्नु नै जीवनीको मुख्य तात्पर्य हो । जीवनी नायक माथि लेखकको जतिसुकै झुकाउ भए पनि जीवन चरित्र वा जीवनी लेख्दा दिगो निष्पक्षता र संयमता अपनाउन जरुरी हुन्छ । यसमा नायकको जन्मदेखि जीवनभरका कामहरू विभिन्न क्रियाकलापहरुको सामाजिक, धार्मिक, आर्थिकलगायतका जीवनका विविध पक्षको अध्ययन गरिन्छ । प्रस्तुत शीर्षकमा साहित्यकार कृष्णप्रसाद रिजालका जीवनका विभिन्न पक्षको अध्ययन गरिएको छ ।

---

१.भिक्टर प्रधान, नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, (काठमाण्डौं, ने. रा.प्र.प्र.२०४४) पृ.२८ ।

२ बालकृष्ण पोखरेल (सम्पा), नेपाली बृहत शब्दकोश (काठमाण्डौंः ने.रा.प्र.प्र.२०४०) पृ.४९७ ।

३.हिमांशु थापा, साहित्य परिचय, चौ.सं.(काठमाण्डौंः साझा प्रकासन २०४९)


४. दयाराम श्रेष्ट, 'सम्भव' र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, चौ.सं.(काठमाण्डौं : साझा प्रकासन, २०४९) ।

५.कृष्णचन्द्रसिंह प्रधान, (सम्पादन), नेपाली साहित्यकोश, (काठमाण्डौं ने. रा. प्र.प्र२०५५), पृ.२६. भिक्टर प्रधान,

६, पूर्ववत पृ.२९

## २.२ वंश परम्परा

ब्राह्मण कुलमा जन्मिएका कृष्णप्रसाद रिजालका पुर्खाहरू हाल नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने वाग्मती अञ्चलको धादिङ जिल्लाका हुन् । त्यहाँबाट पूर्वी नेपालको सगरमाथामा पर्ने ओखलढुङ्गा बसाइँ सरेर आएको केही समयपछि मेची अञ्चलको पाँचथर जिल्लाको सुभाङ्ग गा.वि.स. मा आएर बसोबास गरेका थिए । त्यहाँबाट मेची अञ्चलकै इलाम जिल्ला मङ्गलबारे गा.वि.स. मा आई बसोबास गरेका रिजाल परिवारले श्यामलालका पालामा बैवाहिक सम्बन्ध गाँसेपछि इलाम जिल्लाको नामसालिङ्ग गा.वि.स. सातमा आएर बसोबास गरिरहेका छन् । श्यामलालबाट कृष्णप्रसाद रिजाल चौथो सन्तानका रूपमा देखा पर्दछन् । कृष्णप्रसाद रिजालको वंशवृक्ष निम्नानुसार देखा पर्दछ ।[७]




---

७.शोधनायकबाट लिखित जानकारी ।

८.ऐजन ।

## २.३ पारिवारिक पृष्ठभूमि

[९]बाजे मोतीखरको विवाह बरबोटेका बलभद्र भण्डारीकी माहिली छोरी धर्मकुमारीसँग भएको थियो ।[१०]बलभद्र भण्डारी राष्टिय् स्तरका ख्याति प्राप्त विद्वान थिए ।[११] यस्ता परिवारमा जन्मिएकी रिजालकी हजुरआमा लेखपढ गर्न जान्ने महिला थिइन् ।[१२] उनी घरायसी काममा पोख्त, व्यवहारमा निपुण थिइन् । भागवतका श्लोकहरू कण्ठस्थ थियो ।[१३] मोतीखर सामान्य कृषक थिए । उनको राम्रा जातका गाई पाल्ने, स्याहार गर्ने रूचि थियो ।[१४] उनका चारभाइ छोराहरूमा जेठा इच्छाराम, माहिला रामप्रसाद, साँहिला गंगाराम र कान्छा होमनाथ थिए तर दुई छोराहरू रामप्रसाद र गंगारामको विवाहपश्चात निधन भएको थियो । उनका तीन छोरीमध्ये जेठी नारायणीलाई इलाम बरबोटेका काफ्लेलाई विवाह गराई दिएका, माहिली छोरी जानुकालाई इलामको जीतपुर गा.वि.स. का कट्टेलसँग विवाह गराएका थिए ।[१५] तर कान्छी छोरी गंगा भने नामसालिङ्कै आचार्य जैसीसँग आफैँ भागेर विवाह गरेकाले परिवार र समाजबाटै तिरस्कृत बनेर रौता आसाम गई जीवन निर्वाह गर्नु परेको देखिन्छ ।[१६] यसबाट त्यसबेलाको कट्टर ब्राह्मण समाजको अन्ध परम्पराको कारणले पारिवारिक बियोगको स्थिति भोग्नु परेको देखिन्छ ।[१७] यता मोतीखरका जेठा छोरा इच्छाराम भने बरबोटेका पण्डित बलभद्र भण्डारी हजुरबाकै रेखदेखमा हुँर्किएका र हजुरबाकै माध्यमबाट धनकुटाको मुगामा गई संस्कत व्याकरणको अध्ययन गर्ने मौका पाएर पण्डित बनेका थिए ।[१८] आफ्नै जिल्लामा फर्किएर पहिला आफ्ना बुबा आमालाई मामा पण्डित टंकनाथ भण्डारीको साथ लिई भागवत बाचन गरेका थिए ।[१९] यसरी उनी भागवत, शिवपुराण, हरिवंश पूराण र देवीभागवत बाचन गर्दथे । [२०] बुबा इच्छाराम रिजालले इलाम जिल्लाको जीतपुर गा.वि.स. चारमा वरिपरिका युवाहरुलाई भेला गराएर ठूलो वर्णमाला पढाउने गर्दथ ।

---

९, शोधनायकबाट लिखित जानकारी ।

१०.खड्गकुमारीपौडेलदिदी)बाटप्राप्तजानकारी

११.ऐजन ।

१२.ऐजन ।

१३.ऐजन ।

१४.ऐजन ।

१५.ऐजन ।

१६.ऐजन ।

१७, ऐजन ।

१८, ऐजन ।

१९. ऐजन ।

२०. ऐजन ।

[२१] उनले युवाहरू भेला गराएर पढाउने डाँडोलाई आजसम्म पनि पण्डित डाँडोका नामले चिनिन्छ ।[२२] इच्छारामको विवाह इलाम जिल्ला जमुना गा.वि.स. का सापकोटाकी छोरी नोरकुमारीसँग भएको थियो ।[२३] पहिलो सन्तान छोरा एकवर्ष नपुग्दै नोरकुमारीको असामयिक निधन भयो ।[२४] बालक छोरा भएकाले इच्छारामलाई दोस्रो विवाह नगरेर धरै भएन ।[२५] त्यसपछि इलाम जिल्लाकै प्याङ गा.वि.स. का शिवलाल काफ्लेकी छोरी निधिकुमारीसँग दोस्रो विवाह सम्पन्न भयो । निधिकुमारी बाल्यकालदेखि नै इ.न.पा. पिपलबोटेका भट्टराई मावली घरमा नै हुर्किएकी, विवाहसमेत मावली घरबाट नै भएको थियो । उनकी हजुरआमा कौशल्यावतीदेवी भट्टराईले कन्यादान दिनु भएको थियो ।[२६] इच्छाराम रिजाल पण्डित भएकाले घरमा मान्छेको जमघट हुने गर्दथ्यो ।[२७] काका दुईको बाल्यकालमा नै निधन, फुपूको दूरदर्शा, बाको दोस्रो विवाहपछि शैक्षिक जागरणको किरण परेको नामसालिङ्गमा पण्डित इच्छारामकी कान्छी श्रीमती निधिकुमारीको पहिलो सन्तान र इच्छारामको दोस्रो सन्तानका रूपमा कृष्णप्रसाद रिजालको जन्म भएको थियो ।[२८] उनीपछि बहिनी सीताको जन्म भएको र त्यसपछि जन्मेकी बहिनी बिन्दा १२ वर्ष पुगेपछि उनको असामहिक निधन अझ दुई भाइहरूको फेरि निधनपछि मात्र माहिला सागरनाथ, साहिला खगेन्द्रनाथ, काँहिला राधाकृष्ण र कान्छा जीवन, त्यसपछि कान्छी बहिनी चुनादेवीको जन्म भएको थियो ।

[२९]कृष्णप्रसाद रिजालकी जेठी बहिनी सीता लक्ष्मीपुर गौतमसँग र कान्छी बहिनी चुना साँखेजुङ्गका खनाललाई विवाह गराइदिएको देखिन्छ । उनका बुवा पण्डित इच्छाराम रिजालको पनि २०५७ साल असोजमा निधन भएको देखिन्छ । रिजालकी आमा ज्यादै मिजासिलो स्वभावकी तर बुबा भने कडा स्वभावका थिए ।

---

२१. ऐजन ।

२२. ऐजन ।

२३. ऐजन ।

२४. ऐजन ।

२५ ऐजन ।

२६. ऐजन ।

२७. ऐजन ।

२८ ऐजन ।

२९.ऐजन ।

[३०] समग्रमा पण्डित परिवारको प्रभाव, दैवको लाठीले पटक-पटक जन्माएको पारिवारिक बियोग, मध्यम वर्गीय परिवार आमा, हजुरआमा, काकीहरूका सुरिला भागवत, शकुन्तला, कृष्णचरित्र आदिका श्लोक सुन्ने अवसरले कृष्णप्रसाद रिजाललाई साहित्यकार कृष्णप्रसाद रिजाल बनाउन ठूलो भूमिका खेलेको पाइन्छ ।

## २ .४ जन्म र जन्मस्थान

पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चल इलाम जिल्ला नामसालिङ्ग गाविसका वार्ड नं. सात हाल त्रिलोचन ओजा (ओझा गुरु) का घरमा वि.सं. २०१६ साल श्रावण सोह्र गते शनिवारका दिन बुबा पण्डित इच्छाराम रिजाल र माता निधिकुमारीका कोखमा कृष्णप्रसाद रिजाल जन्मेका हुन्[३१] ।

## २ . ५ बाल्यकाल

मोतीखर रिजालका दोस्रा नाति कृष्णप्रसाद रिजाल हाल त्रिलोचन ओझा (ओजा गुरू) का घरमा जन्मिएका भए तापनि जग्गा सट्टा-पट्टापछि फेरि हजुरबा, आमा भएको मूलघरमा नै बितेको देखिन्छ ।[३२]हजुरबा, आमाको प्यार पाए तापनि कृष्णप्रसादको परिवारले उनका सबै रहरहरू पूरा भने गर्न सकेका थिएनन् । उनी बाल्यकालमा रेडियो सुन्ने, साहित्यिक कार्यक्रममा सहभागी हुने गर्दथ्ये । यसरी सानैदेखि उनले आफ्नो साहित्यिक रूचि र लक्षण भने देखाएका थिए ।[३३] यिनै कारणले उनलाई आजको अवस्थामा ल्याउने भूमिका खेलेको देखिन्छ ।

## २ . ६ शिक्षा-दीक्षा

शिक्षित पिता भएका कारण कृष्णप्रसाद रिजालको अक्षरारम्भ पिताजीबाट नै भयो ।[३४] घरमा नै साँवा अक्षर चिनेका कृष्णप्रसाद रिजालको विद्यालय जीवनको शुरू २०२४ सालबाट नजिकैको तत्कालीन नेपाल ज्योति प्राथमिक विद्यालय नामसालिङ्गबाट भयो । उक्त विद्यालयमा कक्षा एकमा भर्ना भई पाँच कक्षासम्म अध्ययन गरेका थिए भने कक्षा ६ देखि ९ कक्षासम्म नामसालिङ्ग माध्यमिक विद्यालय शुक्रबारेबाट गरी कक्षा दशको सेन्टअप परीक्षामा विद्यालयतर्फबाट दोस्रा भएकारिजालको एस्.एल्.सी. परीक्षामा अङ्ग्रेजी विषय बिग्रियो ।[३५] तिमी जस्ता जेहेन्दार विद्यार्थीले सबै विषयको परीक्षा देऊ भन्ने सल्लाह तत्कालीन प्रधानाध्यापक चन्द्रशेखर खतिवडाबाट भएपछि उनले पूरै विषयको परीक्षा दिए तर एस्.एल्. सी. को रिजल्ट आउँदा चार विषय बिग्रियो ।

---

३०. ऐजन ।

३१. शोधनायकबाट लिखित जानकारी ।

३२. ऐजन ।

३३. ऐजन ।

३४, ऐजन ।

३५. ऐजन ।

[३६] यता घरमा बहिनी र भाइहरूको निधन, बुबाको कडा स्वभाव, उता एस्.एल्. सी. बिग्रनु, बुबा र जेठो दाइ चेतनाथबीच अंशमा विवाद आदि पीरले कृष्णप्रसाद रिजाल घर छोडेर बुधबारे झापा, डिल्ली नेपालको घरमा पुगे । त्यहाँ उनले बिहान बेलुकी नानीहरूलाई ट्युसन पढाउँदै दिउँसो पसलमा सघाउँदै एक डेढ वर्ष बिताएपछि पढ्नु नै पर्ने रहेछ भन्ने बिचार जागेर आयो तर उनी बेसाहारा थिए । साहारा खोज्दै नामसालिङ्गबाट शनिश्चरे बसाइँ गएर बसेका ढकाल परिवार कहाँ पुगे तर केही बास्ता नभएपछि बरू त्यही घुम्तीमा पान खाँदै गरेका केशवप्रसाद बूढाथोकीले आफ्नो बाइकमा राखेर तत्कालीन अञ्चलाधीश कहाँ पुर्याई पढ्ने व्यवस्था मिलाई दिन आग्रह गरे अञ्चलाधीशले काठमाडौँसम्मको भाडा दिएर तर संस्कृत अध्ययन गर्न एकवर्ष पैसा अर्थात 'फि' लाग्ने भएकाले उनी निराश भई डिल्ली बजारमा बसेका गाउँका नेपाल परिवारका भगवती नेपाल, पार्वती नेपाल भाउजुहरूले पाँचसात दिन त्यही राखेर कवि कृष्णभूषण बलसँग परिचय गराई सानो काम लगाई दिन आग्रह गर्दा स्वीकार गरेर नाटककार मुकेश मल्ल, अशेष मल्ल, विष्णुविभु बसेका डेरामा एक वर्ष बस्ने व्यवस्था त भयो तर पढ्न नपाएपछि निराश बनेका बेला गीतकार बुद्धवीर लामाले एस्.एल्.सी.. अनिवार्य गर्न सल्लाह र सहयोग गरेपछि  शिवपुर मा.वि. काठमाडौँबाट एस्.एल्.सी. दिने व्यवस्था समेत मिल्यो । उनले सिनेकलाकार दिनेश डी.सी., डा. बालकृष्ण भट्टराईसँगै बसेर उनीहरूकै सहयोगबाट एस्.एल्.सी. दोस्रो श्रेणीमा पास गरे ।[३७]त्यसपछि गौशाला काठमाडौँमा सानो पानपसल थालेपछि विवाह बन्धनमा बाँधिएको देखिन्छ । श्रीमती धनादेवी आठकक्षामा पढ्दै थिइन् भने उनी पनि पशुपति क्याम्पस चावहिलमा आई.ए. सम्म मात्र अध्ययन गरेपछि व्यवहारिक समस्याका कारण औपचारिक अध्ययन पूरा भएको भएता पनि अनौपचारिक अध्ययनको क्रम भने निरन्तर चलिरहेको देखिन्छ ।[३८]

## २.७ विद्यार्थी जीवनका प्रमुख गतिविधिहरू

कृष्णप्रसाद रिजाल सानैदेखि साहित्यतर्फ रूचि भएका व्यक्ति थिए । पण्डित परिवार भएका कारणले रामायण, महाभारतका श्लोकहरू सुन्ने मौका, इलाम नगरपालिका-३, मा बस्नु हुने फुपाजु पं.चक्रपाणि पौडेलका लयबद्ध कविताले उनको सिर्जनशक्तिलाई अझ ऊर्जा मिलेको थियो । विद्यालयमा अध्यापन गराउने शिक्षकहरू नरहरि शर्मा, चन्द्रशेखर  खतिवडा, कोमल निरौला, विष्णु निरौला, कृष्णप्रसाद भट्टराई, गणेश भट्टराई, युवराज घिमिरे, वंशीधर दाहाल, माधव भट्टराई, तुलसी पौडेल आदि सबैको साहित्यिक रूचि भएकाले अध्यापनको
अवसरमा कविता, गीत, कथा भनेर कक्षामा रमाइलो वातावरणको सिर्जना हुन्थ्यो । नेपाली शिक्षक सूर्यभक्त पौडेलले कविता पाठ पढाउँदा बीचमा प्रश्न गरेमा भावमा डुबीरहेको बेला प्रश्न नगर त्यसको उत्तर पछि दिउँला भन्ने भनाईले कवितामा भावपक्षको महत्व ठूलो रहेछ भन्ने प्रेरणा मिलेको थियो ।

---

३६. ऐजन ।

३७, ऐजन ।

३८, ऐजन ।

[३९] कविगोष्ठी, निबन्ध प्रतियोगिता, हाजिरीजवाफमा  भाग लिनेसमेत अवसर पाएर पुरस्कार जित्ने पनि गर्दथ्ये ।[४०]

## २.८ कवि रिजालका प्रमुख संस्कार कर्महरू

कृष्णप्रसाद रिजाल पण्डित परिवारमा जन्मेका हुनाले प्रमुख संस्कारकर्महरू छैटी, नामाकरण, तथा विवाह वैदिक विधि अनुसार भएको देखिन्छ । यहाँ खासगरी छैटौं नामकरण, उपनयन तथा विवाह जस्ता प्रमुख संस्कार कर्महरूको अध्ययन गरिएको छ ।

रिजाल जन्मेको छ दिनमा छैटी आमा निधिकुमारीकी पिपलबोटे हजुरआमा कौशल्यादेवी भट्टराई, मामाहरूसमेत नामसालिङ्ग उपस्थित भई  सम्पन्न भएको थियो ।[४१] रिजाल जन्मेका एघार दिनमा वैदिक परम्पराअनुसार गाउँका पूरोहित तुलसीप्रसाद सुवेदी मृगशिरा नक्षत्र परेको हुँदा उनको न्वारनको नाम काशीनाथ राखेका थिए । पछि कृष्णप्रसादका बाले कृष्णप्रसाद भन्न थालेपछि उनको नाम कृष्णप्रसाद नै प्रचलित भयो ।[४२]चौध वर्षको हुँदा उनको उपनयन बरबोटे निवासी पण्डित इच्छारामका मावलका मामा टङ्कनाथ भण्डारीको कान्छो छोरो टीकाप्रसाद भण्डारीलगायत जम्मा आठजना बटुकहरू एकसाथ वैदिक परम्पराअनुसार गरिएको उपनयनमा अन्य पण्डितहरू भए पनि आफ्नै बुबा इच्छारामबाट गायत्री मन्त्र, विष्णु दीक्षा प्रदान गरेका थिए । [४३]

इलाम जिल्ला नयाँबजार गा.वि.स. वार्ड नं. ३ प्रेमेजुङ्गका रामप्रसाद न्यौपाने र चन्द्रादेवी न्यौपानेकी छोरी धनादेवीसँग कृष्णप्रसाद रिजालको विवाह वि.सं. २०४१ वैशाख महिनामा काठमाडौँको गुहेश्वरी मन्दिरमा सम्पन्न भएको थियो । धनादेवीका मामा प्राध्यापक माधव भँडारीले इलाम जिल्ला नयाँबजार गा.वि.स. वार्ड नं. ३ प्रेमेजुङ्गका रामप्रसाद न्यौपाने र चन्द्रादेवी न्यौपानेकी छोरी धनादेवीसँग कृष्णप्रसाद रिजालको विवाह वि.सं. २०४१ वैशाख महिनामा काठमाडौँको गुहेश्वरी मन्दिरमा सम्पन्न भएको थियो । धनादेवीका मामा प्राध्यापक माधव भँडारीले धनादेवीका वुवा आमालाई काठमाडौँमा नै बोलाएर विवाह गर्ने सम्पूर्ण व्यवस्था मिलाएका थिए । विवाहको समयमा कृष्णप्रसाद २५ वर्षका र धनादेवी १६ वर्षकी मात्र थिइन् । कृष्णप्रसादले दुलही बनाएर धनादेवीलाई काठमाडौँ गौशालाको डेरामा भित्र्याएका थिए ।

---

३९, ऐजन ।

४०, ऐजन ।

४१, ऐजन ।

४२, फुपू खड्गकुमारी पौडेलबाट जानकारी ।

४३, ऐजन ।

## २.९ कर्मक्षेत्रमा प्रवेश तथा सेवा

[४४]कृष्णप्रसाद रिजालको एस्.एल्.सी. बिग्रिएपछि तत्कालीन प्याङ्ग निम्नमाध्यमिक विद्यालय प्याङ्गमा १ वर्ष अध्यापन गराए पनि एस्.एल्.सी. फेल भएका कारण जागिर खोसियो । पढाइमा धोका, बहिनी, भाइको क्रमशः निधन बा इच्छाराम र ठूलादाजु चेतनाथबीच अंशवण्डामा विवाद आदि कारणले कृष्णप्रसाद रिजाल घर छोडेर हिडेका थिए ।[४५] बुधबारे- शनिश्चरे हुँदै काठमाडौँ पुगेका कृष्णप्रसादलाई पढ्ने जाँगर जागे तापनि आर्थिक कमजोरका कारणले गर्दा पढ्न सकेनन् । गाउँले बा, घरका बा मनोरथ नेपालसँग सानो जागिर लगाईदिन आग्रह गर्दा पनि एस्.एल्.सी. पास नगरेको मानिस काठमाडौँमा घाँडो हुन्छ भनेपछि गाउँका भगवती नेपाल, पार्वती नेपाल भाउजुहरूले कवि कृष्णभूषण बलसँग सानो काम लगाई दिनु भन्ने आग्रह गरेपछि कृष्णभूषण बलले सर्वनाम नाट्य समूहका मुकेश मल्ल, अशेष मल्ल, विष्णुबिभू घिमिरे बसेको डेरा डिल्लीबजार काठमाडौँमा पुर्‍याएर त्यहाँ उनीहरूलाई काम सघाउँदै बस्ने व्यवस्था मिल्यो । त्यस समयमा उनले अशेष मल्लका नाटकमा पात्रको भूमिका निर्वाह गरेको पाइन्छ भने त्यही समयमा उनको दोस्रो कृति लघुकाव्य 'मेरो फूलबारी' उनीहरूकै प्रेरणाले प्रकाशित गरेको देखिन्छ ।[४६]

लगभग एकवर्षपछि नाट्य समूहबाट अलग भएर दुईचार महिना काठमाडौँको कमलादी स्थित स्कोनमा त्यहाँकै नियमानुसार कपाल खौरने, ठूलो टुप्पी राख्ने, बिहान चाँडै उठेर गायत्री मन्त्र सोह्रहजार पटक जप्नु पर्ने, धार्मिक पुस्तकहरू बिक्रीवितरण गर्नुपर्ने काममा संलग्न भएका देखिन्छन् । व्यावहारिक समस्या हल हुन नसकेका कारण, स्कोन छोडेर हाल विज्ञान प्रविधिमा कार्यरत बहिनी पार्वती रिजाल (पुडासैनी) सँग साझेदारी गरी काठमाडौँको गौशालामा पानपसलको घुम्ती खोले पनि पार्वती बहिनीलाई अपायक परेको हुँदा केही समयपछि एक्लै पान पसल गरेको र पछि पार्वती बहिनीका भाइ लोकनारायण रिजाललाई साथमा लिएर पानपसल गर्दा पानपसल चलेका कारण गाह्रो पर्‍यो पछि रिजालले लोकनारायणकै सानीआमाकी छोरी धनादेवीसँग विवाह गरी पानपसल चलाए । केही समयपछि लोकनारायण अलग भई पानपसलबाट दुईचार पैसा जम्मा गर्न थाले ।

कृष्णप्रसाद रिजाल घर छोडेर हिडेपछि काठमाडौँ बसेको बेला उनकी आमाले रु.२०० पठाई दिएको तर उनले मास्न नसकेको देखेर गाउँले भाइ ललित नेपालले बैङ्कमा खाता खोलिदिएर त्यो दुईसय राखेका थिए । त्यही खातामा पानपसलबाट जोगाएको रूपैयाँ जम्मा गदै जाँदा अलिकति बचत भएछ तर बाटो चौडा गर्ने क्रममा घुम्ती हट्यो, त्यसपछि पूरानो बानेश्वरमा गएर त्यसरी नै घुम्ती खोले पनि नचलेपछि इलाम फिक्कलका होमनाथ ढुङ्गानालाई घुम्ती जिम्मा लगाएर फिक्कलमा रहेको उनको नामको २४ रोपनी जग्गा लिने पक्का गरे तर खातामा भएको ६० हजारले नपुग्ने भएपछि गोर्खे निवासी कृष्णप्रसाद सुवेदीसँग जग्गा साझेदारीमा लिएर पछि आ-आफ्नो नाममा बनाए ।

---

४४, ऐजन ।

४५, शोधनायकबाट प्राप्त जानकारी ।

४६, ऐजन ।

[४७]यसरी उनको राजधानीको आठ नौं वर्षको बसाइ र पानपसलको आयस्थाबाट आफ्नै परिवारको पसिनाले आठ रोपनी जग्गा फिक्कलमा रहेको देखिन्छ । दुईओटा साना-साना टीनका छाना भएका घर बनाउँदै गाईपालन, हटिया-हटियामा व्यापार केही समयमा गरे पनि दिगो भएन, त्यसपछि त्यही पञ्चकन्या गा.वि.स. आठघरेको प्राथमिक विद्यालयमा अस्थायी नियुक्तिपाई शिक्षण गरे, तर अस्थायी म्याद थप नभएका कारण जागिर खोसियो । त्यसपछि फिक्कल गाउँ विकास समितिको ०२७२९०१४ नम्बरको टेलिफोन अपरेटर भई दुई वर्ष राम्ररी चलाए तर टेलिफोन विस्तार भएका कारण यो सेवा चल्न सकेन र बन्द भयो । [४८] त्यसपछि संस्था खोलेर रसायनिक मलबीऊ बेच्दै दुईवर्ष बितेपछि संस्था बिघटन भयो र आफ्नै घरमा व्यवसाय सञ्चालन गर्दै रहँदा रिजालको श्रीमतीसँग झगडा भएपछि धना घर छोडेर हिडिन् । त्यसपछि दुई छोरा र आफू मात्र भएपछि अन्य पेसा संम्हाल्नै सकेनन् । त्यसपछि जेठाछोराले एस्.एल्.सी. पास गरेपछि सँगै काठमाडौँमा लगेर आफू चिया बेच्ने गर्दथे भने हाल उनी स्मृति ग्रन्थ सङ्कलन तथा प्रकाशनमा महत्वपूर्ण भूमिका खेल्दै रहेका छन् ।

[४९]पच्चीस वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएका कृष्णप्रसाद रिजालका दुई छोराहरू छन् । उनका प्रथम सन्तान शेषन रिजाल वि.सं. २०४६ साल चैत्र १२ गते इलाम जिल्लाको फिक्कल छ स्थित डा. तारानाथ शर्माको मूलघरमा प्रजापति उपाध्याय र टीकाकुमारी उपाध्याय बुबा आमाको साथमा जन्मिएका थिए । हुने विरुवाको चिल्लो पात भनेझैँ शेषन ज्यादै गम्भीर स्वभावका थिए । उनलाई एकपटक भनेको कुरा दोहोर्‍याउनु पर्दैनथ्यो । उनले घर नजिकैको हिमालयन बोर्डिङ स्कुल गएकै दिन आधा साँवा अक्षर चिनेका थिए । कक्षाहरूमा पहिलो, दोस्रो बन्ने शेषनले यस विद्यालयमा तीन कक्षासम्म अध्ययन गरेका थिए । कक्षा चारदेखि पञ्चकन्या आवसीय विद्यामन्दिर फिक्कलमा अध्ययन गरेका शेषनले वि.सं. २०६१ सालमा ७१.१२५ प्रतिशत अङ्क ल्याई एस्.एल्. सी. पास गरे । बुबा कृष्णप्रसाद रिजालको भरपर्दो पेसा नभए पनि घरभाडाबाट र आमाबाट पनि आर्थिक सहयोग मिलेर इन्जिनियरिङ अध्ययन संस्थान थापाथली क्याम्पसबाट १ नम्बर फ्रिसिप पाई अध्ययन गरे । काठमाडौँको महङ्गीमा अतिकष्टसँग अध्ययन गरेका शेषनले इलेक्ट्रोनिक विषय आइ.ई. मा ७६.६७ प्रतिशत आफैँ अध्ययन गरेर २०६६ सालमा प्राप्त गरे । अब, अध्ययन गर्न रकमको ज्यादै समस्या पर्ने भएकाले हाल जागिरमा लागेका छन् । शेषन पढाइका अतिरिक्त सिर्जना क्षेत्रमा पनि उतिकै चासो राख्छन् । उनी विद्यालय स्तरमा रहँदा कविता लेखेर पुरस्कार पाउने गर्दथ्ये । पावनभूमि पत्रिका फिक्कलबाट 'जय नेपाल बन्द' शीर्षकको निबन्ध २०६१ सालमा प्रकाशित गराएका छन् । यसै गरी शिशिर र वसन्तको कथालाई चार शास्त्रीय छन्दको प्रयोग गरी बाउन्न श्लोकको कविता लेखेको पाण्डुलिपि देखिन्छ । इन्जिनियरिङ्ग अध्ययन गर्ने क्रममा सिर्जना क्षेत्रलाई समय दिन नपाएको देखिन्छ ।

---

४७.ऐजन ।

४८.ऐजन ।

४९.ऐजन ।

[५०]कृष्णप्रसाद रिजालको दोस्रो सन्तानको रूपमा वि.सं. २०४९ साल जेठ १७ गते इलामको फिक्कल छ को आफ्नै घरमा लेखनाथ जन्मिएका थिए । दाजु जस्तै पढाइ भनेपछि हुरुक्क हुनेलेखनाथले सातकक्षासम्म श्री पञ्चकन्या आवसीय विद्यामन्दिर फिक्कलमा दाजु बाबुसँग बसेर पढेका थिए । पढ्दै गरेको फि तिर्न नसकेको र राजनितिक कारणले विद्यालय बन्द भएकाले आमीले लेखनाथलाई विद्यालयबाट निकाले आफू भएकै ठाउँ इलाम बजारमा ल्याई इलाम -८ खरेल डाँडामा रहेको इलाम विद्यामन्दिरका शिक्षकहरूले आठकक्षामा स्थानान्तरणको प्रमाणपत्र बिनानै मौखिक परीक्षा लिएर अध्ययन गर्ने अवसर मिलाई दिएका थिए । त्यही विद्यालयबाट इलाम कफी हाउस खोलेर बसेकी आमासँग बसेर वि.सं. २०६५ सालमा ७८.२५ प्रतिशत अङ्क ल्याएर पास गरेका थिए । हाल उनी इन्जिनियरिङ्ग अध्ययन संस्थान थापाथलीमा कम्प्यूटर इन्जिनियरिङ्गमा चौथो नम्बरमा नाम निकालेर पढ्ने प्रथम सेमेष्टरमा पढ्दैछन् तर बुबा आमाबीचको खटपट र आर्थिक समस्याले ढुक्कसँगले अध्ययन गर्न सक्ने नसक्ने द्विबिधामा छन् ।[५१]

यसरी कृष्णप्रसाद रिजालका दुवै सन्तान अत्यन्त भलादमी, लगनशील, तेजिला सुपुत्रहरू भए पनि आमाबुबाको खट्पट्ले असहज भएको भने देखिन्छ तर दुवै छोरालाई बुबाआमाका तर्फबाट आ-आफ्नै तबरले हेरचाह भएकै पाइन्छ ।[५२]

कृष्णप्रसादको विवाह वि.सं. २०४१ सालको वैशाख महिनामा काठमाडौँको गुहेश्वरी मन्दिरमा पानपसल राम्ररी चलाउँदा चलाउँदै सडक विभागले बाटो चौडा गर्ने क्रममा उक्त पान पसल भत्काएपछि फेरि पूरानो बानेश्वरमा गएर पसल गर्दा राम्ररी नचलेपछि आफ्नै जिल्लाको फिक्कलमा प्रजापति उपाध्याय भण्डारीको आश्रय पाएर त्यही जग्गा जोड्ने मनसायले उहाँहरूका घरमा बसेर त्यही फिक्कलमा जग्गा किनेर घर बनाएर सकेपछि श्रीमती धनादेवीले नारी विकासमा जागिर खान सुरु गरिन् । जागिरका क्रममा फिल्ड हिड्नु पर्ने भएपछि घर झगडा सुरु भएको, दुवैले आ-आफ्नो अडान लिने गरेका, आफन्तले मिलाउने प्रयास गर्दा पनि नभएपछि दुवै तर्फ अदालतसम्म पुगेका भए पनि कानुनी रूपमा हालसम्म श्रीमान् श्रीमती रहेका तर व्यावहारिक रूपमा २०५९ पौषदेखि धनादेवी घर त्यागेर हिडेपछि अलग-अलग देखिन्छन् ।

---

५०.शेसन रिजालबाट प्राप्त जानकारी

५१. लेखनाथ रिजालबाट प्राप्त जानकारी ।

५२. लेखनाथ र शेसन दुवैसँगको अन्तवार्ताबाट प्राप्त जानकारी ।

श्रीमती धनादेवी घर छोडेर मामा साहित्यकार माधव भँडारीकै घरछेऊ बरबोटेमा आएर सानो घुम्ती खोलेर बस्न थालिन् । केही समयपछि छोराहरूको सम्झनाले उनलाई सताउन थाल्यो र आफूसँग ल्याएर पढाउनका लागि इलाम बजारमा नै आएर होटल तत्काल चलाएको भएपनि हाल बन्द भएको देखिन्छ भने कृष्णप्रसाद रिजाल पनि स्मृति ग्रन्थ सम्पादन सङ्कलन गर्न व्यस्त छन् ।[५३] दुवै श्रीमान् श्रीमतीले आ-आफ्नु अडान त्यागेर उज्जवल भविष्य बोकेका सुपुत्रलाई अझ राम्रो अभिभावकत्व दिन सकून, अगाडि देखिएका जीवन एक्ल्याउने काँडा पन्साएर दाम्पत्य जीवन अबको सुखमय बित्न सकोस् भन्ने हार्दिक कामना मात्र उहाँहरूलाई ।

## २.१०. कवि कृष्णप्रसाद रिजालका आर्थिक स्थिति, साहित्यतर्फ प्रवेश र प्रेरणाका घट्ना तथा रुची एवं स्वाभाव

कृष्णप्रसाद रिजाल संयुक्त परिवारमा हुर्केका हुन् । उनी निम्न मध्यमवर्गीय परिवारका सदस्य हुन् । उनका बुबा इच्छाराम रिजालको पण्डित पेशा थियो । घरमा सामान्य रूपमा गाई पाल्ने, खेतीपाती गर्नेमा अरु परिवारहरू व्यस्त हुन्थ्ये । कतै जाँदा र केही गर्दा पनि सन्तुष्ट नभएका रिजालले गौशाला काठमाडौँमा पुगेपछि पानपासलले मात्र आम्दानीमा सन्तुष्ट दिएको थियो ।[५४]त्यही पसलबाट दुईचार पैसा उभारेर फिक्कल छ मा आठ रोपनी जमिन श्रीमती धनादेवी र कृष्ण रिजालका खुवी र दाजु कृष्ण सुवेदीसँगको साझेदारीमा लिन सक्षम भएको देखिन्छ । करोडौको मूल्याङ्कन हुने उक्त जग्गा पशुपतिनगर जाने रोडको छेउमा नै छ । फिक्कल बजारमा दुईओटा टीनको छानो भएको घर बनाई सकेका रिजाल परिवारमा श्रीमतीले नारी विकासमा जागिर खानु नै झगडाको गुण भयो त्यसले नै विछोडको स्थितिमा पुर्‍यायो । दुई छोरा र श्रीमान्लाई छोडेर हिडेपछि कृष्णप्रसाद रिजाललाई परिवार धान्न हम्वे-हम्वे भयो, र आमाबाट पाउने सुविधा छोराहरूले पाउन नसक्नु स्वभाविकै हो । त्यस अवस्थाको सहज बनाउन नामसालिङ्गबाट आमालाई समेत एकवर्ष ल्याएर राखे त्यसपछि तीनै साना छोराहरू आलोपालो गरेर घरधन्दा गर्न थाले ।[५५]बरबोटे मामा घरछेउमा घुम्ती पसल गरेर बसेकी धनादेवीलाई एक्लो महसुस भएपछि इलामबजार गएर अलिक ठूलो व्यवसाय गरी छोरालाई ल्याउने मनसायले इलाम बजार आएर होटल व्यवसाय गरेको देखिन्छ र कान्छो छोरो लेखनाथले इलाम विद्यामन्दिर इलामबाट आठकक्षादेखि एस्.एल्.सी. पाससम्म गरेको देखिन्छ भने काठमाडौँमा पढ्न बसेका र जेठा छोरा शेषनलाई पनि खर्च पठाएको देखिन्छ ।

---

५३. श्रीमती धनादेवी रिजालबाट प्राप्त जानकारी ।

५४. शोधनायकबाट प्राप्त जानकारी ।

५५.श्रीमतीबाट धनादेवीबाट प्राप्त जानकारी ।

[५६]त्यस्तै बुबा कृष्णप्रसाद रिजालले पनि जेठा छोरालाई पढ्न आर्थिक सहयोग गरेको देखिन्छ । यसरी कृष्णप्रसाद रिजालको आजसम्ममा त्यही फिक्कल छ मा भएको आठरोपनी जग्गा आफ्नै परिवारको पसिनाले जोडेको र पुर्ख्यौली आस नगरेको आफ्नै तवरले बाँच्ने प्रयास गरेको बुझिन्छ ।

जीवनका सङ्घर्षका क्रममा दुःखसुख, विछोड, मिलन, बिरह हाँसो, आँसुसमेत मानिसले सामना गर्नुपर्छ । कृष्णप्रसाद रिजाल पनि यस्ता भावबाट स्वभावैले प्रभावित भएका छन् ।
विद्यालयमा भएको साहित्यिक गोष्ठीमा भाग लिने रहरले पल्लाघरे दाइ गोपीकृष्ण रिजाललाई कविता लेखिदिने आग्रह गर्दा लेखिदिएको कवितालाई गोष्ठीमा स्वर खोलेर वाचन गर्दा बीचमा नै सबै हाँसे, भरे त्यो कविता धरणीधरको कविता रहेछ र उनी जिल्लिएर फर्किएको उनी कहिल्यै बिर्सन सक्दैनन् । उनी पछाडिकी बहिनी बिन्दा १२ वर्षकी थिइन् । उनको एक्कासी निधन भयो । उक्त असामयिक निधनलाई पनि उनी कहिल्यै बिर्सन सक्दैनन् ।

सेन्टअप परीक्षामा विद्यालयबाट दोस्रा बनेका कृष्णप्रसाद रिजालको एस्.एल्.सी. मा अङ्ग्रेजी बिग्रिनु, तिमी जस्ता विद्यार्थीले सबै विषयको परीक्षा देऊ भनेर प्रधानाध्यापक चन्द्रशेखर खतिवडाबाट सल्लाह प्राप्त भएपछि सबै विषयको परीक्षा दिँदा चार विषय बिग्रिएको उनी कहिल्यै भूल्न सक्दैनन् ।

पानपसलमा सघाउन आएका भाइ लोकनारायण विवाह पछि एक्लै पसल गरेका आफ्नो, पुर्ख्यौली सम्पत्ति सबै पसलमा हालेका, उधारो बेचेर नउठेपछि टाट पल्टिएको फेरि, कृष्णप्रसाद रिजालको सहयोगको अपेक्षा गरी आएपछि उनलाई आफ्नै पसलको केही सामान दिएर पूरानो बानेश्वरमा पसल सुरु गराई दिएका थिए । केही समयपछि आफ्नु घुम्ती बाटो चौडा गर्ने क्रममा हट्यो आफू बेसाहारा भई भौंतारिदा भाइले केही सहयोग गर्न मानसिकता नदेखाएको पनि उनी कहिल्यै बिर्सदैनन् ।[५७]

बेसाहारा भई भौतारिरहेका  रिजालको अवस्था देखेर पिपलबोटे मामा मित्रलाल भट्टराईले आफ्नो गाडीमा राखी बाटाको सम्पूर्ण व्यवस्था उनले नै गरेर सम्पूर्ण सरसामानसहित फिक्कल निवासी प्रजापति उपाध्ययको घरैमा पुर्‍याएको पनि कृष्णप्रसाद रिजाल कहिल्यै बिर्सन सक्दैन् ।

---

५६. ऐजन ।

५७. शोधनायकबाट प्राप्त जानकारी ।

[५८] मानिसका आ-आफ्नै रुचि एवम् स्वभाव हुन्छन् र सबैका रुचि र स्वभाव आपसमा नमिल्नु स्वाभाविक पनि हुन्छ । मान्छेका रुचि र स्वभावमा जन्मदेखि बाँचुन्जेलको उसको परिवार र समाज सङ्गत आदिको प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिका रहन्छ । उल्लिखित सन्दर्भले कृष्णप्रसादका रुचि र स्वभावमा प्रभाव पारेका छन् । उनी फुर्सदको क्षणमा रेडियो सुनेर बिताउने गर्दथ्ये । आमा हजुरआमाले स्वर खोलेर गाएका रामायण, महाभारत र शाकुन्तलका श्लोक ध्यान दिएर सुन्ने उनको रुचि थियो । पण्डित परिवारमा हुर्केका उनलाई धार्मिक पुस्तक गीता, चण्डी कण्ठस्थ थियो । भागवतका श्लोक पढ्ने रुचि पनि थियो । उनले सानोमा ज्योतिष सिकेका थिएनन् पछि आएर ज्योतिष विद्या अध्ययन गर्ने रुचि पनि बढेकाले त्यसको अध्ययनसमेत गरेका छन् । सिर्जनात्मक हजुरआमाले स्वर खोलेर गाएका रामायण, महाभारत र शाकुन्तलका श्लोक ध्यान दिएर सुन्ने उनको रुचि थियो । पण्डित परिवारमा हुर्केका उनलाई धार्मिक पुस्तक गीता, चण्डी कण्ठस्थ थियो । भागवतका श्लोक पढ्ने रुचि पनि थियो । उनले सानोमा ज्योतिष सिकेका थिएनन् पछि आएर ज्योतिष विद्या अध्ययन गर्ने रुचि पनि बढेकाले त्यसको अध्ययनसमेत गरेका छन् । सिर्जनात्मक लेखहरू पढ्ने सुन्ने रुचि उनको पाइन्छ । पुस्तकालयमा अध्ययन गर्ने, नाटक खेल्ने, हेर्ने, समेत उनको रुचि पाइन्छ । जहिल्यै साकाहारी खाना खान रुचाउने, धार्मिक कट्टरता नदेखाउने, आन्तरिक शुद्धिलाई मनपराउने, संस्कृति सभ्यताका नाममा झुट्टा कुरा पटक्कै नस्वीकार्ने जस्तैः उनले २०५९ साल असोजमा पिताजीको निधन भएपश्चात अस्तु सेलाउन गङ्गाजी लैजाने सवालमा विरोध जनाई नेपालकै नदीनालामा सेलाउने ढिपी गरेका थिए । तास खेल्न मनपराउने, राष्ट्र स्तरका सम्पूर्ण लेखकहरूका कृतिहरू भएको पुस्तकालय इलाम जिल्लामा नै खोल्ने रुचि रहेको भए पनि इच्छा पूरा नभएको बुझिन्छ । कुनै कृति मीठास भएमा मात्र अध्ययन गर्ने नत्र बीचमा नै छोड्ने कुनै घटनाले छुनासाथ दिन रात नभनी कविता कोर्ने, लेखेको कृति जसरी भए पनि छपाएरै छोड्ने, बरु प्रकाशन गर्न सकिँदैन भने लेखनलाई नै नियन्त्रण गर्ने अनौठो रूचि पाइन्छ । प्रत्येक नवरात्रमा चण्डीपाठ गर्न रूचाउने, मठमन्दिरमा ज्यादै श्रद्धा भावना राख्ने, सफाइमा निर्लिप्त भएर ध्यान नदिने, आफूले गर्नुपर्ने काम भए मुख नधोई खाना खाने, कसैले खिल्ली उडाएमा ठट्टामा उडाउने, दिल खोलेर हाँस्दा केही शक्ति प्राप्त हुन्छ भन्ने अक्षरशः पत्याउने स्वभाव उनको पाइन्छ ।

---

५८, ऐजन

## २.११. साहित्यिक लेखन, प्रेरणा र प्रभाव

[५९]संस्कृत अध्ययन गरेर नै पण्डित बनेका बुबा भएकाले घरमा धार्मिक ग्रन्थहरूका बारेमा चर्चा परिचर्चा, भागवत, कृष्णचरित्र आदिका श्लोकहरू लयवद्ध वाचन हुने गरेको र घरधन्दा गर्ने क्रममा आमा काकीबाट शाकुन्तलाका श्लोकहरू मीठो स्वरमा गाउने वातावरणले कृष्णप्रसाद रिजाललाई आफूले पनि यस्तै श्लोकहरू रचना गर्न सके हुन्थ्यो भन्ने मनमा लाग्थ्यो । यसले विशेष उनमा छन्दका कविता सिर्जना गर्नमा प्रभाव पारेको पाइन्छ । कृष्णप्रसाद रिजाल सानो हुँदा फुपाजु पं चक्रपाणी पौडेलले निम्न भाव व्यक्त भएको

“नानि कृष्ण तिमी सर्गवित बनी,उद्योगशाला यहाँ
बोकी आयुध लम्कनु तिमी सदाउद्योगका धर्तीमा” ।

कवितामा चिट्ठी लेखिएको हुन्थ्यो त्यसले उनमा कविताप्रति मोह जागेको पाइन्छ । विद्यालयको साहित्यिक गोष्ठीमा भाग लिने रहरले पहिलो कविता दाजु गोपीकृष्णलाई लेखाएर वाचन गर्दा धरणीधरको कविता भएकाले सबै हाँसेपछि कवि बनेरै छोड्ने अठोट लिनु, बाहुनडाँगी तेलपानी डाँडा झापाका नारदमनि निरौलाले छन्दको ज्ञान दिएकाले कविता सिर्जनामा अझ प्रोत्साहन तथा प्रेरणा मिलेको पाइन्छ । आफू पछिकी बहिनी बिन्दा १२ वर्षकी भएपछि निधन भएकाले अर्न्तमुखी बनेका, एस्.एल्.सी. बिग्रिएर पछि झन् अन्तर्मुखी बनेका रिजालले गाईवस्तु चराउने कामले अझ कविता फुर्ने प्रेरणा मिलेको पाइन्छ । यसबाट चौँतीसओटा कविता बनाएका कृष्णप्रसादले पत्रकार मदनमणि ढकाल, सम्पादक गोपीकृष्ण खनाल र मित्रमणि ढकालको प्रेरणा तथा नेपाल परिवारको सहुलियतस्वरूप उहाँहरूकै छापाखानाबाट कवितासङ्ग्रह प्रकाशित गरेका यसकारणबाट उनमा अझ उत्साह थपिएको पाइन्छ । गाउँका भगवती नेपाल, पार्वती नेपाल भाउजुले भौतारिदै काठमाडौँ पुगेको अवसरमा साथ दिएर, कवि कृष्णभूषण बलसँग, कलाकार मुकेशमल्ल, नाटकार अशेष मल्ल, विष्णुविभूसँगको साथमा छोड्नु, सर्वनाम नाट्य समूहका अशेष मल्लको नाटक सडकदेखि सडकसम्म, तुवाँलोले ढाकेको बस्ती आदि सडक नाटकमा कलाकारका रूपमा राष्ट्रिय सभागृह, अमृत साइन्स कलेज पद्मकन्या कलेज बागबजारमा खेल्ने अवसर पाउनु, उनीहरूकै प्रेरणास्वरूप मेरो फूलबारी नामक दोस्रो लघुकाव्य प्रकाशित भएको पाइन्छ । राष्ट्रकवि माधव घिमिरे, कालीप्रसाद रिजाल,तारानाथ शर्मा, घट्टराज भट्टराई, माधव भँडारी, बुद्धि घिमिरे, कृष्णधराबासी, खेमराज केशवशरण जस्ता व्यक्तित्वको साथ र प्रेरणा, राजनैतिक

---

५९,ओमनाथ अधिकारीबाट प्राप्त जानकारी ।

वितृष्णालाई पनि साहित्यिक सिर्जनामा लगाउने कृष्णप्रसाद रिजालमा यसको प्रभाव र प्रेरणा भएको बुझिन्छ । भने पछिल्ला समयका उनका कविताहरूमा दाम्पत्य जीवनको विछोड्लाई सिर्जनाको विषय बनाई दुवैसँग सम्बद्ध कविताहरू लेख्दै छपाउँदै गरेको पाइन्छ ।

## २.१२ प्रथम रचना र प्रकाशित पुस्तककार कृतिहरू

कविता लेखन कार्यमा चौध पन्ध्र वर्षबाट नै सुरु गरेको भए पनि एस्.एल्.सी. बिग्रिएर घरमा बसेको बेला जङ्गलमा गाईवस्तु चराउँदै लेखेको कविता मात्र प्राप्त भएकाले उनको प्रथम रचना 'स्वागत नयाँ वर्षको' कविता हो । [६०]

## २.१३ प्रकाशित कृतिहरूको सङ्क्षिप्त सूची

| क्र.सं. | कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | सम्झना (कवितासङ्ग्रह) | कविता | २०३८ |
| २. | मेरो फूलबारी (लघुकाव्य) | कविता | २०४० |
| ३. | विश्वशान्ति (खण्डकाव्य) | कविता | २०४५ |
| ४. | फिक्कलदेखि सन्दकपुरसम्म | निबन्ध | २०५४ |
| ५. | इन्द्रेणी | उपन्यास | २०५४ |
| ६. | घण्टी डाँडामा बहिनी पाथीभरा | साहित्येत्तर | २०५५ |
| ७. | मदन-आश्रितको खोजीमा (खण्डकाव्य) | कविता | २०५६ |
| ८. | रिजालका केही कविताहरू कवितासङ्ग्रह | कविता | २०६१ |
| ९. | पण्डित गजाधर देवीप्रसाद भट्टराई स्मृतिग्रन्थ (भाग-१) | सङ्कलन | २०६५ |
| १०. | प्रजापति उपाध्यय स्मृतिग्रन्थ | सङ्कलन | २०६६ |
| ११. | पण्डित गजाधर देवीप्रसाद भट्टराई स्मृतिग्रन्थ (भाग-२) | सङ्कलन | २०६६ |
| १२. | पण्डित तुलसीराम पोखरेल स्मृतिग्रन्थ | संयोजन/सहसम्पादन | २०६७ |

कविका अन्य फुटकर कविताहरुमा पानको पात (२०४०) र स्कूस (२०५९) शीर्षकका कविताहरु पनि पाउन सकिन्छ । त्यस्तै २०५२ सालमा बाँदर नाच भाग १ र २०५४ सालमा भाग २ गरी ३० श्लोकको (पत्रिका आकारको) प्रकासित गरेका छन ।

## २.१४ पुरस्कार तथा सम्मान

कृष्णप्रसाद रिजालले साहित्य क्षेत्रमा संलग्न भएर पुरस्कार प्राप्त गरेका छन् । ती पुरस्कारहरू राष्ट्रिय स्तरका, क्षेत्रीय स्तरका र जिल्ला स्तरका रहेका छन् । कृष्ण रिजालले प्राप्त गरेका प्रमुख पुरस्कारहरू तथा सम्मान प्राप्त भएबमोजिम निम्नानुसार छन्ः

६० शोधनायकबाट प्राप्त जानकारी ।

१. पशुपति बहुमुखी क्याम्पस चावहिलले आयोजना गरेको कविता गोष्ठीमा द्वितीय पुरस्कार प्राप्त,

२. पशुपति बहुमुखी क्याम्पस, चावहिलले आयोजना गरेको उपत्यकाव्यापी निबन्ध प्रतियोगिता २०४३ मा कास्यपदक प्राप्त,

३. २०५१ सालको मोती जयन्तीको अवसरमा आयोजित २०५१ सालको खुल्ला कवि गोष्ठीमा प्रथम पुरस्कार प्राप्त,

४. पत्रकारिता प्रशंसापत्र – २०५४, क्षेत्रीय मिडिया केन्द्र विराटनगर र  कञ्चन सामुदायिक सतह सिँचाइ आयेजना गोर्खे २ रूपाटार,

## २.१५. जीवन र साहित्यसम्बन्धी धारणा

कृष्णप्रसाद रिजालले जीवनलाई एउटा ईश्वरीय बरदान ठानेका छन् र जीवनशैली आ-आफ्नो पाराको र आफूलाई अनुकूल हुने गरी चलाउन सक्नुपर्छ भन्ने धारणा व्यक्त गर्दछन् ।

साहित्य भन्नाले समाज, व्यक्ति र नीतिको त्रिकोणात्मक सम्बन्धले सिर्जना गरिनु पर्छ । कुनै न कुनै रचना वा कवितालाई लेखकले एउटा स्पष्ट धारणा बोकेको र मौलिकतामा सिर्जिएको हुनुपर्छ ।

आज भोलिका कविताहरू प्रायः ठाडो पार्दा कविता र तेस्रो पार्दा निबन्ध हुने हुनु हुँदैन । छन्दोबद्ध कवितालाई उनी पुरानो शास्त्रीय झमेलापूर्ण ठान्दैनन् किनभने त्यो त छन्दको मर्म नबुझेर र शब्दभण्डारको कमीले अप्ठ्यारो जस्तो ठानिने हुन्छ, वास्तवमा छन्दोबद्ध कविता रचना गर्दा सम्पूर्ण चराचर जगत बिर्सिएर गर्न सकिन्छ । त्यहाँ गण, सङ्केत, हस्व, दीर्घको ख्याल गर्नु पर्दा अन्त्यानुप्रास मिलाउन खोज्दा आफूलाई नै बिर्सने एउटा रोमाञ्चकारी नशा नै बन्न सक्दछ ।

छन्दोबद्ध कविता यस अर्थमा गद्यपूर्ण स्वरूपमा अस्वीकार्य विषय भने पटक्कै होइन तर गद्य लेखनमा भावना फरक हुन्छ, विचार देखिन्छ ।[६१]

## निष्कर्ष

कृष्णप्रसाद रिजालको पचासवर्षे जीवनयात्रा केही सुखमय, बढी जटिल तथा सङ्घर्षशील वातावरणमा घुलमिल भई बितेको छ । बाइस वर्षदेखि साहित्य सिर्जनामा लागेका

६१.शोधनायकबाट लिखित जानकारी ।

कृष्णप्रसाद रिजालले आजसम्म पनि निरन्तरता दिँदै झन् नयाँनयाँ क्षेत्रमा संलग्न हुँदै आएको देखिन्छ । हाल आएर फुटकर कविता, अन्य संग्रहमा नलागी अध्ययनमूलक एवं शोधमूलक स्मृतिग्रन्थको संयोजन र सम्पादज कार्यमा लागेको पाइन्छ ।

## २.१६ कृष्णप्रसाद रिजालको व्यक्तित्व

### २.१६.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो । यसमा व्यक्ति विशेषको निजीपनका साथै व्यक्तिले अरुलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषतासमेत पाइन्छ । व्यक्तित्व निर्माणमा व्यक्ति जीवनका विभिन्न पक्षको भूमिका हुन्छ । जीवन बेहोर्ने क्रममा आएका दुःख र सुखका विविध आरोह-अवरोह तथा सम्बन्धित व्यक्तिको समाज, परिवार, शिक्षादीक्षा वातावरण, परिवेश आदि नै व्यक्तित्व निर्माणका प्रमुख तत्वहरू हुन् । परिस्थिति अनुकूल चल्न सक्ने व्यक्ति भित्रको निहित प्रतिभा नै व्यक्तित्व हो । अर्को शब्दमा व्यक्तित्वको अर्थ आन्तरिक स्वरूपलाई दृढ गराउनु हो । यसकारण व्यक्तिको अनुभव, ज्ञान, आस्था, झुकाउ, शिक्षादीक्षा, मूल प्रवृत्ति आदिको समूहलाई व्यक्तित्व भनिन्छ । एउटा साहित्य र समाजप्रति समर्पित व्यक्तिको स्वाभाविक गुणले उसको निजी व्यक्तित्व निर्माण हुन्छ भन्ने सामाजिक कार्यहरूले उसको सार्वजनिक व्यक्तित्वको निर्माण हुन्छ । कृष्णप्रसादमा पनि यस्तै एक सिर्जनशील व्यक्तित्व देखापर्दछ । उनले जीवनको अधिकांश समय समाजसेवा, राजनीति, साहित्य, धार्मिक तथा सांस्कृतिक गतिविधिमा संलग्न रही आफ्नो व्यक्तित्व निर्माण गरेका छन् ।  यस अध्ययनमा कृष्णप्रसाद रिजालको बहुआयामिक व्यक्तित्वको अध्ययन गरिन्छ ।

### २.१६.२. बाह्य व्यक्तित्व

व्यक्तिको निजी जीवनसँग सरोकार राख्ने कुराहरूने बाह्य व्यक्तित्वले प्रतिनिधित्व गर्दछ । जस्तो कुनै व्यक्तिको उचाइ, मोटाइ, आकार, रूप प्रवृत्ति, बानी, रुचि आदि । शारीरिक संरचनाका दृष्टिले कृष्णप्रसाद रिजाल ५ फिट २ इन्च अग्ला, स्वस्थ्य शरीर भएका उच्च निधार, श्यामवर्णको लामो गोलो मुखमण्डल कालो केश भएकाले सामान्य व्यक्तित्वको सूचना गर्दछ । पोसाकमा उनी कहिले कुर्ता सुरुवाल कहिले पाइन्ट सर्ट कोट लगाउँछन् । उनी अर्धवैँशे पुरुषको रूपमा प्रायः उनी घरबस्दा र हिडडुल गर्दा एउटै लुगा लगाउँछन् यो उनको फरक विशेषता हो ।

उल्लिखित बाह्य रूपका अतिरिक्त कृष्णप्रसाद रिजाल विचार र विद्वत्तामा सामान्य देखिन्छन् । उनी साथीभाइसँग सरल, स्वाभिमानी र सहयोगी प्रकृतिको व्यवहार गर्दछन् । उनी स्वाभाविक बोली

मिठासयुक्त सौर्हाद्र तथा नम्र, सरल व्यवहार भएका व्यक्ति भए पनि उनको श्रीमतीसँगको व्यवहार फरक भएको देखिन्छ । उनी देशप्रेमका पक्षमा बोल्छन् र लेख्छन् ।

व्यावहारिक हण्डर खाएर अध्ययन गरेर उनले अनुभव बटुलेका देखिन्छन् । गफगाफ भेटघाट संस्कृति साहित्य तथा राजनीतिलगायत सामान्य व्यवहार जस्ता विषयमा चर्चा परिचर्चा गर्दछन् भने फुर्सदमा चाखलाग्दा कृतिहरू पढ्छन् । यसरी उनको स्वस्थ्य शरीर सामान्य पोसाकले बाह्य व्यक्तित्वको निर्माण भएको छ भने परिश्रमी, लगनशील, सहयोगी प्रवृत्ति तथा बौद्धिकताले आन्तारिक व्यक्तित्वको निर्माण भएको छ ।

### २.१६.३. आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भित्र व्यक्तित्वका विविध रूपमा कुनै पनि व्यक्तिलाई हेर्ने गरिन्छ । जीवनको यात्राका क्रममा एउटा व्यक्तिले आफ्ना व्यक्तित्वहरू प्रस्तुत गर्न सक्छ । कुनै पनि मानिसको भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात तथा क्रियाप्रतिक्रियाले व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका साथै व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश पारिवारिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक स्थिति, रुचि, पेसा शिक्षा-दीक्षा आदिले उल्लेख्य सहयोग पुर्‍याएको हुन्छ ।[६२] कृष्णप्रसाद रिजालको व्यक्तित्वमा पनि उल्लिखित कुराहरूको प्रभाव परेको देखिन्छ । कृष्णप्रसाद रिजालको सम्पूर्ण जीवनभित्र निम्न व्यक्तित्वहरू देखा पर्दछन् । ती व्यक्तित्वहरू साहित्यकार व्यक्तित्व, राजनैतिक व्यक्तित्व, धार्मिक सांस्कृतिक व्यक्तित्व, सामाजिक **व्यक्तित्व, सङ्ग्रहकर्ता व्यक्तित्व आदि छन् ।**

### २.१६.४. साहित्यकार व्यक्तित्व

साहित्यकार व्यक्तित्व भनेको साहित्यसँग सम्बन्ध राख्ने व्यक्तित्व हो भन्ने बुझिन्छ । उनी उपयुक्त पृष्ठभूमिमा आफ्ना उत्कृष्ट प्रतिभाका कारण २२ वर्षको उमेरमा कवितासङ्ग्रह निकालेर साहित्य सिर्जनाको क्षेत्रमा देखापरेका हुन् । वि.सं. २०३८ सालमा 'सम्झना' कवितासङ्ग्रह विश्वदीप मुद्राणालय प्रा.लि. विर्तामोड झापाबाट प्रकाशित गरेपछि औपचारिक रूपबाट साहित्यका क्षेत्रमा देखापरेका रिजालले विभिन्न विधामा कलम चलाए पनि पहिलो प्रकाशित तथा बढी उर्बर कविता विधा नै देखिन्छ । नेपाली साहित्यका गद्य तथा पद्य दुवै विधामा कलम चलाएकाले उनको महत्वपूर्ण योगदान रहेको छ । उनका एक लघुकाव्य, दुई
खण्डकाव्य, तीन कवितासङ्ग्रह एक नियात्रा, एक उपन्यास, एक तीर्थस्थल वर्णन र तीन

---

६२, बालकृष्ण शर्मा, होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व, (काठमाण्डौं, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ त्रि . वि .२०५६) पृ.३२ ।

सङ्कलित तथा संयोजन कृतिहरू प्रकाशित भएका छन् । यी अधिकांश रचनाहरूलाई ध्यानमा राखेर कृष्णप्रसाद रिजालको साहित्यिक व्यक्तित्वको सारांशमा निम्न लिखित शीर्षकहरूअन्तर्गत अध्ययन गरिन्छ ।

## २.१६.५. कवि व्यक्तित्व

कवि व्यक्तित्व कृष्णप्रसाद रिजालको सबैभन्दा उत्कृष्ट र महत्वपूर्ण व्यक्तित्व हो । उनले बाइस वर्षको क्षणमा गाईबाखा चराउँदै चौँतिसओटा कविताको सङ्ग्रह 'सम्झना' प्रकाशित गरेका थिए । कृष्णप्रसाद रिजालको अर्को कवितात्मक कृति मेरो फूलबारी हो । सडक नाटककारहरूसँग बस्दा १०८ श्लोकको लघुकाव्य रचना गरी २०४० सालमा समता छापाखाना पुतली सडक काठमाडौँमा मुद्रण भएको लेखक आफैँले प्रकाशित गरेका थिए । उनको पहिलो खण्डकाव्यात्मक कृति 'विश्वशान्ति' २०४५ सालमा विश्वशान्तिको कामना गर्दै प्रकाशित गरिएको थियो ।। तेह्रौ वी.पी. स्मृति २०५४ सालमा बाँदर नाच भाग १ र २ गरी ३० श्लोकको (पत्रिका) आकारमा प्रकाशित गरेका छन् । राजनीतिको विकृति, विसङ्गतिको अन्त्य र सुधारको चाहना राख्दै उक्त रचना प्रकाशित गरिएको थियो । त्यसपछि नेपाली कांग्रेसप्रति वितृष्णा देखाइ मार्क्सवादी लेनिनवादी पार्टीतर्फ गएपछि मदनआश्रितको खोजीमा खण्डकाव्य २०५६ सालमा प्रकाशित गरेका छन् । मदन-आश्रितको रहस्यमय निधनको रहस्य आजसम्म उजागर हुन नसकेको विसङ्गतिपूर्ण अवस्था उक्त खण्डकाव्यको विषय रहेको छ । कृष्णप्रसाद रिजालले २०६१ साल वैशाखमा 'रिजालका' केही कविताहरू भन्ने कविता सङ्ग्रहमा प्रकाशित गरेको छन् । जसमा पाँचओटा कविताहरू रहेको देखिन्छ ।

जीवनका आरोहलाई चित्रित गर्दै दाम्पत्य जीवनको विछोड एकालापीय शैलीमा, व्यञ्जना एवम् अभिधा दुई अर्थ घोतन हुने प्रकृतिपरक, देशभक्तिमूलक भावना, प्रकृतिप्रेम र प्रकृतिप्रतिको समर्पण जस्ता विषय नै उनका कवितामा विषयवस्तु रहेका छन् । कतिपय कवितामा कविका जीवनका आरोह अवरोह तथा संवेगले कविताको रूप लिएको देखिन्छ । उनका कवितामा नेपाली युवामा पाइने सकारात्मक धारणाले वर्चस्व लिएको पाइन्छ । उनका कतिपय कवितामा आँशुकवित्व, राष्ट्रियता, त्रान्तिकारी चेत समेत पाइन्छ । प्रायश. कविताहरु छन्दमा लेखी छन्दमा रमाउने कवि हुन । राजनैतिक विषमता, राजनेतामा भएको दाउपेच, वेमेल परिस्थिति आदिबारे तिखो व्यङ्ग्य गरेका छन् । यसरी कृष्णप्रसाद रिजालले आफ्नो अट्ठाईसवर्षे लामो साहित्यिक यात्रामा प्रतिभाशाली एक कविका रूपमा अलग पहिचान कायम गरेका छन् ।

## २.१६.६. उपन्यासकार व्यक्तित्व

साहित्यकार कृष्णप्रसाद रिजालले अट्ठाईसवर्षे लामो साहित्यिक यात्रा पार गरिसकेका छन् भने उपन्यासका क्षेत्रमा साहित्यिक यात्राको सोह्रवर्षपछि देखापरेका भए पनि यसको लेखनको पृष्ठभूमि भने विभिन्न कथा तथा लेखहरू भने लेख्ने गरेका कारण वि.सं. २०५४ सालमा 'इन्द्रेणी' उपन्यास लिएर देखा परेका हुन् । साई छापाखाना शनिश्चरे रोड विर्तामोड झापामा मुद्रण गरिएको उक्त उपन्यासलाई लेखक आफैँले प्रकाशित गरेका हुन् । एकातिर अनुराधाको यौन चाहनाको दहमा चुर्लुम्म डुब्न पुगिन्छ भने अर्कोतर्फ दहेज प्रथा जस्तो ज्वलन्त समस्यालाई पनि उजागर गरेको भेटिन्छ । यस उपन्यासले विद्यमान छुवाछुत, जातपातको अन्त्यको आह्वान समेत गरेको छ । वास्तविक घटनामा आधारित भनिएको यस उपन्यासमा समाजको स्वच्छन्दता बढ्नुको जिम्मा मुलुककै राजनैतिक, आर्थिक तथा सामाजिक व्यवस्थाले भूमिका निर्भर गरेको हुन्छ भन्ने कुरालाई नलुकाई प्रष्ट पारेका छन् । झट्ट पढ्दा एकदम अश्लील देखिने भए पनि यसले दिने प्रकृतिवादी सन्देशले यो उपन्यासको स्थान अलग्गै र महत्वपूर्ण देखिन्छ ।

## २.१६.७. निबन्धकार व्यक्तित्व

कृष्णप्रसाद रिजालको साहित्यिक व्यक्तित्वको अर्को परिचय उनको निबन्धकार व्यक्तित्वले दिन्छ । उनी साँनो छँदा कविता लेख्ने रुचि बढी भए पनि पछि निबन्ध विधातर्फ पनि आकर्षित भएको देखिन्छ । काठमाडौं पशुपति क्याम्पसमा आई.ए. अध्ययन गर्दै गरेको अवसरमा उपत्यका व्यापी निबन्ध प्रतियोगिता २०४३ मा तेस्रो (काश्यपदक) पुरस्कार हात पारेका थिए । त्यसको एघार वर्षपछि २०५४ सालमा 'फिक्कलदेखि सन्दकपुरसम्म' यात्रा वृतान्तलाई नेपाल स्वावलम्बन तथा सामुदायिक ग्रामीण विकास केन्द्र काठमाणैंले प्रकाशित गरेको थियो । उक्त यात्रा निबन्धले नियात्रा निबन्ध परम्परालाई अगाडि बढाएको देखिन्छ भने फिक्कलदेखि सन्दकपुरसम्म यात्रा गर्दा यहाँ बीचका दर्शनीय ठाउँहरूको रोमाञ्चक वर्णन भएको छ ।

## २.१६.८ संकलक र सम्पादक व्यक्तित्व

कृष्णप्रसाद रिजालले विभिन्न पुस्तकहरूको सङ्कलन, सम्पादन गरेर धेरैबाट प्रशंसा पाएको देखिन्छ । इलाम जिल्लामा रहेको पाथीभरा देवीको उत्पतिको विषयलाई यथातथ्य जानकारी गराउनु महत्वपूर्ण प्रयास गरेका छन् । यो घण्टी डाँडामा बहिनी पाथीभरा भन्ने पुस्तकको तयारी गर्न कोल्बुङ्ग भालुझोडा, लसुने, हाँसपोखरी, कुटीडाँडा, मार्से, चामेटार आदिका घनिष्ट व्यक्तिहरूका प्रत्यक्ष अनुभवहरुको विवरण सङ्कलन सम्पादन गरेका छन् । उक्त पुस्तकलाई वि.सं. २०५५ सालमा माँ पञ्चकन्या प्रिन्टिङ्गप्रेस फिक्कल बजारले प्रकाशित गरेको पाइन्छ । इलाम जिल्ला

जमूनाका प्रतिष्ठित समाजसेवी पं गजाधर देवीप्रसादलाई नजिकबाट ठम्याउने व्यक्तिहरूको लेखकहरू सङ्कलन तथा सम्पादन गर्न रिजाललाई जिम्मा भट्टराई परिवारले लगाएका र उक्त कार्य मेहनतसाथ सम्पन्न भएकाले वि.सं. २०६५ सालमा गजाधर-देवीप्रसाद स्मृतिग्रन्थ प्रकाशित भएको उल्लेख भूमिका लेखमा प्राप्त भएको छ । धेरैबाट प्रशंसापाएका रिजालले इलाम जिल्लाको फिक्कल बरबोटेका प्रजापति उपाध्याय स्मृतिग्रन्थ तयारीका लागि लेखहरू सङ्कलन गर्ने जिम्मा पाए । अथक प्रयासको फलस्वरूप उक्त गन्थका लागि लेखहरूको सङ्कलन कार्य समाप्त भएपछि वि.सं. २०६६ सालमा उक्त ग्रन्थको प्रकाशन उपाध्याय परिवारले गरेको भेटिन्छ । यी माथिका दुवै ग्रन्थमा रिजालका एकएक अनुसन्धानात्मक लेखहरू पनि समावेश छन् । त्यस्तै २०६५ सालमा प्रकाशित भएको कृष्णकुमारी-मनोरथ नेपाल स्मृतिग्रन्थमा पनि रिजालको एउटा अनुसन्धानात्मक लेख प्रकाशित भे्टिन्छ ।

भट्टराई परिवारले पुनः गजाधर-देवीप्रसाद स्मृतिग्रन्थको दोस्रो भाग प्रकाशन गर्न लेखहरूको सङ्कलन गर्ने जिम्मा रिजाललाई नै दिएका र उक्तकार्यको सफलतासाथ उनले सम्पन्न गरेकोले भूमिका लेखनमा प्रशंसा गर्दै भट्टराई परिवारले वि.सं. २०६६ सालमा गजाधर-देवीप्रसाद स्मृतिग्रन्थको प्रकाशन गरेका छन् ।

रिजालद्वारा सङ्कलित स्मृतिग्रन्थहरूको सङ्ख्या ठूलो भएको जानकारी पाइन्छ । कृष्णप्रसाद रिजालको अतुलनीय योगदान शीर्षक दिएर डा. तारानाथ शर्माबाट हस्तलिखित प्राप्त भएको लेखलाई परिशिष्टमा राखिएको छ ।

यसरी यसअगाडि अस्थिर देखिने रिजाल स्मृतिग्रन्थको सङ्कलन सम्पादन गर्नमा लगनशील भएरलागेकाले उनमा आएको परिपक्कताको पहिचान हो भन्न सकिन्छ ।

## २.१६.८. राजनैतिक व्यक्तित्व

कृष्णप्रसाद रिजालको परिवार खास राजनैतिक चासो नराख्ने परिवारको रूपमा रहेपनि वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात सामान्यतः एउटा पार्टीको समर्थन गर्ने क्रममा उनको परिवार पछि नेपाली कांग्रेसको समर्थन गर्दथ्यो । त्यपछि राजनीतिले सबैलाई सक्रिय बनाए जस्तै उनलाई पनि इलाम नगरपालिका निवासी तोयानाथ भट्टराईको प्रभावले नेपाली काँग्रेस तर्फको इलाम क्षेत्र नं.एकको कार्यालय सचिव रहेका कृष्णप्रसाद रिजाल २०५६ सालपछि संसदको उम्मेद्वार चयन गर्ने विषयमा चित्त नबुझेर बिरोध जनाई पार्टी नै परित्याग गरी नेपाल कम्युनिष्ट पार्टी एकिकृत मार्क्सवादी लेनिनवादीको समर्थन गरेको पाइन्छ । २०४६ साल अगाडिका उनका रचनामा

राजारानीको स्तुति गरिएको भेटिन्छ । काँग्रेसमा रहँदा पार्टीको केन्द्रमा सुधारको चाहना गर्दै बाँदर नाच भाग १ र २ पत्रिकाकारको हास्यव्यङ्ग्य ३० श्लोकमा रचना गरेको पाइन्छ । त्यसको केही पछाडि २०५६ सालमा राजनैतिक व्यक्तित्व कमरेड मदन-आश्रितको रहस्यमय निधन यथार्थ जानकारी नभएको प्रति सङकेत गर्दै त्यसको यथातथ्य विवरण लिन छोरीहरूलाई .................... उत्प्रेरणा समेत प्रदान गरिएको छ ।

## २.१६.९ धार्मिक,सामाजिक तथा साँस्कृतिक व्यक्तित्व

कृष्णप्रसाद रिजाल पण्डित परिवारमा जन्मिएका हुनाले धार्मिक प्रेरणाको स्रोत परिवार नै बनेको भेटिन्छ । कृष्णप्रसाद रिजाल धार्मिक कट्टरपन नदेखाउने भएता पनि घर-परिवार समाजमा आयोजना गरिने धार्मिक कार्यक्रमहरूमा संलग्न हुने गर्दछन् । हिन्दूहरूको महानचाड दशैंको नवरथामा प्रत्येक वर्ष आफ्फै चण्डी पाठ गर्ने गरेको पाइन्छ । आफ्नो देशमा भएका मठ मन्दिरप्रति अति श्रद्धाको भाव व्यक्त गरेको पाइन्छ । इलामको फिक्कल छ मा गीता पाठशाला खोलेर केही समय धार्मिक प्रचार गरेको पाइन्छ, त्यस्तै कृष्ण प्रणामी मन्दिरमा धेरै पटक प्रवचन गर्ने गरेको पनि पाइन्छ । ज्योतिष विद्या अध्ययन गरेका रिजालले महिला पुरुष दुवैको सहभागी होस् भन्ने उद्देश्य राखेर दुई महिना ज्योतिष विद्याको प्रशिक्षण कार्यक्रम समेत सञ्चालन गरेको पाइन्छ । काठमाडौँको बसाइको अवसरमा स्कोनको नियम आचरण पालना गरी बसेका रिजाल इलाम फिक्कल ६ मा ओसिड नेपाल अन्तर्गतको सामाजिक संस्थाका अध्यक्ष बनेर, गरिब अनाथ, बालबालिकाहरूलाई छात्रबृत्ति वितरण, वृक्षारोपण तथा बजार सफाईमा समेत संलग्न बनेको पाइन्छ । यहाँ धार्मिक तथा सांस्कृतिक आस्थाकै कारण उनले 'घण्टीडाँडामा बहिनी पाथीभारा' र 'फिक्कल देखि सन्दकपुरसम्म' दुई पुस्तकको प्रकाशन गरेका छन् । कृष्णप्रसाद रिजालका अन्य भन्दा फरक विशेषता पनि भेटिन्छ । उनी दुलाहा, दुलही दुवै पक्षको विवाहको निम्ता मान्न जाँदा गोड्धुवा स्वरुप उनीहरूको विशेषता र दाम्पत्य जीवनको सफलताको कामना गरिएका कविताको उपहार दिन्छन् । जमुना निवासी लता र शिशिरको विवाहमा यस्तो उपहार दिएका थिए, एकटुक्रा उदाहरणः

"लता शिशिरमा उस्तै वसन्तमा भावना
फैलदै फर्क्दै जाओस् यो हाम्रो शुभकामना

# तेस्रो परिच्छेद

## कृष्णप्रसाद रिजालको साहित्यिक यात्रा

### ३.१ कृष्णप्रसाद रिजालको साहित्यिक यात्रा र चरण विभाजन

### ३.१.१ साहित्यिक यात्रा

विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक गतिविधिमा सक्रिय रूपमा सहभागी हुँदै आएका कृष्णप्रसाद रिजाल वि.सं. २०३८ सालमा 'सम्झना' कविता सङ्ग्रहको प्रकाशन गरेपछि मात्र औपचारिक रूपमा कविताका क्षेत्रमा देखा परेका हुन् । रिजाल हालसम्म पनि साहित्य साधनामा नै तल्लीन छन् । जति पछि गयो उनी फरक-फरक क्षेत्रमा देखा पर्दै गइ रहेका छन् । कविता विधाबाट कलम चलाउन सुरु गरेका रिजालले उपन्यास निबन्ध तथा स्मृतिग्रन्थहरूको सङ्कलन, सम्पादनमा आफूलाई व्यस्त बनाएको देखिन्छ । उनको सफल कवि, उपन्यासकार तथा सङ्कलनकर्ता तथा सम्पादकका रूपमा आफ्नो छुट्टै परिचय भएको कुरा स्पष्ट छ । यस शीर्षकअन्तर्गत अट्ठाईस वर्षको रिजालको साहित्यिक यात्राको विश्लेषणका साथै साहित्यिक यात्राको निरूपण गरिएको छ ।

### ३.२.१ कविताको विकासक्रमको सन्दर्भमा कृष्णप्रसाद रिजालको उपस्थिति

नेपाली कविताको लेखन परम्परा वीरगाथादेखि नै उठान भएको देखिन्छ । यस समयको कविता लेखन परम्परालाई वीरधारा भनेर नामकरण गरेको पाइन्छ । यसपछि भक्ति धारालाई अँगाल्दै काव्य सिर्जना गर्न थालियो । त्यसपछि सगुण-निर्गूण भक्ति परम्पराका चरण पार गर्दै माध्यमिककालीन शृङ्गारिक कविता लेखनमा अभ्यस्त बनेको पाइन्छ । पाश्चात्य साहित्यमा देखापरेका विविध वाद, प्रणालीमा आबद्ध भएर कविता सिर्जना गर्न तर्फ नेपाली स्रष्टाहरूको मन आकृष्ट भएपछि नेपाली कविता परम्परा आधुनिकता तर्फ लेखनाथ पौडेल मार्फत प्रवेश गर्छ । लेखनाथ पौडेलले परिष्कारवादलाई भित्र्याउने काम भएपछि स्वच्छन्दवाद, प्रगतिवाद, अस्तित्ववाद प्रयोगवाद जस्ता विविध वाद प्रणालीहरू स्थापित भई सकेका छन् भने अझ नव-नव लेखन तर्फ स्रस्टाहरू अग्रसर देखिन्छन् । यसरी हेर्दा कवि कृष्णप्रसाद रिजाल आधुनिककालमा देखापरेका एक मानवतावादी, प्रगतिवादी समसामयिक फाँटमा कविका रूपमा देखापर्दछन् । रिजालका कविता छन्दका नियममा बाँधिएका भए पनि आफुले देखेका भोगेका अनुभव गरेका समसामयिक विषयलाई टपक्क टिपेर प्रगतिवादी मान्यताका साथ प्रस्तुत गर्ने कविका रूपमा आधुनिक कविताको इतिहासमा कृष्णप्रसाद रिजालको उपस्थिति रहेको पाइन्छ ।

## ३.२.२ खण्डकाव्यको विकासक्रमको सन्दर्भमा कृष्णप्रसाद रिजालको उपस्थिति

नेपाली साहित्यको इतिहासमा माध्यमिककालको सुरुआत भएपछिमात्र खण्डकाव्यले स्पष्ट विधागत पहिचान लिएर आएको देखिन्छ । शास्त्रीय नियममा आबद्ध भएर खण्डकाव्यको लेखन गर्ने परम्पराको सुरूआत गर्ने लेखनाथ पौडेलबाट नै नेपाली खण्डकाव्यलाई आधुनिकता तर्फ प्रवेश गराएको पाइन्छ । लेखनाथले प्रारम्भ गरेको परम्परालाई भीमनिधि तिवारी, बालकृष्ण सम, महानन्द सापकोटा लगायतका सर्जकहरूले निरन्तरता दिइरहे । स्वच्छन्दवादको सुरू गर्ने लक्ष्मीप्रसाद देवकोटा पछिल्ला चरणका खण्डकाव्यमा प्रगतिवादी चेतनाले प्रवेश पायो । देवकोटाको निधन पश्चात् प्रयोगवाद देखा पर्‍यो । मोहन कोइरालाका खण्डकाव्यमा यस्तो प्रवृत्ति देखा पर्‍यो । नेपाली खण्डकाव्यको इतिहासमा वि.सं. २०३८ पछि समसामयिक धारा देखा पर्‍यो । यस धारामा खण्डकाव्य लेख्ने खण्डकाव्यकारहरू दिनेश अधिकारी, शरदकुमार राई आदि रहेका छन् । यसरी हेर्दा वर्तमान समयमा देखा परेका खण्डकाव्यकार कृष्णप्रसाद रिजाल समसामयिक विषयवस्तु, राष्ट्रबोध, मानवतावाद, वर्तमान जीवनजगत र युवा जीवनका झाँकीहरूलाई लिएर अगाडि बढेकाले समसामयिक धारा अगाडि बढाउने खण्डकाव्यात्मक व्यक्तित्वका रूपमा उपस्थित भएका छन् ।

## ३.३ चरण विभाजनको औचित्य र आधार

मानिसका साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरू आउँछन् । यस्ता मोड र घुम्तीहरूले स्रष्टाका सिर्जना र प्रवृत्तिमा परिवर्तन गर्न सक्छन् । ती मोडहरू देखिनाका विभिन्न कारणहरू पनि हुन सक्छन् । यसमा साहित्यकारको वरिपरिको वातावरण, जीवन भोगाईको महत्वपूर्ण भूमिका रहन्छ । प्रत्येक साहित्यकारका सुरुको अवस्था र प्रौढ अवस्थाका साहित्यिक दृष्टिकोणमा नै परिवर्तन पनि हुन सक्छ । रिजालको साहित्यिक चरण यस प्रकार रहेको छः

**३.३.१ प्रथम चरण**

**३.३.२ दोस्रो चरण**

**३.३.३ तेस्रो चरण**

### ३.३.१ प्रथम चरण ( वि.सं. २०३८-२०५४ सम्म )

कृष्णप्रसाद रिजालको कवितासङ्ग्रह 'सम्झना' को २०३८ सालमा प्रकाशनदेखि प्रथम चरणको सुरुआत भएको मान्न सकिन्छ । यस चरणमा रिजाल कविता विधामा नै केन्द्रित भएको देखिन्छ । उनको यस चरणको अरु कृतिहरू मेरो फूलबारी लघुकाव्य, 'विश्वशान्ति' खण्डकाव्य आदि

हुन् । यी सबै उनका कवितात्मक कृति हुन् । प्रथम चरणमा रचना गरेका सबै कृतिहरू पद्यमा नै रचना गरेको भेटिन्छ । उनको उदीयमान प्रतिभा प्रष्फुटित भएको उज्जवल भविष्यको सङ्केत प्रथम चरणमा नै देखिएको छ ।

### ३.३.२ दोस्रो चरण ( बि.स. २०५४-२०६५ सम्म )

कृष्णप्रसाद रिजालको 'इन्द्रेणी' उपन्यास २०५४ सालमा प्रकाशित भयो । यस कृतिको प्रकाशनसँगै गद्य विधातर्फ बढी आकर्षित भएको समेत देखिन्छ । यस चरणको दोस्रो सङ्कलित लेख 'घण्टी डाँडामा बहिनी पाथीभरा, गद्य खण्डकाव्य मदन-आश्रितको खोजीमा, सानो गद्यपद्यकै कविता सङ्ग्रह रिजालका केही कविताहरूसमेत प्रकाशित भेटिन्छ । गद्यात्मक लेखतर्फ बढी झुकाऊ भएका भए पनि पद्यमा भएको रिजालका केही कविता नै उत्कृष्ट देखिन्छ ।

### ३.३.३ तेस्रो चरण ( बि. स.२०६५-हालसम्म )

कृष्णप्रसाद रिजाल २०६५ सालपछि कविता उपन्यास भन्दा फरक स्मृति ग्रन्थ सङ्कलन तर्फ अग्रसर भएका र प्रकाशनसमेत भई सकेका हुनाले स्मृतिग्रन्थ लेखन तथा प्रकाशन पछाडिको समयमा उनको विधागत प्रवृतिमा परिवर्तन आएको हुनाले यस चरणलाई रिजालको तेस्रो चरणका रूपमा मान्न सकिन्छ । रिजालको साहित्यिक यात्राको क्रम अगाडि बढीरहेको हुँदा र अन्य आधारमा पनि विशिष्ट किसिमले चरण विभाजन गर्न सकिने राम्रो सम्भावना रहेको छ । यहाँ केवल विधागत आधारमा उनको साहित्यिक यात्राको चरण विभाजन गरी प्रथम चरण, दोस्रो चरण र तेस्रो चरणका प्रकाशित रचनाहरूको अध्ययन र विश्लेषण गरिएको छ ।[६३]

---

६३, शोधनायकबाट प्राप्त जानकारी

# चौथौ परिच्छेद

## कृतित्वको अध्ययन

## ४.१ कृष्णप्रसाद रिजालका काव्यात्मक कृतिको अध्ययन

### ४.१.१ कविका रूपमा कृष्णप्रसाद रिजाल

करिव तीन दशकअघिदेखि साहित्य साधनामा लागेका कवि कृष्णप्रसाद रिजाल हालसम्म निरन्तर रुपमा लागेको पाइन्छ । वि. स. २०६६ सालमा शोधार्थी सीतादेवी कट्टेल (बराल) बाट साहित्यकार कृष्णप्रसाद रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न भएतापनि साहित्यकार रिजालको पृथकरुपमा काव्यात्मक कृतिहरुको अध्ययन, मूल्याङ्कन र विश्लेषण भएको पाइदैन । अनवरतरुपमा मुख्यतया छन्दमा कविता लेख्न मन पराउने कवि रिजालको कवित्वको अध्ययन, विश्लेषण आजसम्म नहुनु उनीमाथि अन्याय नै हुन जाने भएकोले उनका कवित्वको क्रमश . अध्ययन , मूल्याङ्कन र विश्लेषण गर्दै जानु यस शोधकार्यको मुख्य ध्येय रहनेछ ।

'सम्झना' कवितासङ्ग्रहको २०३८ सालमा प्रकाशन गरेपछि औपचारिक कविता यात्राको प्रारम्भ गरेका रिजालको उक्त सङ्ग्रहमा ३४ ओटा कविताहरू रहेका छन् । कविताका गद्य र पद्य दुवै भेदमध्ये पद्यलाई बढी रूचाएका रिजालको 'सम्झना' कवितासङ्ग्रहमा ३३ ओटा पद्य कविताहरू रहेका छन् । उनका सबै कवितामा नेपाल आमाको सच्चा युवा सुपुत्रका जस्ता चाहना हुन्छन् । सम्झना कवितासङ्ग्रहको भूमिका लेखनको क्रममा साहित्यकार बुद्धि घिमिरेले छन्द योजना र व्याक्रणगत त्रुटि भेटिए पनि बाईसवर्षको उमेरअनुसार महत्वपूर्ण प्राप्ति भन्दै प्रशंसा व्यक्त गरेका छन् । ती नै देशभक्त, मानवता र कर्ममा लगनशीलताका स्वरहरूले विभिन्न स्वरूपमा प्रकट भएका छन् । उनी आफ्नो समाज सुधारका भावहरू प्रत्येक कवितामा पोख्दछन् ।

यसरी रिजालले समयसापेक्ष ढङ्गमा आफ्ना अनुभूतिहरू सचेत रूपमा व्यक्त गरेका हुनाले प्रशंसा समेत प्राप्त गरेका छन् ।

## ४.१.१.१ ‘सम्झना’ कविता सङ्ग्रहमा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण

३४ ओटा कविताको सङ्गालोको रूपमा आएको ‘सम्झना’ कवितासङ्ग्रहभित्रका कविताहरूको क्रमशः अध्ययन तथा विश्लेषण गर्दै यहाँ प्रकाश पारिएको छ । यस कविता संग्रहको भूमिकामा साहित्यकार बुद्धि घिमिरेले उत्साही युवा कवि भनि प्रशंसा गरेको पाइन्छ भने माधव भँडारीबाट केही शब्द र केशवराज पौड्यालद्वारा लेखिदिन्छु दुई शव्द व्यक्त भएको छ ।

### स्वागत नयाँ वर्षको

शार्दूलबिक्रीडित छन्दमा रचित एंव चार श्लोकमा संरचित ‘स्वागत नयाँ वर्षको’ कवितामा नयाँ वर्षको आगमनले पशुपंक्षीका सुरिला भाका गुञ्जनु, नाङ्गा वृक्षहरूमा पालुवा फेरिनु, आकाश चौतर्फी खुल्नु र धर्ती हराभरा भएर जनतासमेत जागृत गराउने ऊर्जाका रूपमा यसरी उल्लेख गरेका छन्:

थाले पंक्षिहरू अनेक सुरिला भाका मिठा गुञ्जन ।
नाङ्गा वृक्ष सबै पलाइ हरिया टूसाहरू उम्रन ॥
चारै तर्फ खुला सफा गगनमा हावा चलो हर्षको ।
आयो जाग्रिती तुफान जगमा स्वागत् नयाँवर्षको ॥

(सम्झना १,१ पृ.१)

नेपाली मात्रको लागि नयाँवर्ष ऋतुराज बसन्त ऋतुमा पर्दछ । ऋतु परिवर्तनका दृष्टिले पनि यो समय उत्तम मानिन्छ । पुराना नराम्रा भावना, विचार त्यागी नयाँ विचार, भावनाहरु श्रृजना गर्दै सुयोग्य मीठो कामना गरी नवीन युगको स्वागत गर्नुपर्दछ भन्छन कवि ।

सम्पूर्ण नेपालीहरूको स्वागत गर्दै पूराना कुभावनाहरूलाई हटाओस्, जन-जनका भावनामा नयाँ पालुवा उम्रन सकोस्, सबैमा ममता र प्यारले नयाँ युगले प्रवेश गर्न सकोस्, निद्रा त्यागेर नव कार्यमा प्रवेश गर्ने प्रेरणा मिलोस् र सबैलाई आफ्नै मातृभूमिमा कार्यरत हुन र आफ्नै स्रोतसाधनको सदुपयोग गर्न नयाँ वर्षले प्रेरणा देओस् भन्दै कवितामा कवि यसरी लेख्छन्:

नवपल्लवित पुष्पित वृक्षहरुको आगमनसँगै सवैजन हाँसी अनन्त मुस्कान छाडी अस्पस्ट कुराहरुलाई त्यागी प्रष्ट मगजले ब्युझनुपर्दछ । नेपाली जनता कहीं कतै झुकेर आफ्ना कुरा गरिरहेका छन कि ? प्रकृतिको यो विराट रुपको सहारामा निडर, साहसी भई आफ्नो सृजनात्मक काममा कार्यरत रहनुपर्दछ भन्छन नयाँवर्षको स्वागतमा कवि ।

नेपाली जनता कतै निहुँरिदै बोल्छन्की आफ्ना कुरा ।
गर्छन् कार्य कि क्यै भनेर प्रकृती पर्खीइरहन्छीन् पूरा ॥
बोलौं है नयपालि भाइ बाहिनी वैकाइय खै के भयो ।
कार्यारत् हुनुपर्छ भन्छ यसले स्वागत् नयाँ वर्षको ॥

(ऐजन १,२ पृ.१)

यस कवितमा भावूक रूपमा प्रकृतिप्रेमी बनी प्रकृतिवादी कवि बन्न सफल भएका छन । प्रकृतिको मुक्तकण्ठले प्रशंसा गरी प्रकृतिको विराटतासँगै नेपाली जनतालाई एकाकार गरी महिमागान गरेका छन । भाषालाई छन्दको साँचोमा मिलाउने क्रममा शुद्धा शुद्धिमा केही कसरमसर भेटिने रिजालको स्वागत नयाँ वर्षको कवितामा सम्पूर्णलाई नयाँ युगमा टेकाउन नयाँ वर्षको स्वागत गराउन सकोस् भन्ने अभिव्यक्तिले कविता सुन्दर बनेको छ ।

## **'सम्बन्ध'**

सम्भना कविता संग्रहमा संकलित दोस्रो शार्दूलविक्रीडित छन्दमा संरचित यो 'सम्बन्ध' शीर्षकको कवितामा जम्मा छ श्लोकहरू रहेका छन् । उक्त कवितामा कविले विश्वबन्धुत्वको भावनाको भरपूर संखघोस गरी नातेदार मात्र आफ्नु सम्बन्धको हुँदैन, जहाँ सत्यता, उदारता हुन्छ र विश्वासिलो व्यवहार हुन्छ, त्यहाँ संसारको मानिस पनि एउटै नाताभित्रमा पर्न सक्छन्। समदूरी, एउटै थर, कुटुम्बले मात्र मानिस नजिक बन्न सक्दैन । मानिस आफ्नो राम्रो सम्बन्ध, सत्य दिलले र विश्वासिलो कार्यले हुन्छ । नजिकको मान्छे पनि शत्रु र शत्रु पनि मित्र बन्न सक्छ उसकै व्यावहार, आचारणले यो विश्व संसारमा भन्दै कवितामा यसरी लेख्छन् :

टाडाका घरले हुँदैन थरले नाता कुटुम्वेरिले
आफ्नो मानिस हुन्छ सत्य दिलले विश्वासिला कार्यले ।
मान्छे आफ्नु र सत्रु भित्रु दिलमा उस्कै व्यवहारमा ।
यस्तै हौं बुझ हामि मानिस सबै यो देशमा विश्वमा ॥

(ऐजन २,१ पृ.३)

विश्वासिलो कार्य र सत्य व्यवहार नहुँदाका क्षणमा छोराले बाबु कुट्छ, श्रीमान्ले श्रीमती, तर असल व्यवहार भएमा अर्काको सन्तानलाई पनि आमाबाबुसरह पाल्छन् । मान्छेको व्यवहारले गर्दा नै सौता जार पछाडि बनिएका हुन् । मानिसको सम्बन्ध उसको विश्वासमा र सत्यतामा हुन्छ, न त थरमा वा सम्बन्धमा मात्र यो सीमित रहन्छ भन्दै नातावादमा मख्ख पर्ने आजको युगलाई

व्यङ्ग्य गर्दै यसले केवल विश्वासघात मात्र हुन्छ, त्यसैले मान्छे सम्पूर्णमा जसरी रक्तका कणहरू छुट्याउन सकिँदैन त्यसरी नै मानिसको सम्बन्ध प्रगाढ बन्न सकोस्, जसले जुन तारा, घामले उज्यालो छरेझैं अन्धकारलाई हटाउन सकोस् । सत्‌विचार राखी सवै मित्रले सवैजनमा आमा-बाबु , दिदी-बहिनी समान मानी सुसम्बन्ध कायम गर्नुपर्छ । आफ्नो पारीवारिक सम्बन्धमा सीमित नरही यसमा व्यापक सोचको विकास गर्नुपर्दछ ।

मान्छमा दुवै गुण छ- उदार र नैराश्यता । यदि पृथ्वीलाई स्वर्ग बनाउनु छ भने, मानिस देवता बन्नु छ भने उदार भावनालाई चाहिं आत्मसात गर्नुपर्दछ किनकि आखिरमा सवैले संसारलाई त्याग गरी मर्नुपर्दछ । बुझकिलाई थोरै कुराले बुझाउन सकिन्छ, नबुझ्नेलाई जति भने पनि बुझाउन सकिदैन ।

मानिसलाई पछि पार्ने रिस, राग द्वेष हट्न् नैराश्य भावना हराओस्, सबैमा उदार भावानाको कामना गर्दै आखिर मानव मरणशील छ त्यसैले यो छोटो अवसरमा सबैसँग राम्रो सम्बन्ध गाँसेर केही गर्न सकियोस भन्दै कवितामा यसरी लेख्छन् :

मान्छेमै छ उदार चित्त अथवा नैराश्यता सौख्यता ।<br>
पृथ्वीलाई पवित्र पार्नु छ भने फर्कौन मान्छे यता ।<br>
यी दोटा दिनमा अनेक झगडा पापिष्ट चाला चली<br>
मर्नू पर्दछ भोलि हामि सबले संसार नै त्याग गरी ।

(ऐजन २,५ पृ.३)

छन्दलाई मिलाउने क्रममा शब्द प्रयोगमा केही अशुद्ध देखिए पनि मानवतावादको वकालत गर्ने यो कविता सुन्दर छ ।

## 'दुई जना विद्यार्थी'

शार्दूलविक्रीडित छन्दमा रचित 'दुई जना विद्यार्थी' शीर्षकको कविता कवि कृष्णप्रसाद रिजालको कक्षा दशमा अध्ययनरत अमरकल्याण माध्यमिक विद्यालय नयाँ बजारका होमनाथ आचार्य र नरबहादुर अधिकारीले तँ साँच्चैको कवि होस् भने लौ हामी दुईजना विद्यार्थीको बारेमा लेख् त ! भनेर त्यही नजिकैको फलैचामा बसेर कविले यो कविता लेखेको पाइन्छ । शीर्षक नै 'दुई जना विद्यार्थी' राखिएको उक्त कवितामा दुबै विद्यार्थीलाई उपदेश दिदै कवि भन्छन् यो बेला केही गरेर मीठो फल फलाउने बेला हो, यो फललाई हावाले किराले हल्लाउन, बिगार्न नसकोस् भन्दै बरु

आशा गर्नेहरूलाई फलको स्वाद समेत चखाउन सक्नु पर्छ, यस बेलालाई बिगार्ने जस्तोसुकै अवस्था आउन सक्छ, यसको सामना गरी अगाडि बढ्न सक्नेको मात्र जीवन सार्थक बन्न सक्छ र मात्र गुराँस चाँप जस्तै पाखा नै मगमगाउदै फुल्न सकिन्छ, भन्दै नेपाली माटोको सेवा गर्नु पर्छ भन्ने राष्ट्रियताको भाव पनि व्यक्त गर्दै कवि यसरी कवितामा गुञ्जन्छन् :

बन्नू राष्ट्रिय फूल चाँप पछिको गुराँसको मन्तिर ।
फुल्नू है जहिले सुकै समयमा पाहाडका तल्तिर ॥
नेपाली जनका सबै घर घरै बस्नू बगैचा यहाँ ।
आऊनू परदेशमा यदि गए यै भन्दछू अन्त्यमा ॥

(ऐजन ३,४ पृ.४)

युवाहरुलाई स्वदेशमा नै बस्नु, यदि बिदेशमा गएको भए पनि स्वदेशमा आउनु भनि देशप्रतिको भक्तिभाव देखाएका छन् । यसरी एउटा परीक्षा स्वरूप उनीहरूकै बारेमा लेखिएको भएपनि उक्त कविताले सम्पूर्ण कलिला युवाहरूलाई सत्य सन्देश दिन सफल बनेको देख्न सकिन्छ । दुई विद्यार्थीबीच परीक्षा स्वरुप तुरुन्त छन्दमा कविता रचना गर्न सफल बनेका कविको आँशुकवित्वको प्रतिभा पनि यहाँ देख्न पाईन्छ ।

## चिरायूको कामना

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'चिरायूको कामना' शीर्षकको कवितामा कविको तत्कालीन रानी ऐश्वर्यप्रति भक्तिको भाव व्यक्त भएको देखिन्छ । त्यत्रो राज खान्दानीमा रहेर पनि साहित्यिक रुचि भएकी ऐैश्वर्यलाई सूर्यको रूप मानेका र त्यो प्रकाश सबै नेपालीका हृदयमा छर्न सकोस्, जसरी एउटा दीप आफू जलेर अन्धकार चिर्न सक्छ त्यस्तै नेपालीको हृदयमा भएको अन्धकारलाई चिरेर, शक्तिशाली बन्न सकुन् भन्ने भाव व्यक्त भएको उक्त कविताका श्लोकहरूमा यस्ती ऐश्वर्या दीर्घायू बनुन् भन्ने कामना यसरी पटक-पटक गरिएको छः

नेपाली जनका सफा हृदयमा ज्योती फिजाइकन ।
देऊ दिव्य अपार शक्ति मनको मीठो भनुन् व्यञ्जन ॥
हाँसुन् किच्च मुहार पारि जनता संदेशको भावमा ।
बाँची देउ सधैं सधैं अब तिमी चीरायुको कामना ॥

(ऐजन ४,३, पृ. ५)

यसरी तत्कालीन रानीको स्तुती गरिएको उक्त कवितामा नेपाली जनतालाई अन्धकारबाट छुट्कारा दिलाउनसमेत आग्रह गर्दै लेखिएको राजावादी स्तुती गरिएको कविता हो ।

## सम जी प्रति

स्वागता छन्दमा लेखिएको समजी प्रति शीर्षकको कवितामा परिष्कारवादी साहित्यकार,नेपालका नाट्यसम्राट बालकृष्ण समको निधनले सबैमा जन्माएको निराशा भावलाई यस कविताको विषयवस्तु बनाएका छन् । २०३८ साल श्रावण ६ मा समको निधन भएको जानकारी रेडियो नेपालबाट प्रसारण भएपछि यसले एक्कासी बनाएको निराशाजनक भावनाको खुल्दुलीलाई व्यक्त गरिएको छ । एकातिर नेपालीलाई छोडेर गएको विश्वास नै नभएको भनिएको छ भने अर्कातिर मरेर पनि यश छाडेरै गएका छौं भनेर चित्त बुझाएको भेटिन्छ । अति बिक्षिप्त भएका कविले समको उपस्थिति नहुँदा सूर्यको किरण पनि मन्द भएको चन्द्रमाको त ! बन्दै नै भएको र धर्ती सबै रोइरहेको, नेपाली जननीलाई पुत्रशोक परेकाले सबै रोइरहेको बताएका छन् । सम तिमी निदाएका मात्र हौ होला तिमीसँग मेरो गन्थन अझै बाँकी थियो भन्दै अति भावुक हुँदै लेख्छन्:

पुत्र शोक जननी परि आज ।
अन्धकार जगतै छ बिचार ॥
सूर्यको किरणमा अति मन्द ।
चन्द्रको किरणता अझ बन्द ॥

(ऐजन ५,५, पृ. ६, ७)

सम तिमी गए पनि अब, आखिर हामीबीच तिम्रा कृतिहरू बाँकी छन् भन्दै चित्त बुझाउँदै मनको बह थाम्नै सकिँदैन त्यसैले केवल तिमीलाई भावपूर्ण अञ्जली मात्र दिन सक्छौ भन्दै कवि लेख्छन् :

गैगयौ अब तिमी ल जाऊ ।
अञ्जली छ तिनबार लुंखाऊ ॥
भावपूर्ण बनियो तर फूर्ती ।
थामिएन मनको बह उर्ली ॥

(ऐजन ५, १०, पृ. ७)

यसरी यस कवितामा समको निधनले निम्त्याएको निराशाका भावलाई कलात्मक ढङ्गमा प्रस्तुति गरिएको छ । यसबाट करुण रस व्यक्त भएको छ ।

## मेरी कविता

मन्दाक्रान्ता छन्दमा संरचित 'मेरी कविता' शीर्षकको कवितामा कविले कविता सिर्जना हुने भावनालाई प्रेमिकाको स्थानमा राखेर तिमी मेरी हृदयकी प्राण हौ, तिमी स्वर्गकी अप्सरा हौ, मेरो आत्मा जगमग बनाउने दिव्य रूप हौ, अझ तिमी त ! साक्षात् सरस्वती माता नै हौ, मेरो हृदयका बीचमा बास बस्न जहिल्यै छन्द अनि साहित्य वाणी भएर आऊ, तिम्रा निम्ति बरु म त खेतबारी नै त्याग्छु, प्राणसमेत त्याग्न सक्छु तर तिमी हृदयमा बस्नुपर्छ अनि मात्र म नेपाल आमाको सेवा गर्न सक्छु, माताको भारा पनि काट्न  सक्छु तर मलाई तिमीले साथ दिनु पर्छ भन्दै कवि लेख्छन् :

मेरी साथी बुझन कविता राम्ररी साथ लेउ ।
बत्ती बालें झलमल गरें एक दृष्टान्त देऊ ॥
हाम्रो  भाषा कति चहकिलो छन्दको वाणि मीठो ।
आऊ आऊ जीवन संगिनी भाव लिएर छिट्टो ॥

(ऐजन ६,६, पृ. १०)

सात श्लोकमा लेखिएको उक्त कवितामा स्फूरण हुने भावलाई प्रेमिकाको स्थानमा राखिएकाले भक्ति रस प्रस्तुत भएको छ । यस कवितामा कवि कतिप्रति लिन भएका छन् । कवितालाई उनी सर्वश्व सम्झी आफ्ना नित्य कर्म नै बिर्सेका छन् । कवितालाई देशभक्ति, राष्ट्रभक्ति समेत सम्झी नेपाली हुनमा गर्भ गरेका छन् । विश्वको शिररुपी हिमशिखरमा बास बसी आमाको हृदय खुशी पार्न केही काम गर्नु परेको छ भनि कविले कविताको आराधना गरेका छन् ।

## सम्झना

मन्दाक्रान्ता छन्दमा रचिएको 'सम्झाना' शीर्षकको कविताको नामबाट नै उक्त कवितासङ्ग्रहको नाम राखिएकाले उक्त कवितालाई नै सर्वोकृष्ट कविताको रूपमा ठानेको देखिन्छ । यस कवितामा कविले यो आफ्नो कवितासङ्ग्रह ज्यानलाई जोखिममा राखेर जीवनभरका सम्झानाका टुक्रा बटुलेर लेखिएको कुरा तलको कविताबाट अझ प्रस्ट हुन्छ :

मैले मेरो जीवन भरिमा सम्झनाको प्रतीक ।
टुक्रा टुक्रा बटुलि कविता जिन्दगीको विवेक ॥
गर्दै आउँ मधुर गतिमा चाल मारेर ऐले ।
राखे किर्ती अति कठिनले ज्यान फालेर मैले ॥

(ऐजन ७, १, पृ. ११)

वास्तवमा कविले आफ्नो जीवनको भरोसा यही हो भनेर ३८ सालमा नै यसै कवितामार्फत भनेका आज पनि उनले सम्पूर्ण विषय त्यागेर यसै तर्फ आकृष्ट भएका नै देखिन्छन् । केही गर्नुपर्ने भन्ने अठोट लिएर अगाडि बढेका कविले बाहिर देखिने कालो गोरो मात्र मानिसको स्वरूप होइन, आत्मालाई प्रकाशवान बनाएर झलमल उज्यालो छरेर केही दिन सकियो भने मात्र बरु यो सम्झनाको प्रतीक बन्न सक्छ भन्दै कवितामा यसरी लेख्छन्:

कालो गोरो नयन धमिलो हैन त्यो रूप हाम्रो ।
आत्मा नै हो हृदय दिलको संझनाको उज्यालो ।
बालौं बत्ती झलमल यहाँ छाइ राखोस् प्रकाश ।
छाडे यती यस शरिरको सम्झानाको प्रतीक ॥

(ऐजन ७, ४, पृ. ११)

यसरी यस कवितामा कविले केही नयाँपन दिन सके मात्र त्यो सम्झानाको प्रतीक बन्न सक्छ भने भाव व्यक्त गरेका छन् । यस जीवनमा कविले केही सम्झनास्वरुप काम गरी नाम राख्न आमासँग दृढ प्रतिज्ञा गरेका छन् । आफ्नो आयु प्रतिदिन घटिरहेको तर आफूले अविष्मरणीय कुनै काम गर्न नसकेकोमा दुःख व्यक्त गरेका छन् ।

## आशा

मन्दाक्रान्ता छन्दमा संरचित 'आशा' शीर्षकको कवितामा शीर्षकबाट नै उक्त कविताको भाव व्यक्त भएको पाइन्छ । उक्त कवितामा कविले जस्तोसुकै व्यवधान सहेर पनि साहित्यप्रतिको आफ्नो लगाव, झुकाव रही रहने शुद्ध बिचारले आफूले अठोट गरेकाले मीठो आशा लिएर कविता सिर्जनामा फुरुङ्ग हुँदै लाग्ने कुरा यसरी कवितामार्फत व्यक्त गर्दछन् :

हार्ने बानी अलिकति कतै छैन कालो बिचार ।
गर्दै आएँ दिलविचयहाँ आफू आफ्नै सुधार ॥

दिन्छु दृष्टी मगज भरिको साथिभाई अरुमा ।
गर्छू सृष्टी नयन भरिको उन्नतीको सिखर्मा ॥

(ऐजन ८, पृ. १२)

अझै नयाँ, नयाँ सिर्जनाहरू गर्दै जाँदा पक्कै केही नयाँपन, नयाँ कार्य दिन सकिएला भन्ने आशाकै लिस्नुमा उक्लने भाव व्यक्त यसरी गरेका छन् :

रोप्छू अझै नविन विरुवा गोडि मेली फुलाई ।
फल्छन् होला जसरि पनि ती तृप्ति यै भो मलाई ॥
छोड्छू वाणी सब वरिपरी यै छ सन्देश मेरा ।
आशा माथि भर गरि बढी उक्लने लिस्नू यै हो ॥

(ऐजन ८, पृ. १२)

चार श्लोकको उक्त कवितामा सिर्जना गर्दै जाँदा केही नयाँपन दिन सकिएला भन्ने आशा गरेको उत्साह, जीवनमा आशा राख्नुपर्छ, निरासा बन्नुहुदैन । सकारात्मक सोच लियो भने जीवनमा अवश्य सफलता प्राप्त गर्न सकिन्छ जस्ता  भाव व्यक्त भएको छ ।

## राम्रो बन्ने भए

मन्दाक्रान्ता छन्दमा लेखिएको ‘राम्रो बन्ने भए’ शीर्षकको कविताले समयलाई बुझेर अगाडि बढे, बेलामा गर्नु पर्ने काम गर्दै गए मात्र लक्ष्यमा पुगिने उपदेश दिएको भेटिन्छ । जीवनको यस अमूल्य घडीमा विद्या जस्तो अमृतले मात्र जीवनलाई उन्नतितर्फ डोर्‍याउन सकिन्छ भन्दै कवि लेख्छन्:

विद्या हाम्रो यस जीवनको दिव्य राम्रो प्रकाश ।
प्यारो गर्छन् गुणरस भए बुद्धिमानी विचार ॥
तस्मात् ऐले म पनि दिलको एक सानो प्रसङ्ग ।
सोच्दै भन्छ् नव जीवनको उन्नती होस् प्रचण्ड ॥

(ऐजन ९, ३, पृ. १३)

जति राम्रो बानी सिक्यो आफैंलाई नै नाफा हुने, यसले आफ्नो नै विकास हुन्छ, जसरी साँझ पछिको बत्ती प्यारो र सम्मानित हुन्छ । त्यस्तै प्रकाशवान व्यक्ति सबै ठाउँमा सम्मानित हुने कुरा कवितामा यसरी व्यक्त गरेका छन् :

राम्रो बानी अझ बढि सिके आफ्नु नै भो विकास ।
शान्ती जती बनिन सकियो उति आफ्नै प्रकाश ॥
बत्ती प्यारो जसरि बनियो साँझ देखि उताको ।
हाम्रो निम्ती उचित छ भनी यत्ति नै गुन्गुनाको ॥

(ऐजन९,३,पृं.१३)

चार श्लोकमा लिपिबद्ध भएको यस कवितामा प्रकाशवान् व्यक्ति हुनेभए समयको मूल्य बुझेर अगाडि बढ्नु पर्छ भन्ने भाव व्यक्त भएको छ ।

## निन्द्रा बिछन्द

मन्दक्रान्ता छन्दमा रचना गरिएको 'निन्द्रा विछन्द' शीर्षकको कविताले रातमा मात्र आउने निन्द्रा छन्द न बन्द जुनसुकै बेला आउने कुराले देशको अवन्नति भएको रोस व्यक्त गरेका छन् । देश र जनताको सेवकहरू भएर सेवा गर्ने बेला दिउँसैमा निदाएका, उनीहरूको प्रगति भएको तर दिन रात नभनी खट्नेको केही मूल्याङ्कन नै नभएको, खान नै धौउ-धौंउ परेको भन्दै कवितामा यसरी लेख्छन्:-

भन्नै गाह्रो कसरि कहनू ठूल्ठूला झन् निदाए ।
स्वप्ना देख्छन् तर दिनमहाँ दुष्टचाला चलाए ॥
कोही कोही निदपनि पूरा पुग्न नै पो नपाई ।
गर्छन् कामै दिनभर खटी छैन फुर्सद मलाई ॥

(ऐजन १०, पृ. १४)

रातारात कालो धन्दामा लाग्ने अमनुजहरू मात्र दिउँसो मस्त निन्द्रामा हुन्छन् । उनीहरू केबल आफ्नो स्वार्थमा मात्र निर्लिप्त बनेका हुन्छन्, त्यस्तालाई निद्रा दिउँसो नआइज भन्ने व्यङ्ग्यात्मक भाव व्यक्त यसरी गरेको पाइन्छ:

घुर्छन् कोही दिन विचमहाँ मस्त निन्द्रा जगाई ।
डुल्छन् राती अमनुज पना व्यर्थडाको फिजाई ॥
भो भो निद्रा दिनविचमहाँ जा तँ अन्तैविलाई !
राती मात्रै ढुसठुस उँघी सुत्न दे है तँ आई ॥

(ऐजन १०, पृ. १४)

चार श्लोकमा लेखिएको उक्त कवितामा रातारात कालो धन्दामा लागेर आफू मालिक बन्ने अमनुजप्रति रोस व्यक्त गरिएको छ ।

## यै हो बेला

मन्दाक्रान्ता छन्दमा संरचित 'यै हो बेला' शीर्षकको कवितामा कविको देशप्रेमको भाव,राष्ट्रभक्ति र राष्ट्रियताको भावना छताछुल्ल भएको भेटिन्छ । युवा अवस्था जस्तो जोशजाँगर

भएको बेलालाई खेर नफाली यसलाई देश विकासतर्फ मोड्न सके मात्र देशको उन्नति हुने हुनाले यसैतर्फ लागि परौं भन्दै कवि लेख्छन् :

सारालाई घरघर पुगी घच्घचाओ मनुष्य ।
लेओ राम्रो शुपथ सवले निस्क बाहीर निस्क ॥
एकै चोटि गगन भरिने शब्द छाडौँ विकास ॥
लागौ लागौ अघि अघि सबै वाक्य यस्तै निकाल ।

(ऐजन ११, २, पृ. १५)

छिमेकी मुलुकहरूमा विदेशीहरूले झलमल बनाई सके, हामी फुर्तिला वीर भएर पनि जुट्न सकेका छैनौं, देशको जलस्रोत खेर गइरहेको छ, झरनाहरूको उचित प्रयोग नगरेकाले मन्द हुँदै गएको भान हुन थाल्यो भन्दै कवितामा यसरी गुञ्जन्छन्:

छाँगा खोला सलल झरना छैन केही प्रयोग ।
बग्छन् रुँदै मधुर गतिमा चाल मारेर हेर ॥
बोले प्रष्ट अवत छहरा ताल गाभिर्यशाली ॥
उठौँ हामी सकल जनता दिब्य ज्योति फिजाई ॥

(ऐजन ११, ५, पृ. १६)

सात श्लोकको यस कवितामा कविले देशको जोशजाँगर भएका युवालाई आफ्नो स्रोतसाधनको सदुपयोगमा लाग्न आग्रह गरिएको छ । नेपाललाई प्रकृतिले दिएको ठूलो राशीको स्रोत, साधन त्यसै दुरुपयोग भईरहेको छ । यसलाई समयमा सही सदुपयोग गरेमा हामी अवश्य सुखी सम्पन्न हुनेछौं भनि सन्देश दिन खोजिएको छ सम्पूर्ण नेपालीहरुलाई ।

## परिचय

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'परिचय' शीर्षकको कवितामा कविले प्रत्येक नेपालीले केही फरकपना ल्याएर आफ्नो परिचय आफैँ बनाउन सक्नु पर्छ भन्ने भाव व्यक्त भएको छ । उक्त कवितामा कविले पुर्खाको नामबाट चिनिनुभन्दा आफैँ केही गरेर चिनिनु पर्ने भन्दै 'पुर्खाको पुरुषार्थको गहनता पैल्याउन व्यर्थ छ' भन्ने पङ्क्ति समस्यापूर्तिका ढाँचांमा प्रत्येक श्लोकमा आएका छन् । यसबाट पुर्खाको पौरख, पुरुषार्थबाट आफू चिनिनु व्यर्थ हुन्छ, केही गरेर आफ्नो पौरख देखाएर आफ्नो परिचय आफैँ बनाउन सक्नु पर्छ भन्दै यसरी कवितामा यस्तो भाव व्यक्त भएको  पाइन्छः

चिनुन् मानिसले मलाई यसरी राम्रो नराम्रो भनी ।
आफैँ दिन्न म यो परीचय कतै धिक्कार होजीवनी ॥
यस्तै होस् तँ भनेर भन्ने अरुकै आज्ञा सधै लाग्दछ ।
पुर्खाको पुरुषार्थको गहनता पैल्याउन् व्यर्थ छ ॥

(ऐजन १२, ४, पृ. १७)

चारओटा श्लोकमा लेखिएको यस कवितामा कविले आफ्नो परिचय आफैँ बनाउनु पर्ने कुरामा जोड दिएका छन् । इतिहासलाई आधार बनाएर बर्तमानलाई उजिल्याउनुपर्छ । अर्काको भरमा होइन आफ्नो नाम, आफ्नो परिचय आफै फैल्याउन कोशिश गर्नुपर्छ । पुर्खाको परिचय दिदैँ मख्ख पर्नेहरूप्रति व्यङ्ग्यसमेत गरेका छन् ।

## विदेशी दाज्युलाई बहिनीको सम्झना

शार्दूलविक्रीडित छन्दमा लेखिएको यो शीर्षकको कविता कविले दाजु विदेश रहेको अवस्थामा एउटी बहिनी कसरी भाव बिभोर भएर आफ्ना भावना व्यक्त गर्दछे, त्यसरी नै कवि बहिनी भएर पत्रात्मक ढाँचामा आफ्ना मनका भाव व्यक्त गरिएको छ । कहिले कहीँ बाडुल्की लागे पनि दाजुले सम्झे होलान् भनेर दिल फुटेर आँसु चुहिन्छ, एउटै बोटमा फुलेर हामी कस्तो बिचित्रको कोही पात उडाएर पर पुर्‍याउँछ, कसैलाई चेपेर एउटै घरमा राख्छ, कस्तो बिडम्बना भन्दै कवितामा यसरी गुञ्जन्छन्:-

कोही पात उडाइ लान्छ फुलको बोटबाट साह्रै पर ।
कोहीलाइ भने सँगै हृदयमा राखेर यौटै घर ॥

यो हो व्यापकता चरित्र जगको मैले भनौ के अब ।
माया नै मुटुको विचित्र ममता संसारमा यै रछ ॥

(ऐजन १३, ३, पृ. १८)

आफ्नो हालत बताउँदै व्यङ्ग्यात्मक ढाँचामा बहिनी शान्ति कहाँ छ र ? सबैतिर अशान्ति मात्रै छ दाजु सम्झेर दुईचार गन्थन लेखेको अब बिदा भन्दै बिदासमेत मागेको मार्मिक कविता यसरी लेखिएको छ:-

मेरो हालत ढुक्क कै छ घरमा जो दैवको आशिष ।
राम्रै भन्नु परो मलाई घरमा शान्ति कहाँ पो छ र ॥

यस्तै गन्थन पद्य भाव बटुली दाज्यू भनी संझदा ।

जोड्छु हात दुवै झुकेर अहिले लौ आजलाई बिदा ।

(ऐजन १३, ४, पृ. १८)

चार श्लोकमा विस्तारित प्रस्तुत विरही कविता आज पर्यन्त यथार्थपरक छ , सान्दर्भिक छ । आज पनि लाखौंको संख्यामा दाइहरु विदेशिने क्रम जारी छ । त्यति नै संख्यामा वहिनीहरु दाइहरुलाई सम्झदै भावविव्हल छन ।

## विद्यार्थीलाई

स्वागता छन्दमा लेखिएको यो शीर्षकको कविता कविले आफू घर छोडेर बुधबारे तुलसा लम्सालको घरमा नानीहरूलाई बिहान ट्युसन पढाउँदा आफू छिटो पुग्ने गरेको तर नानीहरू ढिलो आउने हुँदा उनीहरूलाई छिटो उठ्न उत्प्रेरणास्वरूप उक्त कविता उपदेशात्मक ढाँचामा रचना गरेको पाइन्छ ।

चराचुरुङ्गीहरू पनि आ-आफ्नो कार्यमा व्यस्त भइसके, सूर्यले पनि आफ्नो स्वरूप देखाइ सके, तिमीहरू चाहिँ ढिलो नगर, दिनदिनै सूर्य झुल्केझैं सबै आ-आफ्नै कार्यमा व्यस्त भएझैं तिमीहरू पनि आफ्नो अध्ययनमा नै व्यस्त हुनुपर्छ भन्दै कवि यसरी उपदेश दिन्छन्:-

भोलि पर्सि दिन हुँ अब आज ।

पढ्नु पर्दछ रपो अनि पास ॥

भन्नु हुन्छ गुरुले पनि धन्य

आउ भाइ बहिनी अब पढ्न ॥

(ऐजन १४, ५, पृ. २०)

यसरी भाइबहिनीलाई उपदेश दिदै ५ श्लोक खर्चेका रिजालको यो कविता उपदेशात्मक बालकविता हो । सुनौलो भविष्य बोकेका बालकहरूलाई पढ्न, विद्या आर्जन गर्नका लागि प्रेरणा, हौसला प्रदान गरेको छ यस कवितमा कविले । यो कविता कविको जीवनसँग तादात्म्यता राखेको छ ।

## गरीब

शिखरिणी छन्दमा संरचित 'गरीब' कविता तत्कालीन कक्षा दसमा रहेको 'चरीको विलाप' शीर्षकको कविताबाट प्रभावित भई रचना गरेको बुझिन्छ । उक्त कवितामा कविले मान्छेको गरीबी अवस्थाको स-चित्र वर्णन यसरी गरेको पाइन्छः-

थियो जाडो औधी तर गरिब नाङ्गो बसिदियो ।

कमायो जाडोले थरथर बनायो शरिर जो ॥

न खायो तातो नै नत गजवको बस्त्र कपडा ॥
न ता बोल्नै पायो शरिर यसरी काँपि रहँदा ॥

(ऐजन १५, १, पृ. २१)

वास्तवमा हाम्रो देशका जनताको अवस्थाले कविलाई बिह्वल बनाएको छ, कोही हांवाईजहाज मात्र चढ्ने, कोहीको प्राण धान्नै कठीन परेको, शरीरको स्याहारको कुरै छैन भन्दै यस्तो असमान अवस्था चित्रण गरेका छन् । आजको युग वैज्ञानिक युग हो, अस्त्र निर्माणको युग हो भनेर खोक्नेहरूलाई उनी गरीबीको अवस्थालाई निवारण गर्न पो खाँचो छ भन्ने कुरालाई औंल्याउँदै कवि लेख्छन्:

अब बम्को खाँचो छइन् अहिले त्यो पछि परोस् ।
विवेकी होस् मान्छे सुपथ जागको निर्णय गरोस् ॥
उदाउँन् सत्यात्मा परपर सरुन् दुर्जनहरू ।
हटाउँछन् त्यो कालो कुरिति सवले, के मनुँ अरू ॥

(ऐजन १५, ७, पृ. २२)

ठूला बडाले नै गरीबीपन हटाउन के-के गर्ने ? कसो गर्ने ? बुद्धि, बिबेक दिनु पर्‍यो र जहाँ गरिबीपन  त्यसलाई हटाउनु पर्छ भन्दै कवि यसरी कवितामा लेख्छन्:-

सिकाऊ दर्शाऊ दु:ख सब हटाऊ गरिबकै ।
उठाऊ ब्यूँझाऊ मनुजहरू नै मानिस भई ॥
र पो बन्छौ ठूला सब नजिक हुन्छौ मिलिदिँदा ।
छिटै मीलौ जूटौँ गरिवि पन पाओस् अब विदा ॥

(ऐजन १५, ८, पृ. २२)

यसरी आठ श्लोकमा रचना गरिएको उक्त कवितामा कविले देशकै पहिला गरीवीपन हटोस् भन्ने भाव व्यक्त गरेका छन् । अणुबमको खाँचो छैन, मुख्यत: दाल भात जस्ता आधारभूत आवश्यकताको खाँचो छ भनि यस कवितामा गरीवको कारुणिक अवस्थाको यथार्थपरक चित्रण गरेको छ । यसमा हतियार उत्पादकलाई र सम्पन्न देशहरूप्रति व्यङ्ग्यभाव व्यक्त भएको छ ।

## बूढी गाईको रोदन

शिखरिणी छन्दमा लेखिएको 'बूढी गाईको रोदन' शीर्षकको कवितामा कवि आफू तत्कालीन प्याङ्ग निम्न माध्यमिक विद्यालय पढाउन नामसालिङ्गबाट पुषेडाँडामा पुगेको बेला एउटा बेतबसेको

गाई खरितेले दार्जिलिङ्गतर्फ लाँदै गरेको गाईको अवस्था देखेर त्यहीँ बसी पेन्सिलले लेख्न सुरु गरेको पाइन्छ । उक्त कवितामा मान्छेबाट मानवता गुमेर दानवतातर्फ धकेलिएको प्रत्यक्ष चित्रण भएको छ । बूढी गाईले टुहुरा बच्चालाई जन्मेदेखि दूध खुवाई बचाएँ, मान्छेलाई प्राण दिने अन्न उब्जाउन सहयोग गरेँ, अमृत रस पिआएँ, मरेपछि वैतरणी पनि तराएँ तर आज मेरो रस सकिएपछि उखुको रस चुसेको खोस्टो त यहाँ फालिन्छ तर मलाई गोसखानासम्म पुर्‍याउन लाँदै गरेका मानवलाई धिकार्दै आँशु चुहाउँदै गाई रोएको चित्रण यसरी भएको छः-

न खाना मीठो भो न त छ रसिलो चट्ट गुलियो ।
दिदै गे खूसी भै अघि सबजना मानि मिठो ॥
भए बूढी ऐले सबदिइ सके भित्रि रस जो ।
भए रे झञ्जट्को अब त दिइएँ गोसतिर पो ।

(ऐजन १६, २, पृ. २३)

कती आँसू वग्छन् सब गलिसके अङ्गहरू यी ।
अनी ती राक्षस्का किन अघिसरे चुप्पि खुकुरी ॥
डराएँ काँपे धेर थरथर कपाए शरिर यो ।
उजाए हाने है अब लिइसके प्राण किन हो ॥

(ऐजन १६, ३, पृ. २३)

म बूढीका रोदन कस्ले बुझ्ने ? अधिकारवाला अर्कै छन् भन्दै कवि आफैं भाव विह्वल भएर यी हाम्री आमा हुन् भनेर किन मनुजले नबुझेको ? अब माता बरु अमनुजताप्रति सराप अधमका मनमा दया पलाउन सकोस् यी अधमले लक्ष्मी भनेर तिमीलाई पूजा गरेको बेला तिमीले उनीहरूलाई दुःख दिनु भन्दै कविप्राढोक्ति ढाँचामा भाव यसरी व्यक्त भएको छः

भनी लक्ष्मी पूजा पनि त सबले मातृ तिमिमा ।
गरी श्रद्धा भक्ति पुजिनु पर्ने हो जगतमा ॥
अवश्यै यी पापी भरजगका दुष्टमतिका ।
विजोक् पारी पारी दिनु दुःख अति यै तरहका ॥

(ऐजन १६, ७, पृ. २४)

यो कविता सात चौपाईको संरचनामा रहेको र अन्त्यानुप्रास मिलेको सुन्दर रचना बन्न सकेको देखिन्छ यसमा कारूणिक भाव व्यक्त भएको छ । यस कवितामा कविको आँशुकवित्वको झलक समेत देख्न पाइन्छ ।

## नेपाल आमा

वसन्ततिलका छन्दमा संरचित 'नेपाल आमा' शीर्षक कवितामा कविले आफ्नो मातृभूमिलाई त्याग्नु नहुने भन्ने देशप्रेमयुक्त भाव व्यक्त गरेका छन् । आफू जन्मेको मातृभूमि आमा भन्दा प्यारो हुन्छ । अरुले लाखै प्यार दिए पनि आफ्नो मातृभूमि छोड्नु नहुने भन्दै अनि आफ्नै प्राकृतिक संसाधनको सदुपयोग गर भन्दै नेपाल आमाले आफ्ना सन्ततिलाई यसरी पुकार्दछिन्ः

धारो कराउँछ सधैं यहि खाउ पानी ।
डांफे मुनाल पनि छक्क परे नजानी ॥
गुराँस बोलिकन डाक्दछ आउ आऊ ।
रोयो हिमाल दुःखले अवता नरुवाऊ ॥

(ऐजन १७, पृ. २५ र २६)

सानो छ फँट तर विश्व यहाँ छ अग्लो ।
भन्दै हिमाल किन मान्दछ आज खल्लो ॥

भन्दछन् जडी बुटिहरू सब विग्रियौं है ।
बोल्छन् ति जङगलि चरा उठ जाग झट्टै ॥

(ऐजन १७, पृ. २६)

हाम्रो देश सानो छ तर उच्च छ, ठूलो छ, अग्लो छ । सबै खोला, झरना, पहाड, हिमाल कराउछ विदेश नजाऊ भनि । डाँफे, मुनाल, गुराँस डाक्दछ आऊ भनि । त्यस्तै चराचुरुङ्गीहरु उठ,जाग, प्रगति गर भन्छन भनि देशभक्तियुक्त भावहरु पोखेका छन कविले । रोगी, भोका,नाङ्गा,अशिक्षित आफ्ना दाजुभाइ दिदीबहिनीलाई शिक्षित बनाएर दुःख हटाउनतर्फ सबै लागिपर्नुपर्ने भावव्यक्त गरिएको छ । उत्साहको भावभिव्यक्ति यहाँ पाइन्छ ।

## म कस्तो बेकामे

वसन्ततिलका छन्दमा रचित 'म कस्तो बेकामे' शीर्षकको कवितामा कविले कामबिना खाली बस्ने सबै जनतालाई आफूलाई नै भनेको बाहाना गरी व्यङ्ग्य गर्दै 'हे भगवान् एउटा राम्रो

कामतर्फ बेकामेहरूलाई आकृष्ट गराई देऊ' भन्दै एकातिर आफू बेकामे भएँ भन्ने चिन्ता व्यक्त भएको छ भने बठ्याइँ नदेखाइकन, ढाँट प्रमाणपत्र देखाउन सकिन, त्यसैले म बेकामे भएँ भन्दै व्यङ्ग्य पनि गरिएको छ । अर्कातिर कविहरूप्रति समाजले हेर्ने दृष्टिलाई पनि तीखो व्यङ्ग्य भाव व्यक्त भएको उक्त कवितामा श्लोकहरू यसरी गुञ्जन्छन् :

ठीकै छ भो पछि पछी म मरेर जाऊँ ।
बन्छू ठूलो अनित चल्दछ धेर नाऊँ ॥
बुझ्दैछु भर्खर कुरा अब ज्ञान आयो ।
ढाँट्ने र चोर नबने पछि दुख्ख पायो ॥

(ऐजन १८, ८, पृ. २९)

व्यङ्गय समेत गरेका छन् कवि स्वयं आफूलाई पनि बेकामे , बेरोजगारी सम्झी कविता कोर्न बाध्य भएकोशभनि समग्र कविहरुप्रति अन्य व्यक्तिहरुको रहेकोदृष्टिकोणमाथि। अन्त्यानुप्रासयुक्त व्यङ्ग्यात्मक भाव बोकेको उक्त कवितामा राम्रोनराम्रो ठीकबेठीक छुट्याउन नसक्ने समाजको प्रवृत्तिले व्यङ्ग्यात्मक अभिव्यक्ति सरस ढङ्गले प्रस्तुत गर्न कवि सफल भएका छन्

## तरुण वयमा

पञ्चचामर छन्दमा संरचित 'तरुण बयमा' शीर्षकको कवितामा कविले तरुण अवस्था एउटा भेल हो, यसलाई बिचारेर मात्र अगाीड बढ्नु पर्छ, नत्र भेलमा परिसकेपछि केबल आँशुमात्र चुहिने काम हुन्छ, भन्दै कवितामा लेख्छन्:

झरेछ आँसु भल्भली, परेछ कष्ट याचना ।
बुझेछ बल्ल साथिले परेर मात्र जालमा ॥
छ वैंशको बिचीत्रता, यै आजको समाजमा ।
तरक्क रुन्छ वैश जो विवाहको अभावमा ॥

(ऐजन १९, ४, पृ. ३०)

भोलि हैन आज नै सतर्क हुनु पर्ने भविष्यप्रति आज नै सोचेर अगाडि बढ्न र जवानीमा बरालिंदा केवल बेकामे मात्र हुने हुँदा अमूल्य यो समयलाई कार्यमै लगाए  मात्र यो जीवनरूपी समुद्र पार हुन सकिने कुरालाई कवितामार्फत कवि यसरी गुञ्जन्छन् :

पढाऊ पाठ बीरको, दिलाउ ज्ञान धीरको ।

जवानिमा बरालिंदा बनिन्छ है विकामको ॥
अमूल्य जिन्दगी महाँ अमूल्य कार्य नै गरी ।
जलाउ दीप रातमा, नबाल प्रष्ट दीउँसो ॥

(ऐजन १९, ७, पृ. ३१)

ठीक समयमा ठीक काम गर्नुपर्छ । सुमार्गमा हिड्नुपर्छ , गलत काम गरेर पछि पछुताउनु बेकार हुन्छ ।

चिनेर बैंश यामको, लगाउँ कार्य है छिटो ।
नमीलि याम कामता हुँदैन चट्ट गूलियो ॥
तितो मिठो र स्वादिलो चिनेर मात्र खानु है ।
ढिलो छिटो बनोस बरु, सु-मार्ग मात्र हिड्नु है ॥

(ऐजन १९, १०, पृ. ३१)

दस श्लोकमा लेखिएको यस कविता अत्यानुप्रास युक्त देखिन्छ । कविले तन्नेरी अवस्थामा विचारेर अगाडि नबढे भेलमा पसिने हुँदा सोचेर कार्य गर्नुपर्ने सन्देश दिएका छन् । लेखनाथ पौड्यालका नैतिक दृष्टान्त वा उपदेशात्मक कविताबाट कवि प्रभावित देखिन्छन् ।

## बजारको रमिता

पञ्चचामर छन्दमा लेखिएको प्रस्तुत बजारको रमिता शीर्षकको कवितामा कविले गाउँको कहिलै काहीँ मात्र लाग्ने बजारको यथार्थ चित्रण गरेको पाइन्छ । युवा युवतीलाई बजारले विकृतितर्फ डोर्‍याएको, सभ्य चाहिँ श्रृङगारलाई मात्रै बुझेको, जवानीको उमङ्गले सम्पूर्ण कुरालाई पछाडि राखेर हिड्ने युवतीहरूप्रति व्यङ्ग्य गर्दै केटीले खिस्स हाँसेपछि पसलेको पनि होस हवास हराएको, किन्नेले चाहिने सामान किन्न नै बिर्सिएको, यस्तो बजारमा कुनै व्यक्ति बेखर्ची भई डुल्नु परेको, कुनैले भने हजारका सवाल नै भुलेको तीतो सत्य कतै नशालु पदार्थ सितैमा बाँडिएर मान्छेलाई बिगार्ने प्रसङ्गलाई मीठो शैलीमा यसरी व्यक्त गरका छन्ः-

पिएर रक्सि जाँडका कुरा गरे नचाहिँदा ।
छ यो बजारमा यही, विहाल भ्रष्ट चालता ॥
भएन विक्रि राम्ररी बसीन आज सुन्दरी ।
चलेन भाउ मालको, विचित्रको बजार भो ॥

(ऐजन २०, २, पृ. ३२)

नशायुक्त तथा अस्वस्थ खाद्य पदार्थले फाइदा होइन बेफाइदा गर्छ दीर्घकालमा । एकछिन त मादक पदार्थले मजै आउछ । यसरी लवाईखवाइमै सीमित बन्ने बजारे युवा र सुन्दरीदेखि भुतुक्क बन्ने आजका मानिसहरूको भीडले रमिता नै देखाएको कुरालाई सरल भाषाका माध्यमले व्यक्त गरेका छन् ।

## जङ्गल

पञ्चचामर छन्दको सरल भाषामा लेखिएको 'जङ्गल' शीर्षकको कवितामा कविले 'नेपालको धन हरियो वन' भन्ने उखानझैँ यसलाई जोगाउनु पर्ने, जसबाट घाँस, दाउरा, काठ जडिबुट्टी आदि लाख फाइदा समेत हुन्छ । बनजङ्गल जोगाए भूक्षय हुँदैन जसले गर्दा जमिन मरुभूमि हुनबाट जोगिने हुनाले रूख विरूवा जोगाएर हराभरा बनाउनु पर्छ भन्दै कवितामा यसरी गुञ्जन्छन्ः-

नफाँड घाँस दाउरा, डढाइ खाक पार्दछौ ।
नकाट सानु विरुवा बढेरमात्र ढाल लौ ॥
तिमी त एक रुखको विचार छैन की कसो ।
छ लाख लाख फाइदा, अदृश्य कार्य हुन्छ जो ॥१॥

(ऐजन २१, १, पृ. ३४)

यसै गरेर जङ्गल सखाप भो यदी भने ।
उजाड बन्छ देश यो मरु भुमी सरी हुने ॥
तसर्थ बूझ यो कुरो नकाट रोप वीरुवा ।
छ धन्य धन्य बाबु हो, ल आशिशै म दीउँला ॥४॥

(ऐजन २१, ४, पृ. ३४)

जङ्गललाई हामीले सबै कुराको मङ्गल सम्झनु पर्छ । यी कुरालाई बिर्सी रुख, विरुवा काटियो भने उर्वर भूमि मरुभूमिमा परिणत हुन्छ । यसरी वन जङ्गल जोगाए लाख फाइदा हुन्छ भने भाव यस कवितामार्फत व्यक्त भएको छ ।

## समय आउँछ तर पर्खंदैन

पञ्चचामर छन्दमा संरचित 'समय आउँछ तर पर्खंदैन' भन्ने शीर्षकको कवितामा कविले भन्न खोजेको भाव कविताको शीर्षकले नै प्रस्ट पार्दछ । वास्तवमा समय निरन्तर चलिरहन्छ, ठूला साना धनी, गरिब, बलिया, दुब्ला कसैलाई पर्खंदैन, त्यसैले यस्तो समयको एकदम ख्याल गरेर मात्र अगाडि बढ्नु पर्छ, नत्र पछुतो मात्र हुन्छ भन्दै कवितामा यसरी लेख्छन्ः-

उमेरमै यता उता विचार राख राम्ररी ।

बितेपछी बिती गयो, हुँदैन जो कसैगरी ॥
उदेक मान्छु यस्तरी, पछाडि याम सक्किदा ।
जतन गरेर मालको कुहेर जान्छ मर्क्किदा । (ऐजन २२, १, पृ. ३५)
चट्क चटक् गरी सधै घडी कराइ भन्दछ ।
बितो वितो गयो जिवन् घँचेडी नै उ भन्दछ ॥
तिमी भने कुनै कुरा नसूनि ढुक्क मान्दछौ ।
बिति सकेपछि अहो, भनेर चाल पाउँछौ ॥

(ऐजन २२, २, पृ. ३५)

यसरी चार श्लोकमा लेखिएको उक्त कवितामा प्रकृति प्रदत्त यो समय गरीव-धनी, सानो-ठूलो नभनी सवैलाई निश्पक्ष रुपमा बराबरी बाँडेको छ । त्यसैले समान रुपमा वितरित समयलाई ख्याल गरी सही सदुपयोग गरी सुकार्य गर्नुपर्दछ, समयको महत्व अमूल्य छ, यसको सदुपयोग गरेर अगाडि बढ्नुपर्छ नत्र पछाडि पारिने भाव सरल भाषामा व्यक्त गरेका छन् ।

## चिता बलेको दिन

शार्दूलविक्रीडित छन्दमा रचिएको 'चिता बलेको दिन' शीर्षकको कवितामा कविले आफ्नो घरपरिवार, समाज कसैले पनि आफूले कविता लेखेकामा सहानुभूतिसम्म प्राप्त नभएकाले ज्यादै चित्त दुःखेर आँशु झार्दै केही गर्ने अठोट लिदै दुःखेसो व्यक्त गर्दै कवितामा यसरी लेख्छन्:

एक थोपो पनि आँसू झर्दछ भने पृथ्वी म यहाँ पोखियोस् ।
माया लाग्छ भने म माथि करुणा आएर रुँदै बसोस् ॥
हाँसो उठ्छ भने अति कठिनले दाँत चै नदेखाइयोस् ।
दुःखै लाग्छ भने नसंझि अघिको धेरै नचिन्तालियोस् ॥

(ऐजन २३, १, पृ. ३६)

भावना भएको व्यक्तिलाई समाजले केही उपेक्षा र बेवास्ता गर्‍यो भने उसको मानसिकतामा नराम्रो चोट पुग्छ । विशेष गरी आमालाई छोडेर जान लाग्दा मनमा पीडा पनि उठ्दो रहेछ भन्दै कवि यसरी गुन्गुनाउँछन्:-

बिर्सीए यहि हेरि दीनू सबले जस्लाइ चाहान्छु म ।
बोल्दा बोल्नु यसैसँगै मन गरी भक्कानु पारी कन ॥

मेरै हृदय बोल्छ बोल्छु जसरी आखीर यै हो मन ।
हाँसे हाँस्छु यहाँ यसै तरहले ह् हा गरेकै छु म ॥

(ऐजन २३, ५, पृ. ३७)

सात श्लोकमा लेखिएको यस कवितामा कवि आफूलाई आफन्त, परिवार, इष्टमित्र कसैले पनि सयोग, सद्भाव, सहानुभूति नदिएकोमा आखिरमा आफू चिता जस्तै बलेको बताउँछन् ।

## तिज न तिहारकी चेली

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'तिज न तिहारकी चेली' शीर्षकको कवितामा कवि प्याङ्ग निम्न माध्यमिक विद्यालयमा जागिर खाँदै गरेका बेलामा मावलमा बस्ने अवसर मिलेको थियो । माइत जान नपाएर उनकी माहिली माइजु भाँडा माज्दै रुँदै गरेको देखेर मर्माहत भएर तत्कालै गई लेखिएको बुझिन्छ । यस कवितामा चाडबाडको बेलामा माइत जान नपाएकी एक चेलीको मनोभावना यस्तो छ :

पिल् पिल् आँसु चुहेछ भित्र दिलमा,वास्ता नराखे पछि ॥
आयो तीज न बन्धु भाइ भतिजा,रुँदै बर्से धर्धरी ॥
अर्को पर्व ठूलो वडा दशमिमा,भन्दै थिए स्वामिजी ॥
तिम्रा माइतिको रुखो दिल सखे,माया बिनाकी तिमी ॥

(ऐजन २४, १, पृ. ३८)

यसै गरी कविजी आफ्नो मात्र पीडामा छट्पटिँदैनन् अरूको पीडा वा दुःखमा पनि उत्तिकै मर्माहत बन्दछन् भन्ने कुरा तलको श्लोकले अझ प्रस्ट पार्दछः

धिक्कारै छ मुमा बुबा अरु सबै,माईति छौ जो जति ॥
एक्ली राँडिरछू कठै म टुहुरी,संसारकी दुर्मती ॥
यौटी चेलिरुदै थिइन नजिकमा,यस्तै बिलौना गरी ॥
मेरो पो मुटु चस्कियो दिल दुख्यो,टीपेर ल्याएँ यती ॥

(ऐजन २४,  पृ. ४०)

यसरी सत्य घटनामा लेखिएको उक्त कवितामा १४ श्लोक रहेका छन् । माइती लिन नआउँदाको क्षणमा एउटी चेलीको मनमा उत्पन्न भएको पीडालाई कलात्मक ढङ्गले मीठो भाषामा उनेर व्यक्त गर्न सक्षम कविको उक्त कविता सफल बनेको छ ।

## लक्ष्य

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'लक्ष्य' शीर्षको कवितामा कविको देशप्रेमको भावले ओतप्रोत भएको देखिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा नै देश विकास हो, यसतर्फ सबै अग्रसर हौं, मुखले भनेर मात्र होइन गरेर नै देखाऔं, सत्मार्गमा हिडौं भन्दै कवितामार्फत यसरी पोख्छन् :

नौलो पाठ पढौं विकास पथमा लम्कौं अगाडी बढौं ।
सत्यात्ममा दिलको सु-आदर गरौं सत्मार्ग मात्र हिंडौं ।
ज्ञानीका शुभ साथमा हिडि सधैं ज्ञानकै चलाखी गरौं
आफ्नी मातृभूमि त्यागेर अरुका साझा कहानी नहौं

(ऐजन २५, २, पृ. ४१)

चार श्लोक मात्र रहेको उनको यो कवितामा आफ्ना मान्छे ठगेर होइन, अरू नयाँ नौला कुरा गरेर अगाडि बढौं, उद्योगी बनौं भन्ने भाव व्यक्त भएको छ ।

## दुःखको परिणाम

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'दुःखको परिणाम' शीर्षकको कवितामा कविले दुःख पाएका मानिसहरूको अवस्थाको सचित्र चित्रण गरेका छन् । यस कवितामा गरिबीपनलाई दुःखीका रूपमा राखिएको छ । दुखीहरूले चौबिसै घण्टा परिश्रम गर्नुपर्ने, आफ्ना आफन्त आएको अवसरमा उचित स्वागतसत्कार नपुग्नु, अनि दुःख पाएका मानिसका आफ्नै मानिस पनि भेटको अवसरमा नदेखे जस्तो गरेर तर्किनु, बोल्न नै असजिलो मान्ने धनले मात्तिएका धनी व्यक्तिहरूका व्यवहारलाई यथार्थ रूपमा यसरी लेख्छन्:

आफ्ना इष्ट सबै अनिष्ट बनिए यै दुःखका पीरले ।
चिन्दैनन् कतिले बरा गरिबिका नाता अधूरा भए ॥
झर्कीए पनि है उता कति जना पूगेन स्वागत भनी ।
तर्कीए र हिँडे गजक्क बनिदै बोल्दै नबोल्ने पनि ॥

(ऐजन २६, २, पृ. ४२)

कवि दुःखीका दुःखमा पनि उतिकै सहानुभूति राख्दै किन जन्म भएको हो भने निराशा भावसमेत व्यक्त गर्दै अन्त्यमा आखिर यो संसार सबै दुःखकै भवसागर नै त रहेछ भन्नसम्म पुगेका छन् ।

## आँशु पुछेर पनि भएन

शिखरिणी छन्दमा रचना गरिएको 'आँशु पुछेर पनि भएन' शीर्षकको कवितामा कवि आफ्ना केही दौंतरी साथीहरूले आफ्नो भावना नबुझेर, बाहिरी रूप हेरी कालो देखेर खिल्ली उडाएको, तर उनीहरू राम्रा गतिला, हुँ भनेर ठान्नेलाई कपडामा रूपमा मान्छेको मूल्याङकन नहुने कुरालाई कवितामा यसरी लेख्छन् :

पहाडी नै चिन्नु समय नपुगी के सफलता ।
ठिकै हो राम्रा छौ नयन कपडा जो पहिरंदा ॥
मता झुत्रे कालो कुरूप छु सधैं सभ्य पनता ।
अगाडी दर्शायौं रूपगुण तिमीमा रछ पूरा ॥

(ऐजन २७, २, पृ. ४३)

जसरी नरिबलको मीठो रस पनि जटाभित्र हुन्छ, त्यस्तै आफूमा पनि केही मीठो भाव रहेको, तिमीहरू आफ्नो काममा व्यस्त हौ तर अर्काको खिल्ली उठाउने काम पटक्कै नगर, एउटा विरुवा फल नलागेसम्म कसैले चिन्न सक्दैन कसैमा पनि केही असल फल लाग्ला भन्दै कवि लेख्छन् :

अहो कस्ले चिल्ला नफलि नफुली सूक्ष्म विरुवा ।
नहुत्याऊ ऐले नचुँड कलिला पात उसका ॥
फलोस् पाकोस राम्रो फलहरू नचाखीकन कतै ।
कसोरी भन्छौ लौ अहित विरुवा झट्ट बुझ है ।

(ऐजन २७, ५, पृ. ४४)

पशुले पनि राम्रो नराम्रो छुट्याउन सक्छ तर मान्छे चाहिँ पशुभन्दा पनि तल पुगेका सज्जनलाई उल्टै मूर्ख बनाउने मानिस रहेका र आखिर एकदिन सबैले मर्नै पर्छ भन्ने करुण रसपूर्ण भाव पोखिएको छ ।

## किन अपहेलना

शार्दूलविक्रीडित छन्दमा संरचित 'किन अपहेलना' शीर्षकको कवितामा कविले जुन चीज सभ्य भनाउँदाका आँखामा कुरूप देखिन्छ ती नै चीज समाजमा अति आवश्यक हुने प्रसङ्गलाई मीठो भाषामा व्यक्त गरेको पाइन्छ । हामीले खाने मकै भुट्नु परेमा कालो कुरूप हाँडी चाहिन्छ, श्रीमती

सुत्केरी हुँदा र सानो बच्चालाई पनि काटेकै थाङ्गनाको महत्व भएको, भाँडा फोहर भएमा सफा गर्ने मस्कौटो पनि कुरूप नै हुने र अन्न उब्जाउने गरिब खतिर श्रमिककै महत्व हुने हुँदा यी चीज कुरूप देख्ने मूर्ख व्यक्तिलाई तीव्र व्यङग्य प्रहार गरेका श्लोकहरू यसप्रकार छन्:

मस्कौटो नभए सफला हृदयले खाँदौन जो व्यञ्जन ।
बक्छौं के बढिया कु वाक्य म  कहाँ हे राक्षसी दुर्जन ॥
गोवर्का रसमा उमारि विरुवा पाके छ यौटा फल ।
स्वादीलो रसिलो मिठो र गुलियो यै नै भयो हैन त ?

(ऐजन २८, २, पृ. ४५)

फोहोरी खटिरे गरीब नभए गर्दिन्छ कस्ले श्रम ।
लाटो मारि नखाउ मासु दुनियाँ रोएर आयो मन ॥
फोहोरी किन भो गरीब किन भो जोगी भयो त्यो किन ?
मानिस् हो तर यो दया गर बरु सोचेर मात्रै भन ॥

(ऐजन २८, ३, पृ. ४५)

यसरी निर्धो मारेर लुटेर खानु दर्बुद्धि हो, केही चीज पनि अपहेलना नगर्न कविको आग्रह छ । सामाजिक प्रभाव विरूद्ध व्यङ्ग्य गरिएको छ ।

## युवती

मन्दाक्रान्ता छन्दमा संरचित 'युवती' शीर्षकको कवितामा कविले नारी जातिलाई एकातर्फ धर्तीमाता र अर्कातर्फ चन्द्रमासँग तुलना गर्दै, उसले जस्तोसुकै अवस्थामा देखिएको सहनशीलता, लगनशीलता, र शीतलताको हृदय खोलेर प्रशंसा गरेका छन् । पुरुषको जस्तोसुकै व्यवहारमा पनि धर्तीझैं सहनशीलता देखाउने युवतीको महानतालाई मीठो भाषामा व्यक्त गरेका छन् । नचाँहिदो तडकभडक देखाउँदै हिड्ने युवतीले नै महिलाको अवमूल्यनमा उत्रिएको प्रसङ्ग पनि जोडेका कविले कवितामा यसरी आफनो भावना पोखेका छन् :

नौलो यौटा युवक सितको बाध्यताको व्यबहार ।
चाल्छौ पाऊ छमछम गरी नाँच्दछौ सभ्य साथ ॥
जस्तो एउटा गगनबिचमा चन्द्रमाको प्रकाश ।
त्यस्तो तिम्रा रूप छ जगमा चन्द्रमा हौ बिचार ॥

(ऐजन २९, २, पृ. ४६)

कविले यसै कवितामार्फत युवक र युवतीमा जहिले समान व्यवहार हुन्छ अनि मात्र सभ्यताको शुरुआत होला भन्ने समानताको चाहना पनि कवितामार्फत यसरी व्यक्त गरेका छन् :

कस्ले देला हृदय भरिको ढुक्क लाग्ने जवाफ ।
के गम्कीन्छौ युवकहरू हो राम्ररी यो बिचार ॥
तिम्रा दु:खी घरजम भए पत्निका वात खाऊ ।
हाँस्दै नाच्दै युवक युवती एक साथै रमाऊ ॥

(ऐजन २९, १२, पृ. ४७, ४८)

यसरी एघार श्लोकमा रचना गरिएको उक्त कवितामा कविले नारीको महिलमा मीठो स्वरमा गाएका छन् र समानताको आह्वन  समाजलाई गरेका छन् ।

## मान्छेको विकास

शार्दूलविक्रीडित छन्दमा संरचित ‘मान्छेको विकास’ शीर्षकको कवितामा कविले मान्छेको विकास भनेर जनसङ्ख्याको वृद्धिलाई भनेका छन् । जहाँ गयो त्यही भीडैभीड हुने अनियन्त्रित मान्छेलाई देखेर सन्ततिप्रति चिन्ताको भाव व्यक्त भएको छ । जहीँ त्यहीँ जनसङ्ख्या मात्र वृद्धि भइरहेछ, उद्योगधन्दा चाहिँ केही खुलेका छैनन् । भोलि यी मानिसहरूले कसरी जीवन निर्वाह गर्लान् भन्ने चिन्ता कविको भएकाले यसले दुर्गति निम्त्याएमा ज्यादै दु:खकष्ट भोग्नु पर्लाकि भन्ने चिन्त समेत व्यक्त भएको भावलाई कविले यसरी लेख्छन् :

मान्छेको छ विकास द्रूत गतिमा माछा अमीवा सरी ।
माकुरो जसरी फुटेर मरिगो त्यस्तै बिलौना गरी ॥
रुनेछन् अब यी सबै जगतका भोका र नाङ्गा जन ।
बढ्दै जान्छ प्रत्येक वर्ष क्रमयो खाद्यान्यको भीषण ॥
पर्ने भो झगडा महा प्रलयको आयो अनौठो दिन ।
मान्छे हो अझ थाह छैन कि अझै एक जोरमा दर्जन ॥
बाजेका परिवारमा अघि बुबा काका फुपू नौ जना ।
ऐले हामि भयौ उनान्सय जना हाम्रो हुँदा लाखमा ॥

(ऐजन ३०,  पृ. ४९)

छ श्लोकमा लेखिएको यस कवितामा मान्छेको जनसङ्ख्या मात्र बढेको तर उद्योगधन्दा केही नखुलेकाले भविष्यप्रतिको चिन्तनलाई मीठो शैलीमा व्यक्त गरेका छन् । यहाँ खास गरी विकासोन्मुख देसहरूलाई लक्ष्य गरी लेखिएको यस कविताले निराशापूर्ण भाव व्यक्त गरेको छ ।

## अहो अझैता बिहानै पो रहेछ

मन्दाक्रान्ता छन्दमा लेखिएको 'अहो अझै ता बिहानै पो रहेछ' शीर्षकको कवितामा कविको अझै केही काम गर्नै पो बाँकी रहेछ भन्ने भाव व्यक्त भएको छ । धोका बाधा केही पनि नहोस्, मानवको रूपमा हेरियोस् र बाधाअड्चना हटून् र केही गर्ने बाटो खुलोस् । अझै रविले पनि आफूलाई नै पर्खिरहेका रहेछन्, सूर्यलाई देवताको रूपमा पुकार्दै मलाई तिमीले साथ दिनुपर्छ भन्दै यसरी प्रार्थना गरिएको छः

पर्खी पर्खी हिड रवि तिमी साथमा लेउ छिट्टै ।
तर्सी तर्सी नहिड मनु हो भावना छैन रित्तै ॥
खोक्रो बुद्धि नगर दुनियाँ चेतना खै तिमीमा ।
मानव नै हुँ म पनि सँगमा खेल्दछु यै लहड्मा ।

(ऐजन ३१, ३, पृ. ५१)

## इलाम छेउ नामसालिङ्गमा

शार्दूलविक्रीडित छन्दमा संरचित 'इलाम छेउ नामसालिङ्गमा' शीर्षकको कवितामा कविले आफू जन्मेको त्यस ठाउँका परिश्रमी किसानको र उर्वर माटो महिमा गाइएको छ । इलाम सदरमुकामको पूर्वउत्तरमा पर्ने नामसालिङ्गका समुदायको कृषि पेसा र उनीहरूको त्यसप्रतिको लगाव, त्यसबाट प्राप्त हुने पौष्टिक आहार र त्यहाँका चिया बगानहरूको खुलेर प्रशंसा गरेका छन् । यहाँ मानिसहरू ज्यादै पौरखी रहेका यस्तै सम्पूर्ण देशबासी पौरखी हुने भए बेरोजगारी समस्या पनि हल हुने र देश जनताकै उन्नति हुने विषयलाई कवितामा यसरी कुँदैका छन्ः

माटो स्वच्छ पवित्र मानिस हुने धार्माधिकारी पनि ।
रोपौं है नवपालुवा वरिपरी होला सबै नै धनी ॥
सप्रेलान् सब गाउँका घरहरू ताजा मिठा सब्जिले ।
होला त्यस दिनमा विकास जगको मान्नु हवस ए पृय ॥

(ऐजन ३२, ६, पृ. ५३)

यसरी यस कवितामा स्थानीयताका भाव झल्काएका छन् ।

## देश नेपाल

मन्दाक्रान्ता छन्दमा लेखिएको 'देश नेपाल' शीर्षकको कवितामा कविले आफ्नो मातृभूमि र राष्ट्रियताप्रति अघाध ममता व्यक्त गरेका छन् । उक्त कवितामा कविले शान्तिको देश नेपाल विश्वमा नै चिनिएको हिमशिखरले गर्दा विश्वमा दाँजिएको, डाँफेमुनाल रमाउने, ढकमक्क बाली नालीले भरिभराऊ देशको बखान कवितामा कविले यसरी गरेका छन् :

शान्ती भूभी भनिकन सबै विश्वले नै चिनेको ।
ज्यादै राम्रो भुवन भरिको देश नेपाल हाम्रो ॥
खोला नाला भिर र पहरा फाँटले छाँटिएको ।
डाँडाकाँडा हिम शिखरले विश्वमा दाँजिएको ॥

(ऐजन ३३, ४५, पृ. ५४)

छाँगा बाटै चिमल र सफा खेत पानी कणीका ।
देख्छू झर् झर् मत यि मसिना मोतिमाला मणीका ॥
छाडे वाणी यसरी कविता एक टुक्रा बनेछ ।
हाम्रो निम्ती अब त यही नै स्वर्ग यो सिर्जिएछ ॥

(ऐजन ३३, ७, पृ. ५५

## दिमाँगसँगको वार्ता

'दिमागसँगको वार्ता' शीर्षकको कविताका छेउमा 'एकटुक्रो गद्य कविता' भन्ने नाम दिएकाले र रिजालको 'सम्झना' कवितासङ्ग्रहको एउटा मात्र गद्य कविता हो । ए खप्पर ! भन्दै आफनो दिमागलाई सम्बोधन गरिएको उक्त कविताका पङ्क्तिहरूमा लेखनको क्रममा आउने समस्यालाई यथार्थ ढङ्गमा प्रस्तुत गरेका छन् । कविता लेखनले कसैलाई टी.बी. उब्जायो, कोही यही पेसाले बूढा भए, कसैले ज्यादै दुःख कष्ट भोगे । मेरो हालत पनि यस्तै त हुने होइन ? भन्ने प्रश्न गर्दै मानिस भएर एउटा न एउटा नयाँ कृति चाहिँ छोड्नु नै पर्छ तर आफू एउटा कृषक भएको त्यसतर्फ पनि ध्यान दिनु पर्ने त्यसै अवस्थामा भावना पनि सँगै आइदिँदा कतै मेरो लक्ष्य त भताभुङ्ग हुँदैन ? भन्ने भाव प्रश्नात्मक रूपमा यसरी व्यक्त भएको देखिन्छः

ए खप्पर ए टाउका ! ए गिदी
म रोगले मरि सकें भुँडी मिची
कि मलाई गरिहाल किचि पिची,

होइन भने यो अर्धमृत्यू शरिर छिटो खा,

कोही टी.बी. निस्किएर अस्ताए
कोही यसै कार्यले वृद्ध भए,
कसैले कुकुरले नपाएको दुःख पाए,
त्यसैले म यो कामले असाध्य डराएँ ।

(ऐजन ३४ पृ.५६,५७)

## ४.१.१.२ "रिजालका केही कविताहरू" कवितासङ्ग्रहको अध्ययन

श्रीमतीसँग अलग भएर बसेका कृष्णप्रसाद रिजालले 'रिजालका केही कविताहरू' कवितासङ्ग्रह वि.सं. २०६१ सालमा प्रकाशन गरेका हुन् । कृतिगत आधारमा नवौं स्थानको र सङ्ग्रहगत रूपमा दोस्रो कवितासङ्ग्रहको रूपमा रहेको यस कवितासङ्ग्रहमा जम्मा पाँचओटा मात्र कविताहरू रहेका छन् । यसमा पद्यमा तीन र गद्यमा दुईओटा कविताहरू रहेका छन् । यहाँका कविताहरू नेपाली कविताको परम्परागत मूल्य र मान्यतालाई नतोडी रचना गरिएका छन् । उनका प्रायः सबै कवितामा राष्ट्रियताको अगाध प्रेम प्रदर्शन भएको पाइन्छ ।

कवि कृष्णप्रसाद रिजाललाई पनि अन्य साहित्यकारहरूभैँ आफ्नै गाउँ, आकाश, धर्ती, अनि यहाँका मनुष्यले भोग्नु परेका समस्याहरूका साभा अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको भेटिन्छ । यसै कारणले गर्दा यस सङ्ग्रहका कविताले पाठकवर्गबाट निकै प्रशंसा प्राप्त गरेको छ ।

त्यस्तै भूमिका लेखनका क्रममा डा. भोला रिजालले राष्ट्रिय संस्कृतिलाई मुटुको प्रत्येक रक्त नलीबाट राष्ट्रियता प्रवाह भएको पाएँ भन्दै प्रशंसा गरेका छन् ।

### 'रिजालका केही कविताहरू' सङ्ग्रहीत कविताको अध्ययन र विश्लेषण :

कविको साहित्य यात्राको दोस्रो चरणमा रचित पाँचओटा कविताको सङ्गालोको रूपमा आएको 'रिजालका केही कविताहरू' कवितासङ्ग्रहभित्रका कविताहरूको क्रमशः अध्ययन तथा विश्लेषण गर्दै प्रकाश पारिएको छ ।

### विवाह

शार्दूलविक्रीडित छन्दमा संरचित यो 'विवाह' शीर्षकको कवितामा नेपाली संस्कृति र परम्पराअनुसार छोरी चेली दुलही बन्न लागेका क्षणमा उत्पन्न हुने जुन भावानात्मक तरङ्गहरूलाई आफू दुलही भएर कलात्मक ढङ्गमा व्यक्त गरिएको पाइन्छ । एउटी गाउँले युवतीका रोमाञ्चकारी घटना परिघटनाको शृङ्खलाबद्ध चित्रण गरिएको उक्त कवितामा दुलाहाका घरबाट निस्केपछि

पञ्चेबाजा बाटा भरि, नरसिंङ्गा चाहिँ जहाँ मठमन्दिर बरपिपल भेटिन्छ त्यहाँबाट बेहुलीको घर ताकेर बजाउने चलन रहेको यसै क्रममा बेहुलीका मनमा यस्तो भाव व्यक्त हुन्छ भन्दै कवि लेख्छन् :

नर्सिङ्गा जब त्यो ठूलो बरमनी चर्केर लामो बज्यो ।
मेरो अन्तर अनेक सपना नाना कुराले थिच्यो ॥
जन्ती आई पुगे भनेर घरमा हल्ली र खल्ली भयो ।
ब्यौलीको मुटुनै विभाजित भई आधा तिमी मै सर्‍यो ॥

(रिजालका केही कविताहरूः १,१, पृ. १)

यसै गरी घरको आँगनमा स्वयंवर भएको औंठीको साँगुरो परिधिमा बाँधिएको र धेरै बस्त्रहरू लगाएर घुम्टो लगाउँदा अति खटपट भएको जब बेहुली भएर बेहुलाको घरभित्र पसिसकेपछि आफ्नो गोप्यसमेत भङ्ग भएको विषयलाई कवि यसरी लेख्छन् :

च्यातेको फुलझैं गरेर तिमीले सर्वस्व मेरो लियौ ।
छातीमा अझ भित्रभित्र तिमी नै आइ बसेका थियौ ॥
पैलो भेट यहाँ मलाई करले बाँधेर जे जे गर्‍यौ ।
मेरो गोप्य रहेन केही अब खै ? गर्नु नगर्नू गर्‍यौं ॥

(रिजालको केही कविताहरूः १,२, पृ. २)

यसरी नारीको सर्वस्व लिएर मलाई अर्दाङ्गिनी बनायौं । गोप्य, केही रहेन, खेलौना बनिएँ, ब्यौली बनाएर यो सबै जीवन लियौ भन्दै कवि अझै यसरी गुञ्जन्छन् :

टयाम्को त्यो सनही दमाहा कहिले डुङ्डुङ् गरी बज्दथे ।
तिम्रो आँगनमा पुगरे दुलही आधार नै खोज्दथे ॥
ज्यादै निस्ठुर मै घमाधम तिमी उर्लेर बाढी बग्यौ ।
बाँकी के छ र ! लाज मान्नु अब खै गर्नु नगर्नु गऱ्यौ ।

(ऐजन १,६, पृ. २)

छ श्लोकमा विस्तारित विवाह कविता हाम्रो हिन्दू संस्कृतिअनुसार ज्यादै सहजैसँग नारीहरूले अर्काको घरमा समाहित हुनु पर्ने तीतो सत्यलाई ज्यादै कलात्मक भाषामा व्यक्त गरिएको छ । र्सयोग श्रृङ्गार रसको प्रयोग प्रशस्त यस कवितमा भएको पाइन्छ ।

## एक्लो जीवन

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'एक्लो जीवन' शीर्षकको कविता दाम्पत्य जीवनबाट यथाथ रूपमा एक्लिएका कविले एक्लोपनको मार्मिक व्याख्या यसरी कवितामार्फत गरेका छन्:

एक्लो जीवनलाई एक्लिन पुग्यो चाहिन्छ के नै अब ।
साँच्चै एक्लन सक्छ आज कविजी एक्लिनमै सत्य छ ॥
एक्लै जन्मिन सक्छ यो पृथिविमा मर्नु छ एक्लै भने ।
साथीलाई कुनै दबाब नदिनु एक्लै बनायो भने ॥

(ऐजन, २,१, पृ. ३)

वास्तवबमा एक्लो अवस्थामा नै रोए पनि कसैले नसुन्ने, पृथ्वी, चन्द्र सूर्य पनि त ! एक्लै छन् उनीहरूलाई के जोडी हुने मन थिएन होला भन्दै चित्त बुझाउँदै एक्लो जीवनले चाँही मानिसलाई अन्धकार खुलाउने ज्योति चाहिँ दिन सक्दो रहेछ खाखिर नदी नालालाई पनि हिमाल चुचुरासँगै बस्न मन थियो होला तर हिमाल आफैँ पग्लिएर नदी नाला बगाएर पनि हाँसी रहेको देख्ने कविजी जीवनको अर्थ नै बहनु, समय व्यतित गर्नु त रहेछ भन्दै कवितामा यसरी लेख्छन् :

चाहन्छन् ती सबै हिमाल चुचुरा बग्ने नदी साथमा ।
सक्दैनन् किन आज साथ दिन नै रोएर बग्छन् यहाँ ॥
बग्नू जीवन हो विशाल नदिको छाडेर जाने कतै ।
कस्ले सक्दछ रोक्न आज सजिलै बग्दो छ संसार नै ॥

(ऐजन, २,३, पृ. ३)

फेरि कविजी कल्पना गर्छन् सूर्यसँग नै पृथ्वीलाई अडेर बस्ने मीठो चाहना थिएन हो ! दिनरात पनि त सँगै हुँदैनन् तर कविजी अथवा आफूलाई एक्लै देखेर नै कविताले रातमा आएर साथ दिएको भन्दै कवितामा यसरी लेख्छन् :

होला सूर्यसँगै अडेर पृथिवि बस्नै मिठो चाहना ।
सक्दैनन् दिन रात साथ दिन नै एक्लै भए अन्त्यमा ॥
एक्लै छौ कविजी भनेर कविता आएर नै रातमा ।
एक्लै छैन भने बुझिन्न कविता पढ्नू बरु साथमा ॥

(ऐजन, २, ४, पृ. ४)

आखिर कवि अन्त्यमा आफ्नो एक्लोपनामा नै रमाउँदै भाग्यले पो एक्लो भइएछ । यो संसारको रचना पनि त एकलै भएको हो, आखिर यसैमा रमाउन सक्नु नै महानता हो भन्ने कुरालाई कवितामा यसरी लेख्छन् :

तिम्रो भाग्य थियो र पो हुन गयौ एक्लो कुनै रातमा
एक्लै मा छ मीठो अनन्त रचना यो विश्वकै माझमा ॥
तारा चम्किरहेछ शून्य नभमा एक्लै छ आकाशमा ।
सक्नू पर्दछ हाँस्न यो पृथिविमा एक्लै र एकान्तमा ॥

(ऐजन, २, ५, पृ.४)

निकै रोचक र मार्मिक रूपमा प्रस्तुत भएको यो कवितामा विभिन्न प्रतीक र बिम्बको सहायताले एक्लोपनमा मात्र मानिसले यथार्थ धरातल छुन सक्छ वा सक्नु पर्दोरहेछ आखिर मानिस अन्त्यमा एक्लै नै त हुन्छ भन्दै ५ श्लोक खर्चेका छन् । कविमा आएको परिपक्वता र दार्शनिकताको उदाहरणको रूपमा यो कवितालाई लिन समेत सकिन्छ । यो कविता कविको जीवनसँग एकाकार भई बढी यथार्थपरक छ ।

## माता पञ्चकन्या सितको प्रार्थना

शार्दूलविक्रीडित छन्दमा लेखिएको 'माता पञ्चकन्यासितको प्रार्थना' शीर्षकको कवितामा कविले वि.सं. २००९ सालमा इलाम जिल्लाको कर्फोक विद्यामन्दिरमा आयोजित विराट कविगोष्ठीमा खिचिएको त्रिमूर्ति कवि, (लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा) को तस्वीरलाई देखेपछि कविको भावना उर्लिएर आएको, यही ्इलामका साहित्यकारहरू तारानाथ शर्मा, भूपिशेरचन, माधव भँडारीले पनि जुनेली पत्रिकामार्फत यसको व्याख्या गरेको विषयलाई कवितामा कविले यसरी उल्लेख गरेका छन्:-

यौटा तस्विर सधैं  हृदयमा कर्फोक सम्झाउँछ ।
त्यो संझे पछि भित्रबाट कविता उर्लेर नै आउँछ ॥
त्यो तिम्रो रूपको बयान अघिका धेरै कविले गरे ।
ताराले भूपिले र माधवजीले लेख्दै जुनेली छरे ॥

(ऐजन, ३,१, पृ. ५)

यही पवित्र स्थलमा फेरि गौरी खण्डकाव्यका रचयिता राष्ट्रकवि माधव घिमिरेलाई पाउँदा अत्यन्तै खुसी र भाग्यमानी ठान्दै सारा दु:ख जनताले बिर्सिएको यही अवसरमा नै यो कविता रचना गरेर माधव घिमिरेलाई सुनाएका थिए ।

माता पञ्चकन्या देवी नजिकमा रहेको यो कर्फोक विद्यामन्दिरबाट यी माताले यस्ता कति कवि गोष्ठीहरू सुनिन् होला भन्ने कल्पना गर्दै यिनै माताले नै कविताको पनि मूल्याङ्कन गर्दै होलिन् भन्ने भाव यसरी व्यक्त भएको छः-

यी देवी नजिकै रहेर सँगमा आदि अनादी सबै ।
कस्को के कति भावना छ दिलमा तौलेर संझाउँदै ॥
दुर्गाकै रूप हुन् सबै यि कविता यी पञ्चकन्या सित ।
वारंवार प्रणाम ! गर्दछु सधै आफ्नै झुकाई शिर ॥

(ऐजन, ३, ५, पृ. ५

यसरी कविले यस कवितामा ऐतिहासिक सत्य घटनामा आधारित विषयलाई आफ्नो भावनामा मुछेर मीठो भाषाशैलीमा व्यक्त गरेका छन् ।

## त्यो आकाशकी चन्द्रमा यो पृथ्वीको कवि

'रिजालका केही कविताहरू' शीर्षकको कवितासङ्ग्रहमा 'त्यो आकाशकी चन्द्रमा यो पृथ्वीको कवि' शीर्षकको गद्य कविता सङ्ग्रहीत छ । आकाशमा रहेकी चन्द्रमाले पृथ्वीको कविसँग गरेको एकालापलाई कविताको गद्यात्मक ढाँचामा उतारिएको उक्त कविताले द्विअर्थ प्रदान गरेको छ । अभिधात्मक रूपमा चन्द्रमाले पृथ्वीसँग गरेको एकालाप प्रस्तुत भएको छ भने व्यञ्जनात्मक रूपमा श्रीमतीबाट अलग रहेका कविकी आकाशमा रहेकी चन्द्रमाले पृथ्वीमा रहेको कवि स्वयम्सँग गरेको एकालाप प्रस्तुत भएको छ । कवितामा आकाशबाटै भए पनि शीतल प्रकाश र सुन्दर रूप दिएर नै पूर्णिमाकी चन्द्रमा भएकी छु बाट सुरु भएको उक्त कवितामा पृथ्वीमा भने ज्यादै नै कोलाहल, हिंशा आतङ्क नरसँग्राम मच्चाएको, किन यस्तो कोलाहल मच्चाएको नबुझिएको भन्दै बरू मुक्ति चाहन्छौ भने चन्द्रलोकमा नै शितलता पाउन सकिन्छ आऊ भन्ने भाव कवितामा यसरी व्यक्त भएको छः-

आकाशबाटै भएपनि शितल प्रकाश र सुन्दर रूप
तिमीलाई दिएर म पूर्णिमाकी चन्द्रमा भएकी छु
पृथ्वीमा कोलाहल मच्चाएर, गृहयुद्ध मच्चाएर,
के पाउने आशमा तिमीहरूले यो रणसँग्राम
गरि रहेछौ त्यो मलाई थाहा छैन ..............

(ऐजन, ४,१, पृ. ६)

तिमी नै आऊ भन्ने इच्छा व्यक्त गर्दै चन्द्रमाले कविजीलाई भन्छिन् । मेरो सुन्दरताको घमण्ड छैन अब ग्रहण लागेको देखेर तिमीले मलाई शङ्का गर्छौ म माथि देखिएको कालो दागको विषयमा चर्चा गर्छौ रे । तर पृथ्वीमा झन राम्रो भन्ने केही छैन । कताकता तिमी कविहरू छौ तिमीहरू पनि दोषी नै छौँ काल्पनिक दोष देख्नु जस्तो ठूला गल्ती केही हुन नसक्ने भन्दै चन्द्रमा अझ गरिर तिमी साँचीकै कविता लेख्छौ भनेँ सगरमाथाछेऊ गएर सत्यतथ्य लेख आफ्नो मातृभूमिको आफैँ रक्षा गर भन्दै कवि लेख्छन्ः-

तिमी साँच्चै कविता लेख्छौ भने सगरमाथामा जाऊ
सगरमाथाको चुचुरोबाट देखिने दृश्यमा सत्यता हुन्छ
विदेशीहरूले सगरमाथा कुल्चिएर कविता लेख्न थाले भने
अझ तिम्रो दशा के होला, नजिकको तिर्थ हेला गर्दछौ ?

(ऐजन, ४,६, पृ. ६)

यसरी हामी दुवै टाढा छौँ टाढाको प्रेम यस्तै हुन्छ तिमी कविहरूलाई आखिर रकेट चाहिँदैन भावना मात्रै आइपुगे भयो भन्दै कवितामा यसरी प्रस्तुत गरिएको छः

अब यो टाढाको प्रेम यस्तै हुन्छ तिमी नसुर्ताइ बस
यता आउने हिम्मत गर्छौ भने विस्तारै यात्रा सुरु गर
रकेट चाहिँदैन तिमी कविलाई तिम्रो मन आए पुग्छ ।

(ऐजन, ४, पृ. ७)

चन्द्रमाको एकालाप भएको यस कवितामा आफ्नो टाढाको प्रेमिलाई अनेक प्रसङ्ग निकालेर आउन आग्रह गर्दै अन्त्यमा भावना मात्र आए पनि सन्तुष्ट हुने वचन व्यक्त भएको छ ।

## श्री अन्तु र रारा ताल

'श्रीअन्तु र रारा ताल' शीर्षकको कविता गद्यात्मक ढाँचामा लेखिएको छ । यस कवितामा कविले नेपालको पूर्वी जिल्ला इलाममा रहेको पर्यटकीय तीर्थस्थल श्रीअन्तुलाई पुरुष पात्र र पश्चिमको मुगु जिल्लामा पर्ने राराताललाई स्त्री पात्रको रूपमा उपस्थापन गराएर प्रेमि श्री अन्तुले सम्बोधनात्मक ढाँचामा रारासँग एकालाप भएको उक्त कवितामा पनि अभिधात्मक रूपमा श्रीअन्तु र रारा पात्र देखिन्छन् भने व्यञ्जनात्मक रूपमा कविको आफ्नै जीवन सँगीनीसँगको एकालाप व्यक्त भएको देखिन्छ । यस गद्य कवितामा श्रीअन्तुले रारालाई सम्बोधन गर्दै रारा अन्तुबाट तिमी टाढा भए पनि टेलिफोनमार्फत आफ्नो माया ममता प्रदर्शन गरी रहेकी छौ, हुन त तिमी जस्ती सुन्दरी म अन्तु नभएपनि मेरो ठाउँबाट सुन्दरताको रसास्वादन भने यहाँ भइरहेछ । यहाँ पनि कम मनोरम

दृश्यहरू छैनन् । सूर्योदय जस्तो दृश्य पनि यहीबाट देखिन्छ, त्यसैले मलाई वा अन्तुलाई भेट्न तिमी आऊ भन्दै यस वर्षको नयाँवर्षसमेत रारासँगै बसेर मनाउने रहर भएको बताउँदै यहाँको अहिलेको अवस्था कोलाहलपूर्ण रहेको तनावपूर्ण रहेको छिमेक-छिमेकमा झैझगडा हुने गरेको भए पनि दुःखसुखसँगै गरौँला । तिमी आऊ भन्दै छिमेकी राष्ट्र भारतले गरेको सीमा विवादलाई यहाँ यसरी व्यक्त गरेका छन्ः-

रारा ! ओ रारा !!
पर्ख पर्खदै गर
म मेरो घर झगडा मिलाउन खोज्दैछु
छिमेकी आक्रामक भएर खनिएको छ म माथि
मेरो आन्तरिक मामलामा हस्तक्षेप गर्दैछ
ऊ आफुलाई ठूलो ठानेर अहंकार गर्दैछ
ऊ म माथि निर्धो ठानेर डुक्रिदैछ
भित्र भित्रै सुनियोजित षड्यन्त्र बुन्दैछ

(ऐजन, ५, पृ. १०)

छिमेकी मात्र होइन नेपाली पनि यसबाट चोखा छैनन् भन्ने दुःखसमेत व्यक्त गरेर तिमीले नै बरू साथ देऊ रारा, हाम्रो भावना मिलेमा अरुको केही पनि लाग्दैन । त्यसैले पहिले हामीमा एकता चाहिन्छ भन्ने एकताको भावसमेत व्यक्त यसरी गरेका छन्ः-

रारा ! ओ रारा !!
तिमी हामी एक आपसमा मिल्यौं भने
आन्तरिक शक्ति बढाएर लग्यौं भने
एक आपसका सुख दुःख साटासाट गर्‍यौं भने
त्यो बाहिरी दुश्मन आफसे आफ भाग्छ
त्यो आन्तरिक प्रेम देखेर तर्सन्छ
त्यो हाम्रो आन्तरिक माया ममता देखेर तड्पिन्छ
त्यो हाम्रो आन्तरिक शक्ति देखेर डराउँछ
त्यो आन्तरिक चाल बुझेर भयभित हुन्छ
त्यसैले त रारा आऊ मलाई साथ देऊ

(ऐजन, ५, पृ. ११)

यसरी कविले पूर्वी भेगमा रहेको इलाम जिल्ला र पश्चिममा रहेको मुगु जिल्लामा भएको आन्तरिक पर्यटनको विकास निर्माणको कार्ययोजनाहरू समानुपातिक हुनुपर्ने समेतको धारणा यसरी व्यक्त भएको छ:

रारा ! ओ रारा !!
तिम्रो उज्यालो चेहरामा श्रीअन्तुको छायाँ पर्नुपर्छ
तिम्रो कंचन सफा र सुन्दर पानी भित्र
म इलाम मुटु भित्रै देखिनु पर्छ सजिनु पर्छ
यसरी हाम्रो एक आपसको सहयोगले
अर्को विशाल शक्तिको जन्म हुने गर्छ
रारा ! ओ रारा !!
अब त तिमी मलाई निसंकोच साथ दिनुपर्छ
अब त तिमीले मलाई निसंकोच साथ दिनपर्छ ।

(ऐजन, ५, पृ. १२)

श्रीअन्तुको मात्र होइन इलामको धेरै प्राकृतिक मनोरम स्थलहरुको व्याख्या छ । सीमा अतिक्रमणको यथार्थ बर्णन छ । राष्ट्रिय गौरवको महत्वबारे प्रकाश पार्दै राष्ट्रिय एकतामा जोड दिएको छ । यस कवितामा बर्णित मनोरम स्थल रारा र श्रीअन्तु प्राकृतिक रुपमा ज्यादै मनोरम स्थल हो । प्राकृतिक बर्णन मात्र होइन राष्ट्रियताको समेत बर्णन छ । विश्वव्यापि रुपमा हाल रहेको हत्या, हिंसा र ठूलाले सानामाथि गरेको थिचोमिचो जस्ता मत्स्यन्याय व्यावहारको व्याख्या, विश्लेषण यस कवितामा पाइन्छ ।

## ४.१.२ खण्डकाव्यकार कृष्णप्रसाद रिजाल

### ४ .१ .२ .१ परिचय

ज्ञान विज्ञानको समष्टि रूप वाङ्मय हो । यसैको एउटा शाखा कला हो । कलाका पनि वास्तुकला र ललितकलामध्येको ललितकलाको एउटा भेदको रूपमा साहित्य पर्दछ । साहित्यका पनि अनेकौं शाखा प्रशाखा छन् । यी मध्ये कविताको एउटा उपविधात्मक रूपअर्न्तगत खण्डकाव्य पर्दछ ।

खण्ड+काव्य दुई शब्दको संयोगबाट खण्डकाव्य शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ कुनै काव्यको खण्डित अंश वा एक अंश भन्ने हुन आउँछ । यस अर्थमा पूर्ण नभईकन खण्ड हुन नसक्ने वा जीवनको पूर्णभन्दा खण्डविशेषको चित्रण खण्डकाव्यले स्वीकारेको पाइन्छ ।

पाश्चात्य काव्यशास्त्रीहरूले पद्यकाव्यका मूलतः Short poem /Long poem गरी दुई भेद गरेको पाइन्छ भने Short poem भित्र Lymn (सूक्त) /Lirics (प्रगीत) पर्दछन् भन] Long poem भित्र balland, ballandelegy (शोककाव्य) गाथा र narative poem ( नेरेटिव पोइम) (आख्यानात्मक कविता) गरी अध्ययन गरेको भेटिन्छ भने यिनै long poem भित्र पर्ने कविताका विविध रूपलाई खण्डकाव्यको संज्ञा दिन सकिन्छ ।[६३]

पूर्वीय सन्दर्भमा महाकाव्यभन्दा खण्डकाव्यको चर्चा कमै पाइएको भए तापनि पाश्चात्य चिन्तन परम्पराभन्दा केही स्पष्टता भने अवश्य पाइन्छ । पूर्वीय चिन्तन परम्परा लिखित ग्रन्थका आधारमा भरतमुनिबाट थालिएको पाइए पनि उनका समयमा खण्डकाव्य नामले कुनै पनि काव्यको चर्चा गरिएको पाइँदैन । ईशाको सातौं शताब्दीका रूद्रटले सर्वप्रथम प्रबन्धकाव्यको चर्चा गर्ने क्रममा लघु र महान् गरी दुई रूपमा विभाजन गरे, नवौं शताब्दीका आनन्दबर्द्धनले पद्य काव्यलाई मुक्तक र प्रबन्धकाव्य गरी विभाजन गर्दै प्रबन्धकाव्यभित्रका पाँच भेदमध्ये सर्गबन्धलाई महाकाव्य र खण्डकाव्यबाट खण्डकाव्यतिर सङ्केत मात्र गरेका छन् ।

[६४]चौधौँ शताब्दीतिरका साहित्यदर्पणकार आचार्य विश्वनाथले नै खण्डकाव्यको नामाङ्कन गरेका हुनाले उनको परिभाषा चाहिँ यस्तो छः "महाकाव्यका धेरथोर गुणहरूले सम्पन्न महाकाव्यकै एक देश अथवा भावको अनुसरण गर्ने गर्दछ । महाकाव्यमा झैं यसमा विस्तृत जीवनको व्याख्या र चित्रण हुँदैन । यसले कुनै एउटा घटनालाई वा कुनै जीवनको मार्मिक अनुभूतिलाई प्रकट गर्दछ ।" [६५]

यसरी पश्चिम तथा पूर्वका विद्वान्हरूको खण्डकाव्यसम्बन्धी धारणाका आधारमा के भन्न सकिन्छ भने जीवन र जगत्को एक पक्षको चित्रण, एउटै सत्यको उद्घाटन र एउटै उद्देश्यको सङ्कथन खण्डकाव्यमा रहने भएकाले घटना, पात्र र रसको एकता पनि जरुरी मानिन्छ । धर्म, अर्थ काम मोक्षमध्ये एक वर्ग, नौ रसमध्ये कुनै एक रसको शीर्षक संरचनाभित्र कवितात्मक प्रस्तुतिको सुसम्बद्ध संयोजन रहनु प्रायः अनिवार्य मानिन्छ । यसरी हेर्दा खण्डकाव्यमा सर्गबद्धता र अनेक छन्दको प्रयोग आवश्यक मानिंदैन । प्रयोग भए पनि त्यो अस्थायी तत्व मात्र हो ।

खण्डकाव्य अनुभूतिको आख्यानीकरण भएको प्रबन्ध संरचनात्मक विधानको कविता विधाअन्तर्गतको एक उपविधात्मक साहित्यिक रूप हो । खण्डकाव्य पनि कविता विधा भएकाले कवितात्मक तत्व पनि यसमा हुने गर्दछन् भने आख्यानीकरणको महत्वपूर्ण प्रयोग हुने भएकाले यसमा आख्यान तत्वसम्बन्धी घटकहरूले पनि प्रमुख भूमिका खेलिरहेका हुन्छन् । खण्डकाव्यमा मूलभूत रूपमा घटित हुने यसका प्रमुख घटक तत्वहरू निम्न किसिमका रहेका भेटिन्छन्ः-

(१) कथावस्तु (२) पात्रविधान (३) देशकाल वा परिवेश (४) विषयवस्तु (५) केन्द्रीय कथ्य (६) भावविधान (७) लयविधान (८) बिम्ब, अलङ्कार, प्रतीक, व्यञ्जना विधान, रस परिपाक (९) सर्गयोजना (१०) भाषाशैली .११) उद्देश्य[६६]

---

६३.ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य(२०६०) पृ.१५५ ।

६४. ईश्वरी प्रसाद गैरे, पूर्वत ।

६५, राममणि रिसाल, नेपाली काव्य र कवि (२०६१), पृष्ठ १५१ ।

६६, ईश्वरी प्रसाद गैरे, पूर्वत ।

यसरी हेर्दा खण्डकाव्यकार कृष्णप्रसाद रिजालका खण्डकाव्यहरू पनि शास्त्रीय नियममा नै आबद्ध भएका देखिन्छन् ।

### ४.१.२.२ कृष्णप्रसाद रिजालको खण्डकाव्यगत विशेषता

खण्डकाव्यकार कृष्णप्रसाद रिजालले कवितासङ्ग्रहको प्रकाशन गरेर मात्र कविता यात्राको सुरुआत भएको देखिन्छ । उनले २०३८ सालमा 'सम्झना' कवितासङ्ग्रहको प्रकाशन गरेको दुईवर्ष पछाडि २०४० सालमा 'मेरो फूलबारी' खण्डकाव्यसमकक्षी लघुकाव्यको प्रकाशन गरे । त्यसको पाँचवर्षपछि २०४५ सालमा 'विश्वशान्ति' खण्डकाव्यको प्रकाशन गरे । त्यसको एघार वर्षपछि मदनआश्रितको खोजीमा' खण्डकाव्य प्रकाशित गरेर रिजाल नेपाली साहित्यमा आफ्नो खण्डकाव्यकार व्यक्तित्व चिनाउन सफल भएका छन् ।

कृष्णप्रसाद रिजालका दुई खण्डकाव्य र एक लघुकाव्यले देशप्रेमको भक्तिभाव, शान्तिको कामना, अन्याय अत्याचारलाई दाबाएर राख्ने र स्वार्थमा प्रयोग गर्ने राजनैतिक प्रवृत्तिको भन्डाफोर, प्रगतिवादी चेतना आदि विषय नै खण्डकाव्य प्रस्तुतिको मुख्य आधार बनाएका छन् ।

यसरी हेर्दा देशप्रेम नै रिजालका खण्डकाव्यमा पाइने प्रमुख विशेषता हो ।

समग्रमा कृष्णप्रसाद रिजालका खण्डकाव्यगत विशेषतालाई निम्न बुँदामा समेट्न सकिन्छः-

→ लेखनशैलीका दृष्टिले गद्यपद्य दुवै विधामा खण्डकाव्यको रचना गर्न सक्षम खण्डकाव्यकार

→ प्रगतिवादी मानवतावादी खण्डकाव्यकार

→ मानव-जीवनसँग सम्बन्धित विविध प्रतीकबिम्बको प्रयोग गरेर खण्डकाव्यको रचना गर्ने खण्डकाव्यकार,

- → राष्ट्र राष्ट्रियताप्रति अगाध ममता प्रकट गर्ने खण्डकाव्यकार,
- → सरल, सरस, सुकोमल भाषाशैलीको प्रयोगकर्ता ।
- → सामाजिक पात्रको चित्रण ।
- → यथार्थ परिवेशको प्रयोग ।
- → प्राकृतिक चेतना ।
- → छोटो तर गहकिलो रचना ।
- → विद्रोहात्मक क्रान्ति चेत ।
- → आँशुकवित्व ।
- → स्थानीयता भावको प्रस्तुति ।
- → गद्य भन्दा बढी पद्यमा झुकाव ।

## ४.१.२.३ कृष्णप्रसाद रिजालको खण्डकाव्यगत प्रवृत्ति

### ४.१.२.३.१ विषयवस्तुगत प्रवृत्ति

विषयवस्तु खण्डकाव्यको महत्वपूर्ण पक्ष हो । यस आधारमा हेर्दा खण्डकाव्यमा ऐतिहासिक, पौराणिक, धार्मिक, आध्यात्मिक प्राकृतिक एवम् अनेक विषयवस्तु समावेश गरिएका हुन्छन् । खण्डकाव्यकार कृष्णप्रसाद रिजालको पहिलो खण्डकाव्यसमकक्षी रचना 'लघुकाव्य' मेरो फूलबारीमा स्वर्ग जस्तो प्राकृतिक वातावरणले भरिपूर्ण, मनोहर सुन्दर फूलबारी जस्तो देशको आफ्नो स्वार्थ त्यागी यसको सेवा तथा रक्षा गर्न आग्रह गरिएको विषयवस्तु रहेको छ । 'विश्वशान्ति' खण्डकाव्यमा राष्ट्रियता र मानवता एकसाथ प्रस्फुटित भएको र शान्ति नै विश्वबन्धुत्वको एक मात्र अस्त्र हो भन्ने विषयवस्तु रहेको छ । उनको तेस्रो खण्डकाव्य 'मदन-आश्रितको खोजीमा' सत्यतथ्य जानकारीलाई लुकाएर राख्ने शोषणदमनले खाएको आजको समाजको जानकारी गराउँदै राजनैतिक चेतना साथ सर्वहाराको मुक्तिको लागि जागृत हुँदै एकताबद्ध भएर सङ्घर्ष गर्ने उत्प्रेरणा दिलाउने विषय रहेको छ ।

यसरी खण्डकाव्यकार रिजालका खण्डकाव्यको मूल विषयवस्तु राष्ट्रियता, मानवतावाद, शोषण दमनको अन्त्य र सर्वत्र शान्तिको कामना गरेको देखिन्छ ।

#### ४.१.२.३.२ संरचनागत प्रवृत्ति

कृष्णप्रसाद रिजालले आफ्ना खण्डकाव्यमा सूक्ष्म आख्यानको प्रयोग गरेर सरल, सरस र मिठासपूर्ण भाषाको माध्यमबाट प्रस्तुत गर्न रुचाउँछन् । सूक्ष्म आख्यानमा सशक्तता प्रदान गर्न सक्नु उनको परिष्कार कवित्वको परिचायक हो ।

#### ४.१.२.३.३ रसभावगत प्रवृत्ति

रस वा भावले पाठक वा स्रोतालाई आल्हाद प्रदान गर्दछ । खण्डकाव्यकार कृष्णप्रसाद रिजालका 'मेरो फूलबारी', 'विश्वशान्ति' दुवै खण्डकाव्यमा शान्तरस, भक्तिभाव एवम् औपदेशिक स्वरद्वारा समाजलाई स्वस्थ्य तुल्याउनु पर्ने र मदन-आश्रितको खोजीमा खण्डकाव्यमा अन्याय, अत्याचार, शोषण विरुद्ध लड्न उत्साह जगाएकाले मुख्य रस वीररसले मुक्त रहेको छ ।

#### ४.१.२.३.४स्वरगत प्रवृत्ति

जुनसुकै कृतिको पनि केही न केही विचार, भाव वा जीवन दर्शन हुन्छन् भने खण्डकाव्यकार कृष्णप्रसाद रिजालका खण्डकाव्य 'मेरो फूलबारी' र 'विश्वशान्ति'मा देशप्रेम र मानवताको स्वर मुखरित भएको छ भने 'मदन-आश्रितको खोजीमा' खण्डकाव्यमा अन्याय र अत्याचार विरुद्ध एकताबद्ध भई लड्न आह्वान गरिएको छ ।

#### ४.१.२.३.५ लयगत प्रवृत्ति

लय काव्यको मुटु हो । साङ्गीतिकता प्रदान गर्ने काव्यिक तत्व हो । लयले काव्यलाई सुमधूर बनाउँछ । यिनका खण्डकाव्य 'मेरो फूलबारी' र 'विश्वशान्ति', पद्यलयमा आवद्ध र मदन-आश्रितको खोजीमा खण्डकाव्य गद्यलयमा आबद्ध भएको देखिन्छ । यिनका 'मेरो फूलबारी' र 'विश्वशान्ति' दुवैमा सरल अनुष्टूप छन्दको प्रयोगमा सफल भएका छन् । यिनको कवितात्मक शैली परिमार्जित देखिन्छ भने मदन-आश्रितको खोजीमा खण्डकाव्यमा गद्यलयमा रचिएको पर्ख छोरी पर्ख पङ्क्ति ३४ पटक दोहोर्याइएकाले श्रुतिमधुर बनेको देखिन्छ । कृतिहरु साना छन् गहकिला छन् थोरै छन्, पूर्णता छन् किनकि गद्य, पद्य दुवैको स्वाद लिन पाइएको छ ।

#### ४.१.२.३.६ शैलीशिल्पगत प्रवृत्ति

शैली काव्यरचनाको एउटा ढाँचा हो । शैलीका आधारमा कविका रचनालाई उच्च, निम्न भनेर छुट्याइन्छ । कवि कृष्णप्रसाद रिजाल पनि शैलीसिद्ध कवि देखिन्छन् । सहज, सरल र सरस शैलीगत आफ्नोपन रहेका रिजालका खण्डकाव्य चित्तमा तत्काल व्याप्त हुने अजटिल र बोधगम्य हाम्रै गाउँघरमा बोलिने भाषाको प्रयोगले जनसाधारणले सहज बुझ्न सकिने प्रसाद गुणको प्रयोग

गरिएको छ । उनका खण्डकाव्यमा अनेक प्राकृतिक र सांस्कृतिक बिम्बको प्रयोगले भावको परिपाकमा उल्लेख्य भूमिका खेलेका छन् । उपमा, रूपक, अनुप्रास आदि अलङ्कारले काव्यगत सौन्दर्य र भावगत व्यञ्जकता विस्तारमा थप योगदान पुगेको देखिन्छ ।

#### ४.१.२.३.७ भाषिक प्रवृत्ति

भावलाई अभिव्यक्त गर्ने सफल माध्यम नै भाषा हो । भावलाई प्रस्तुत गर्ने आधार हो । रिजाल आफ्ना खण्डकाव्यमा लयात्मक भाषाको प्रयोग गर्छन् । कोमलकान्त पदावलीको प्रयोगले उनको काव्यगत भाषालाई लयात्मकता प्रदान गरेको पाइन्छ । नेपाली गाउँघरमा प्रयोग गरिने भाषाको नै प्रयोग गरिएको देखिन्छ । भाषा शैलीले अपेक्षित उच्च स्थान लिएको भने पाइँदैन ।

## ४.१.३ मेरो फूलबारी लघुकाव्यको अध्ययन र विश्लेषण

### ४.१.३.१ परिचय

मेरो फूलबारी लघुकाव्य कृष्णप्रसाद रिजालले वि.सं. २०४० सालमा प्रकाशित गरेको देखिन्छ । पूर्वमा आख्यानात्मक कवितालाई खण्डकाव्य र महाकाव्य भनेर भेद गरिएको छ । पश्चिममा भने खण्डकाव्यको उल्लेख नै पाइदैन । त्यस आधारमा मेरो फूलबारी काव्यलाई काव्यकारले लघुकाव्य भनेर पनि यसको परिभाषा कुनै पनि लक्षणकारहरूले गरेको नपाइएकाले यस मेरो फूलबारी लघुकाव्यलाई खण्डकाव्यकै अध्ययनसँग राखेर अध्ययन र विश्लेषण गरिएको छ । पातलो सेताकागजको बाहिरी  पृष्ठमा पुस्तकको नाम, त्यसको भित्रि पृष्ठमा प्रकाशकको नाम र समता छापाखान, पुतली सडक काठमाडौँमा मुद्रण गरिएको उल्लेख छ । भूमिका खण्डमा माधव घिमिरे, माधव भँडारी, राजेन्द्र रिजाल र कालीप्रसाद रिजालका शुभकामनाहरू क्रमशः राखिएका छन् । त्यसपछि खण्डकाव्यकारले आफ्नो कुरा राखेका छन् । मेरो फूलबारी शीर्षक ठूलो अक्षरमा लेखेर लघुकाव्यको सुरुआत गरिएको छ । यहाँ ७५ श्लोकहरू २६ पृष्ठ रहेका छन् ।

प्रस्तुत काव्यमा खण्डकाव्यका प्रमुख तत्वका आधारमा अध्ययन, विश्लेषण गर्दा, भन्नै लायकका सुन्दर लाग्ने  पद्यहरूलाई उदाहरणको रूपमा यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छः-

### ४.१.३.२ विषयवस्तु

मेरो फूलबारी लघुकाव्यमा कुनै खण्डको विभाजन गरिएको छैन । यसमा केवल ७५ श्लोकहरू मात्र रहेका छन् । यी सबै श्लोकहरू अनुष्टुप् छन्दमा लेखिएका छन् । यस लघुकाव्यको विषयवस्तु श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले हाम्रो देश चार जात छत्तीस वर्णको फूलबारी हो भनेको विषय नै यस काव्यको विषय बन्न पुगेको देखिन्छ । यो हाम्रो देश भू-भागको आकारले सानो

भएपनि हजारौं जातजाति रहेको भन्ने कुरालाई कविले फूलबारीको बिम्बका माध्यमबाट कवितामा यसरी व्यक्त गरेका छन्:-

सानो आगनको छेउफूलबारी छ सुन्दर,
हजारौं फुलका थुङ्गालर्केका छन् मनोहर ।

(मेरोफूलबारीः १,१, पृ. १)

यस फूलबारीका रक्षक धेरै छन् । यहाँ कोही पानी हालेर हुकार्उन कोही रोगबाट बचाउन र राम्रो फूल फुलाउन व्यस्त देखिन्छन् । जसको बास्नाले सौन्दर्यप्रेमिहरू लोभिएका, चराचुरुङ्गी, पुतली,भमरालाई  समेत स्वतन्त्र जुनसुकै कार्य गर्न पनि छुट रहेकाले यो फूलबारी सबैको साझा सम्पत्तिहो भन्ने विषयलाई कवितामा यसरी कलात्मक रूपमा व्यक्त गरेका छन्:-

हावापानी तथा घामधर्तीको मधुरो रस ।
साझा हुन् सबका निम्तियौटै हो सबको हक ।

(ऐजन, १०, पृ. ४)

यो स्वतन्त्र रूपमा रहेको राज्यलाई झुपडी भनेर कोही हात लम्काउँछ भने त्यसले आफैँमा विपत्तिको सामना गर्नु पर्ला भन्दै रूपकको प्रयोग गरेर कवितामा यसरी गुञ्जन्छन् कविः-

मेरो स्वतन्त्र हो राज्य झोपडी नै नहोस् किन,
हात लम्काउने कोहीपर्छ आफैं विपत्तिमा ।

(ऐजन, १२, पृ. ४)

कोइली बास्ने, हिम श्रृङ्खलाको छानो भएको यस देशमा कसैको गिद्धे दृष्टि पर्न नसकोस् बरु यसलाई गोड्न आउने भए पनि स्वागत छ तर झारमात्र फाल्न आग्रह गर्दै कसैले धम्की दिए पनि हाम्रो स्वार्थ रक्षाको लागि शिर कहिल्यै झुक्ने छैन भन्दै अतिशयोक्तिपूर्ण उपमा अलङ्कारको प्रयोग गरी कलात्मकता प्रदान गरिएको  र देशप्रेमले ओतप्रोत भएको भाव यसरी कवितामा व्यक्त गरिएको छः-

मेरो आगनको माथि टल्कने हिमखण्ड छ,
नृत्यमा पात्र फेरे झैं चन्द्र शृङ्गार गर्दछ ।

(ऐजन, २१, पृ. ७)

ऐना जस्ता टल्कने सफा सुन्दर तालहरू देखेर अप्सराहरू पनि पर्दामा लुकेर चिहाउँदै आएको, सूर्योदय, र सूर्यास्तको रमाइलो दृश्यको आस्वादन गर्न पाइने अझ काव्य नाटकसमेतको

भूमिका प्रकृतिले नै गर्ने अतिशयोक्ति वा रूपकोत्प्रेक्षा अलङ्कार व्यञ्जित गर्दै देश प्रेमलाई आफ्नो कवितामा उपमाका माध्यमले यसरी व्यक्त गरेका छन्:-

बिबाह दृश्य झैँ हुन्छ सधै सज्जित मण्डप,

प्रकृति पाठ खेल्दिन्छेकवि काव्य बनाउँछ (ऐजन, २९, पृ. १०)

कवि काव्य बनाउँछ । यस्तो सुन्दरताले भरिपूर्ण देश नेपाल अझ कलाले निपूर्ण कृष्णले नै रचना गरेको यसको सुन्दरताको विश्वास लाग्दैन भने यही आएर हेर, आदर्शैआदर्श बोकेका छोरीहरू भृकुटी र सीताको माइती देश सबैमा नमूना नै हो भन्दै यस्तो आदर्श, सुन्दरता मनोहरता, स्वतन्त्रतायुक्त फूलबारीमा झै-झगडा क्रोधपूर्ण भावनायुक्त व्यवहार लियो भने हाम्रो पूर्खाको नासो, सभ्यता संस्कृति नै खरानी हुन्छ । संसार सबै ध्वस्त हुन्छ, भन्दै यसो गर्न नहुने विषयलाई क्रोध स्थायीभावका माध्यमबाट रौद्र रसको निष्पति गरिएकाले वीरताको भावलाई अझ चम्काएको छ भन्दै कवितामा कवि यसरी हुङ्कार गर्छन्:

आगो उर्लन्छ क्रन्तिको पृथ्वी बल्दछ दन्दनी

पानी उम्लन्छ तातेरसमुद्र सुक्न सक्तछ,

(ऐजन, ३६, पृ.१२)

चन्द्रमा डरले लुक्छ, सूर्य चर्कन्छ बेस्सरी

देखिन्न् नभमा तारा सृष्टिको अन्त्य नै भयो !

(ऐजन, ३८, पृ.१३)

यसरी आफू आफू झगडा गर्नतर्फ नलागि भातृत्वको भावना राखेर यो सुन्दर फूलबारीमा नै आफ्ना पसिना आफ्नै तरिकाले पोखौँ । अर्काको नक्कल गर्नतर्फ नलागौँ भन्ने राष्ट्रियताको भाव यसरी गुञ्जाएको देखिन्छ:

कार्यको सत्यताभित्र आफ्नो मौलिक रम्दछ

अर्काको सार खिच्नाले आफ्नो अस्तित्व गुम्दछ ।

(ऐजन, ४२, पृ. १४)

स्वतन्त्र अभिभाज्य यस देशमा पक्षपातपूर्ण व्यवहार नगरौँ । यस्तो व्यवहारले आमा रूवाउनेबाहेक केही काम हुँदैन । यो देश त टुक्रा टुक्राहरूलाई वीरहरूका रगतले सिङ्गो बनाएको, बुद्धले शान्ति छरेको क्रान्तिकारी सहिदहरूको रगतले रङ्गिएको यो मुलुक बिग्रिएला कि भन्ने चिन्ता एकातिर छ भने अर्कातर्फ यसलाई सम्हालेर लाने एउटा समभाव भएको व्यक्तिको खाँचो रहेको विषयलाई कवितामा यसरी व्यक्त गरेका छन्:

तर आश्चर्य भो यौटा सम दृष्टि दिने जन
कहिले जन्मने होला सन्तति त्यो अझै पछि ।

(ऐजन, ५३, पृ. १८)

आफ्नो स्वार्थ मात्र पूरा गर्ने, अर्काको याद नगर्ने सन्तति पनि यही देशमा रहेकाले उनीहरूप्रति व्यङ्ग्य गर्दै कवि लेख्छन्:-

ज्यूँदै मर्दछ त्यो मान्छ जस्ले सम्झन्छ मात्र म
अर्काको मर्म बुझ्दैन देशको न समाजको ।

(ऐजन, ६०, पृ. २०)

जस्ले असत्य मानेर कुल्चन्छ फूलको थुँगा
आफ्नैं खप्परमा हान्छ आफैंले म गरौं कसो ।

(ऐजन, ६२, पृ. २१)

अन्त्यमा कवि आफ्नो धर्म, संस्कृति र मातृभूमिको सेवामा अनवरत लागी रहने, उसलाई नै पीठमा बोकिरहने र हेरचाहको लागि आफ्नो जीवन अर्पिरहने भाव कवितामा यसरी व्यक्त गरिएको छ ।

टेक्दिन बाँसको खुट्टा अग्लो छिन भरि हुन
अर्काको आड माग्दिन थिग्रन्छु लर्बराउँदै ।

(ऐजन, ६५, पृ. २२)

यो सबैको साझा फूलबारी आफैंमा गौरवशाली छ, कसैको सहारारुपी बैशाखी चाहिदैन भन्दै आफ्नो पहिचानमा आफ्नो बाहुबलमा हुर्किएको यस फूलबारीको बारेमा कवि यसरी लेख्छन्:

तारा चम्कन्छ जो आफैं आफ्नै गौरवले फूली
सूर्यको जत्तिकै राप उसमा छैन तापनि ।

(ऐजन, ७१, पृ. २४)

यसरी आफ्नो छुट्टै पहिचान भएको साझा फूलबारीको सेवा हामी नेपालीले नै गर्नु पर्ने र आफ्नो पहिचान र अस्तित्व जोगाई राख्नुपर्ने मूलभाव मेरो फूलबारी लघुकाव्यको रहेको देखिन्छ ।

### ४.१.३.३ पात्रविधान

कृष्णप्रसाद रिजालको 'मेरो फूलबारी' लघुकाव्य पात्रबिना सोभ्कै कवि प्रौढोक्ति शैलीमा लेखिएको लघुकाव्य हो । यस लघुकाव्यमा लेखनाथको ऋतुविचार, मुकुन्दशरण उपाध्यायको 'प्राकृत पोखरा' शैलीको अबलम्बन गरिएको छ ।

### ४.१.३.४ देशकाल परिस्थिति/परिवेश

खण्डकाव्य अनुभूतिप्रधान विधा हो । अनुभूतिको प्रवाहलाई आख्यानले सुसंयोजित गरेको हुन्छ । अनुभूतिले आख्यानलाई डोर्‍याउँदै लाँदा खण्डकाव्यको कथावस्तु वा विषयवस्तुको निर्माण हुन्छ । देशकाल परिस्थितिले कथावस्तु स्थान, समय र परिवेशलाई सशक्त जीवन्त र गतिशील बनाउँछ । यसरी हेर्दा खण्डकाव्य रचनाका क्रममा अनुभूतिको प्रवाहलाई सुन्दर बनाउन साङकेतिक रूपमा परिवेशको चित्रण किन नहोस् यो एउटा अपरिहार्य तत्वकै रूपमा रहेको हुन्छ । खण्डकाव्यकार कृष्णप्रसाद रिजालको लघुकाव्य मेरो फूलबारीमा देशीय आन्तरिक घटना वा मनोदशा नै परिवेशको रूपमा आएका छन् । आफ्नो मातृभूमि नेपाललाई फूलबारीको प्रतीकका माध्यमले अगाडि सारेर फूलबारीको परिवेश नै यस लघुकाव्यको परिवेश रहेको छ । यहाँका अत्यन्त मनमोहक, हिमखण्ड, तालतलैया, देशप्रेमि वीर सहीद, आदर्श महापुरुषहरूले निर्माण गरेको फूलबारीको परिवेशमा आएको छ, जसलाई संरक्षण गर्न मलजल गराउन सबै लागि पर्नु, आफ्नै मातृभूमिको निस्वार्थ सेवामा अनवरत रूपमा लागि परिरहनुपर्ने यथार्थ परिवेशको सचित्रण वर्णन गरिएको छ ।

### ४.१.३.५ केन्द्रीय कथ्य

कविले कृतिका माध्यमबाट पाठक कुनै न कुनै मुख्य विचार प्रस्तुत गर्दछ र कृतिले त्यसै विचारलाई अद्योपान्त कलात्मक बान्की भरेर संवहन गर्न पुगेको हुन्छ । यस्तो किसिमले मुख्य विचारलाई कवि वा खण्डकाव्यकारको मुख्य एवम् केन्द्रीय कथ्य भन्न सकिन्छ ।

मेरो फूलबारी लघुकाव्यमा कवि कृष्णप्रसाद रिजाले कवि प्रौढोक्ति ढाँचामा धेरै जातजातिको बसोबास रहेको भए पनि धार्मिक सहिष्णुता रहेको, सिङ्गो देशको रक्षा तथा सेवा निस्वार्थ भावमा गर्नु पर्छ भन्नु नै यस लघुकाव्यको केन्द्रीय कथ्य हो । यसरी देशभक्तिपूर्ण राष्ट्रिय भाव प्रवाहित गर्नु नै यस लघुकाव्यको मुख्य लक्ष्य हो ।

### ४.१.३.६ भावविधा

अनुभूतिका लागि भाव एउटा माध्यम हो वा अनुभूतिका लागि साध्य पनि हो । भावबिना कुनै पनि कुराको अनुभव गर्न नसक्नु वा अनुभूतिविहीन हुन पुग्नु हो । यसर्थ वस्तुतत्व साधन र भावविधान साध्यका रूपमा खण्डकाव्यमा रहेका हुन्छन् ।

कृष्णप्रसाद रिजालको लघुकाव्य 'मेरो फूलबारीमा' प्रतीकात्मक रूपमा देश फूलबारीका रूपमा आएको हो । देशप्रतिको भक्तिभाव, मायाममता प्रकट भएको, पूर्खाको गौरव गान गरिएको हुनाले उत्साह स्थायी भाव व्यक्तिएको छ । पुर्खाले कठोर परिश्रमपूर्ण रूपले सिङ्गो बनाएको तथा मातृभूमिको गौरवपूर्ण इतिहास जसलाई सबैले मिलेर जोगाउने तर बाहिरी गिद्धेदृष्टिदेखि सजग हुनुपर्ने धारणाले गहिरो भाव छोड्न सक्ने उत्कृष्ट काव्य बन्न पुगेको छ ।

### ४.१.३.७ लयविधान

लयविधानलाई काव्यमा अत्यन्तै महत्वका साथ हेरिन्छ । फुटकर कविता, खण्डकाव्य, महाकाव्य सबै काव्यिक रचनामा यसको महत्वपूर्ण भूमिका हुन्छ । गद्य वा पद्य जुनसुकै लयमा लेखिए पनि समग्र काव्यविधालाई अन्य विधाबाट पृथक तुल्याउने महत्वपूर्ण तत्वका रूपमा समेत लयविधानको नै चर्चा गरेको पाइन्छ । यस क्रममा प्रत्येक कविताका पङ्क्ति-पङ्क्ति, वर्ण-वर्ण, मात्रा-मात्रा, अक्षर-अक्षरका विवरण क्रम, गति, यति, स्थिति र शासन अनुशासनका नियम परिपालन भित्रबाट लयविधानको लालित्य गुञ्जन सौन्दर्यको उत्कर्ष साङ्गीतिक प्रचूर काव्यकला निनाद खण्डकाव्यको लयविधानले परिपालन गर्न सक्नु पर्छ । अनि मात्र यो लयविधानका दृष्टिले उत्कृष्ट हुन सक्छ ।[६७]

यसरी हेर्दा कृष्णप्रसाद रिजालको 'मेरो फूलबारी' लघुकाव्य पद्यात्मक लयमाधूर्यमा आबद्ध भएको पाइन्छ । लघुकाव्यका ७५ ओटै श्लोकमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । काव्यकारले काव्यरचनाका क्रममा छन्दलाई सहज रूपमा खेलाउन सकेका कारणले नै मेरो फूलबारी लघुकाव्य निकै अकर्षक एवम् कलात्मक बान्की थाप्न सकेको पाइन्छ । लयविधानका दृष्टिले यो काव्य उत्कृष्ट बनेको देखिन्छ ।

### ४.१.३.८ अलङ्कार प्रयोग

अलङ्कारले काव्यलाई आन्तरिक तथा बाह्य दुवै रूपमा चमत्कृत बनाउने कार्य गर्दछ । शब्दालङ्कारको प्रयोगले काव्यको बाह्य र अर्थालङ्कारले आन्तरिक अर्थलाई चमत्कार दिन्छ । मानवले जीवन भोगाईको क्रममा अनेकौँ सजीव निर्जीव वस्तु र प्रकृतिबाट पनि शिक्षा लिइरहेको हुन्छ तर यस्तो शिक्षा लिन बाह्य चक्षुमात्र प्रशस्त हुँदैन । त्यसलाई देख्न र  भोग्न आन्तरिक दृष्टिचेत पनि

शक्तिशाली बन्नु जरुरी हुन्छ । काव्य सिर्जनाका क्रममा कुनै भावनाबाट प्रेरित बनेर अन्तर हृदयमा डुबुल्की मार्दा यस्ता प्रेरक तत्वहरू बिम्ब, प्रतीक बनेर काव्यमा व्यक्त भइदिन्छन् अनि त्यसैले काव्यलाई आलङ्कारिक बनाइ दिन्छ । यसरी रचना गरिएको काव्यले चाँडै पाठकको मन छुन सक्ने सामर्थ्य राख्दछन् । यसरी हेर्दा काव्यकार कृष्णप्रसाद रिजालको 'मेरो फूलबारी' सरल किसिमका प्रतीक विम्बहरूको चयन तथा शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर संयोजनले निकै उत्कृष्ट बन्न सकेको छ । यस लघुकाव्यमा हरफको अन्त्यमा गरिने समान वर्णको पुनरावृत्ति भई अन्त्यानुप्रासको प्रयोग भएका उदाहरणहरू यस प्रकार छन्:

---

६७, ईश्वरी प्रसाद गैरे, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (२०६०) पृ. १७९ ।

सानो आगनको छेऊ, फूलबारी छ सुन्दर,
हजारौँ फूलका थुङ्गा लर्केका छन् मनोहर ।
र, र वर्णको पुनरावृत्तिले अन्त्यानुप्रास

(ऐजन, १, पृ. १)

**रूपक अर्थालङ्कारको प्रयोग**

मेरो स्वतन्त्र हो राज्य झोपडी नै नहोस् किन
हात लम्काउने कोही पर्छ आफै विपत्तिमा ।

(ऐजन, १२, पृ.४)

**उपमा अलङ्कारको प्रयोग**

यो मीठो तालको नृत्य, माधुर्य दिलको सफा
काव्यको पङ्क्तिझैँ खुल्छ, चलचित्र मनोहर ।

(ऐजन, २०, पृ. ७

**अतिशयोक्ति/उप्रेक्षा**

फन्को मार्दछ हावाले तालमा ताल दीकन
गुन्यू चोलो नयाँ फेर्दै निस्कन्छन् पात्र नूतन ।

(ऐजन, २२, पृ. ८)

लाजले शिरको घुम्टो मौका मौका उघादेछे,
अप्सरा हेर्छन् यस्तो पर्दाबाट चिहाउँदै ।

(ऐजन, २४, पृ. ८)

**हिन्दू संस्कृति र विम्बको प्रयोग**

हिन्दू आदर्शकी नारी सीता वा भृकुटी ऊ हो

संस्कृति धर्म हो उस्को सत्यता शब्द शब्दको । (ऐजन ३३, पृ. ११)

**दृष्टान्त अलङ्कार**

कार्यको सत्यता भित्र आफ्नो मौलिक रम्दछ

अर्काको सार खिच्नाले आफ्नो अस्तित्व गुम्दछ

(ऐजन, ३३, पृ. १४)

यसरी अलङ्कार योजनाका दृष्टिले यो लघुकाव्य उत्कृष्ट बनेको छ ।

**४.१.३.९ भाषाशैली** भाषा प्रयोगका दृष्टिले 'मेरो फूलबारी' लघुकाव्य उत्कृष्ट रहन गएको छ । यसमा कतै वाच्चार्थ, कतै लाक्षणिक, कतै व्यङ्ग्यार्थ प्रधान पद्यहरूको रचना गरिएको पाइन्छ । देशभक्तिपूर्ण भावहरू सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोगद्वारा अभिव्यक्त भएका छन् ।

## ४.१.४ विश्वशान्ति खण्डकाव्यको अध्ययन र विश्लेषण

### ४.१.४.१ परिचय

विश्वशान्ति खण्डकाव्य कृष्णप्रसाद रिजालले २०४५ सालमा प्रकाशन गरेका हुन् । पहेँलो भूइँमा निलो रङ बीचमा पोतिएको सिरानमा रातो अक्षरमा विश्वशान्ति र निलो अक्षरमा खण्डकाव्य लेखिएको छ । पुछारमा शन्तिको प्रतीक परेवा, परेवा माथि विश्व ब्रमाण्डको चिन्ह ग्लोब, त्यसको बीचमा ॐ लेखिएको माथि आँखा रहेको छ भने पृष्ठको अन्त्यमा रातो रङको धर्का पोतिएको छ । दोस्रो पृष्ठमा "शान्तिका अग्रदूत श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव सरकारका जुनाफमा सभक्ति समर्पित्" लेखिएको र ठीक बीचमा विश्वशान्ति खण्डकाव्य लेखिएको पुछार दायाँपट्टि लेखक नाम लेखिएको छ । मुद्रित छ । त्यसको भित्री पृष्ठको सिरानमा विश्वशान्ति खण्डकाव्यको नाम प्रकाशक र लेखकको नाम, बीचमा लेखक कृष्णप्रसाद रिजाल, त्यसको पुछारमा प्रकाशक इच्छाराम रिजाल निधिकुमारी रिजाल नामसालिङ्ग (इलाम) रहेको छ । अर्को पृष्ठदेखि भूमिकाखण्डको सुरु गरिएको छ । प्रथममा स्थानीय विकास सहायक मन्त्री श्री बेनुपराज प्रसाईबाट शुभकामना व्यक्त भएको छ । शिक्षा तथा संस्कृति सहायक मन्त्री क्षेत्रप्रताप अधिकारी ज्यूबाट शुभकामनाका केही शब्द व्यक्त गरिएको छ । अर्को भित्रको सिङ्गै पृष्ठमा चिनारी शीर्षकमा घट्टराज भट्टराजले कविता बनाएर यसरी शुभकामना दिएका छन्:

कवि रिजालको काव्य प्रतिभा फैलिदै बहोस्

राष्ट्र राष्ट्रियता बोकी चिरंजीबी बनीरहोस् ।

अर्को पृष्ठमा खेमराज केशवशरण, र गोविन्द टण्डनको शुभेच्छा पछाडि आफ्नो कुरा क र ख पेजमा लेखक स्वयम् दिएको छ । त्यसपछि १०८ श्लोकलाई २२ पृष्ठमा पुगेर अन्त्य गरेका छन् । अन्तिम पिछाडिको पृष्ठमा कविको तत्कालीन फोटो नाम प्रकाशित कृति लेखिएको छ । फोटो सिधा मुनी मुल्य रु५।- आवरणमा अनिल पाण्डे निलो अक्षरमा लेखिएको पुछारमा पञ्चायत तथा स्थानीय विकास मन्त्रालय, आदर्श छापाखाना रामशाहपथ थापाथली काठमाडौं २-१३४१४ लेखेर खण्डकाव्यको अन्त्य भएको छ । राजा वीरेन्द्रवीर वक्रम शाहदेवबाट शान्तिको प्रस्ताव राखी नेपाललाई शान्ति क्षेत्रको रूपमा विश्वसमक्ष उपस्थित गराएको रोचक प्रसङ्गलाई औचित्यपूर्ण मानेर काव्यात्मक पुष्टि गर्ने काम यस खण्डकाव्यमा गरिएको छ । यस काव्यलाई काव्यिक तत्वका आधारमा केही महत्वपूर्ण श्लोकसमेत उद्दरण गरेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.२.२ विषयवस्तु

विश्वशान्ति खण्डकाव्यको विषयवस्तु १०८ श्लोकमा अनुष्टुप् छन्दमा बाँधिएको छ । अहम् भावले गर्दा आजको विश्व उथलपुथल भएको हो । लोभको मृगतृष्णाले नै पृथ्वीलाई टुक्राटुक्रा बनाइ सक्यो । सारा धर्तीमा आगो सल्कने भयो । अब यो आगो जताततै फैलँदै आयो भने निभाउने शक्ति विश्वलाई चाहिएको छ, त्यो शक्ति यो पृथ्वीको केन्द्रमा रहेको सानो देश नेपाल हो । यसलाई सर्वोच्च हिमशृङ्खला एवम् प्रकृतिले आफै सजाएर पवित्र बनएको छ । यो देश पवित्र गङ्गा नदी मिलेझैँ सबैसँग शान्तिप्रिय भई मिल्न सक्छ भन्दै उत्प्रेक्षा, उपमा आदि अलङ्कारको प्रयोग गरेर कवितामा यसरी गुञ्जन्छन्:

पृथ्वीको केन्द्रमा पर्ने सानो नेपाल देश यो,

छ अग्लो विश्वकै सामु सर्वोच्च हिम श्रृङ्खला

(विश्वशान्ति, ५, पृ. २)

धर्तीको मुटुको टुक्रो प्रकृतिको सजावट

पवित्र स्वच्छ गंगा झैं मिल्न सक्छ सबैसँग ।

(ऐजन, ६, पृ. २)

यस देशको कसैसँग रिसराग छैन यसले पीरमार्का दिएर कसैलाई सताउँदैन । शान्ति नै शान्ति भएको यस देशमा परेवा पनि शान्तिले फुरुङ्ग भई उड्ने गरेकाले त ! देशका कोही पनि शत्रु

छैनन् । बरु हाम्रा शत्रु चाहिँ रोग, भोक र शोक हुन् । यसका सामु चाहिँ आज हामीले युद्ध गर्नु छ भन्दै, यस कवितामा यसरी पोखिन्छन्:

रूपक अलङ्कारको प्रयोगले काव्यात्मक चमत्कार आएको छ ।

हाम्रा शत्रु भए देखिन् भोक शोक र रोग हुन्
यिनैका सामुमा आज हामीले युद्ध गर्नु छ ।

(ऐजन, १०, पृ. ३)

हाम्रो देश नेपाल सृष्टिकालदेखि नै स्वतन्त्र छ । विश्वमा देखिएको चर्को अशान्तिमा हाम्रो झण्डा भने फरफराएको छ । विश्वका मानवको मानवतापन गुम्दो छ । मानव मानवलाई नै ध्वस्त पार्न लागिपरेको छ । शत्रुपनको व्यवहार देखाइ रहेको छ । पहिलो र दोस्रो विश्वयुद्धको तीतो नरसंहारकारी भावलाई बिर्सिएका यी मानवले तेस्रो युद्ध निम्त्याए भने संसार नै ध्वस्त हुने हुनाले संसारको सर्वोच्च शिखरको देश नेपालले एउटा शान्तिको प्रस्ताव राखेर धर्ती जोगाउनेतर्फ ध्यान दिनु पर्छ रिसरागले मानिसको परिभाषा ओगट्न सक्दैनन् । बरु यसले देशको नै मुटु बिझाउँछन् । आज सबैले युग साँगुरियो र तर बैचारिक शून्यताले छाएको छ भन्ने भाव कवितामा यसरी व्यक्त भएको छ:

फैलिदो युगमा आज बाँझिएको विचारले
आगो सल्काउने लक्ष्य राखेको छ भविष्यमा

(ऐजन, ३४,पृ. ७)

यदि दुवै पत्थर घोट्दा आगो उत्पन्न भए जस्तै यस्तो होडबाजीले पृथ्वी सबै खङ्ग्रङ्ग हुन्छ । त्यसैले एकमात्र अस्त्र शान्तिका बिन्दुले यसलाई छेकौँ । शान्ति नै अविनासी, स्वच्छ र यसले मात्र आजको युगको माग पूरा गर्न सक्छ भन्ने भाव कवितामा यसरी व्यक्त गरिएको छ:

शान्ति । शान्ति !! सबै शान्ति !!! शान्त हौँ विश्व मानव
रोकौँ छेकौँ सबै युद्ध शान्ति नै अविनासी छ ।

(ऐजन, ३७, पृ. ८)

शान्ति शब्द यति स्वच्छ यस्तो निर्मल सत्य छ
जसले युगको माग एका एक पुर्‍याउँछ ।

(ऐजन, ३८, पृ. ८)

हाम्रो देश नेपालमा तात्कालीन प्रशासनकले समेत शान्तिक्षेत्रको प्रस्ताव स्वीकारी सकेको अवस्था र शक्तिको आवश्यकतालाई हृदयबाट स्वीकारी शान्तिको प्रशंसा गर्ने क्रममा कवि यसरी उद्‌गार व्यक्त गर्दछन्:

सुरक्षा शान्तिले गर्छ, चाहान्छ ऊ स्वतन्त्रता

अशान्तिले त नासिन्छ शान्ति सर्वत्र पूज्य छ । (ऐजन, ४२, पृ. ९)

सबैका लागि अपरिहार्य रहेको यो शान्तिले कसैलाई धोका दिदैन, बरु महानवाणी पो फैलाउँछ, जसरी बुद्धले फैलाए यो पनि शान्तिको भावले नै हो । तर यो शान्तिलाई दह्रो बनाउनु पर्ने हुनाले एउटा इँटा थपेर सहयोग गरिदिनु हुन अनुरोध गरेका छन् । धम्की, डर, त्रासले होइन, आँट र साहस लिएर यसलाई आत्मसात् गरे डर त्रास नासिन्छ, शिर झुकाउनु पर्दैन भन्दै गोर्खालीको वीरतालई बिम्बात्मक रूपमा ल्याएर यसरी कवितामा बनेका छन्:

नत्रता वीर गोर्खाली झुकेको छ कसैसँग

नत झुक्छ अझै फेरी डर त्रास समाप्त छ ।

(ऐजन, ४७, पृ. १०)

नेपाली वीरहरूले बरु अर्को महानवाणी फैलाउँछ कि अस्त्र निर्माणको खर्च बरु शान्तिकै पक्षमा परोस् । मानिस कदापि मानिसकै शत्रु बन्नु हुन्न सबैसँग मित्रताको व्यवहार गर्नु पर्छ । जसरी बुद्धले पनि शान्तिकै लागि दिलो ज्यान दिए, यो पाठ अरु विश्वले पनि मुक्तकण्ठले स्वागत् गरेका छन् । हाम्रो श्रुतिहरूमा पनि शान्तिकै कामना गरिएको छ । प्रकृतिको पाठ पढ्ने गरे अशान्त भावलाई पखाल्न सक्छ त्यसैले शान्तिभन्दा मीठो वस्तु अस्त्र कहाँ छ र पृथ्वी नै भन्ने शान्तिको व्यक्त भएकाले शान्तरस प्रतिबिम्बि हुन्छ भन्ने भाव कवितामा यसरी व्यक्त भएको छः

शान्ति भन्दा मीठो वस्तु पाइदैन कते पनि

शान्तिको साथमा लड्ने छैन अस्त्र कुनै पनि ।

(ऐजन, ६४, पृ. १३)

पृथ्वी नै स्वर्ग सिर्जन्छ प्रशंशा शान्तिको गरे

अशान्ति भावनाबाट धर्तीनै डगमगाउँछ ।

(ऐजन, ६६, पृ. १४)

निश्चय पनि धर्तीको महिमा जति गाए पनि सकिंदैन, माटोको नाता कहिल्ये टुट्‌न सक्दैन । मातृभूमिभन्दा प्यारो वस्तु केही हुन सक्दैन त्यसैले पृथ्वीलाई आमाकै दिल ठान्नु पर्छ भन्दै तानातान गरेर यसको गर्व हराउँछ भन्ने भावलाई कवितामा यसरी व्यक्त गरेका छन्:

आमाको काख हो धर्ती ! पवित्र स्नेह पूर्ण छ
त्यसैले पृथ्वीलाई आमा कै दिल ठान्नु छ ।

(ऐजन, ६९, पृ. १४)

तानातान गरे डोरी, विचैमा टुट्न सक्दछ
यस्तो तनाबले भोलि धर्तीको गर्व लुट्दछ । (ऐजन, ७०, पृ. १५)

यस श्लोकमा सद्भाव र डोरीलाई तुलना गरेकाले वीर र राष्ट्र भाव सुन्दर रूपमा आएको छ । सबै प्राणीमा सचेत मानव किन अहंको भाव लिएर बेहोसिदै छ धर्तीलाई स्वर्ग होइन नर्क तर्फ धकेल्दै छ । यस्तो घमण्ड वा अहम् भावले कसैको पनि भलो हुँदैन । हाम्रा ग्रन्थले पनि देखाएका छन् कि घमण्डी पात्रको अन्त्य अवश्यभावी छ । त्यसैले शान्तिको कामना गरी संस्थागत रूपमा विश्वव्यापी बनाइनु पर्दछ । नागासाकी, हिरोसिमा, इराक, इरानले मात्र भोग गरिसके युद्धले निम्त्याएको पीडा । त्यसैले नेपालले राखेको शान्तिको प्रस्तावलाई ग्रहण गर्नुपर्ने कुरामा जोड दिंदै अर्काको दुःखकष्टलाई आफ्नै सम्झेर आत्मीयता प्रकट गरे हुन्थ्यो भन्ने भावलाई कवितामा यसरी व्यक्त भएको छ ।

अर्काको दुःखमा आंशु एकै थोपा खस्यो भने
त्यहाँ आत्मीयता खन्छ तर को छ र ! सम्झने ।

(ऐजन, ९४, पृ. १९)

सबैले मित्रभावपूर्ण व्यवहार राखौं मित्रताले नै शान्तिको भावलाई अझ गाँठो पार्न मद्दत गर्छ सबैलाई समान भाव राख्छ भन्दै कवितामा यसरी पोखिएको छः-

मित्रतानै सबै भन्दा शक्तिशाली अजेय छ
विश्व बन्धुत्वको नाता "बसुधैव कुटुम्वकम् ॥

(ऐजन, ९७, पृ. २०)

फूलबारी त्यसै हुन्न धेरै फूल नफक्रिई
यौटा काम त्यसै हुन्न धेरै भन्न गरेपछि

शान्ति नै सबैभन्दा ठूलो अस्त्र हो, जसको प्रयोग भएमा मात्र धर्ती जगमगाउँछ भन्दै कवि अझ शान्तिको आदर्शभित्र पसेमा मान्छे जस्तोसुकै कठीन परिस्थितिको सामना गर्न सक्छ वा पौड्ने हुन्छ त्यसले गर्दा घर सबै उज्यालो देखिन्छ । सबै प्रकारका द्वार खुल्छन् र चाहेको सबै चीज अनिमात्र भेटिन्छ भन्दै कवितामा दृष्टान्तहरू समेटेका छन्: जस्तैः

उज्यालो घर देखिन्छ सबै द्वार खुले पछि

चाहेको चीज भेटिन्छ यो संस्कार घुमेपछि ।

(ऐजन, १०४, पृ. २१)

शान्तिको मार्गमा हिडेपछि भित्रि आत्म रमाउँछ वा मनमा आनन्द प्राप्त हुन्छ, प्रेमभाव पलाउँछ । आखिर मनलाई जितेपछि क्यै पनि गर्नु पर्दैन । जिन्दगीलाई पूर्णता दिन सकिने विषयलाई कवितामा यसरी गुञ्जाउँछन्:

आफै शान्त भयो मान्छे भित्रि आत्मा रमेपछि
पक्का प्रेमि बन्यो मान्छे साँचो प्रेम बसे पछि ।

(ऐजन, १०६, पृ. २०)

मन मात्र जिते पुग्छ जित्न पर्दैन क्यैपनि
यस्तै जित अनि हार यौटा सम्पूर्ण जिन्दगी ।

(ऐजन, १०७, पृ. २२)

यो संसारलाई चलाउने, हाँक्ने यो मनै हो, मन भन्दा ठूलो केही छैन,त्यसैले मनलाई संयम पार्नुपर्छ भन्दै शान्त रसयुक्त भाव व्यक्त भएको छ । धर्तीको यो फूलबारीमा फुलेका माला हामी हौँ । त्यसैले शान्त भएर मेलजुल गरेर बाँच्नु पर्छ भन्ने भावमा यो खण्डकाव्यको अन्त्य भएको छ ।

### ४.१.४.३ पात्र विधान:

कृष्णप्रसाद रिजालको पहिलो खण्डकाव्य विश्वशान्ति हो । यस खण्डकाव्यमा काव्यकारले विश्वमा शान्ति होस् भन्ने भावलाई कविप्रोढोक्ति ढाँचामा पात्रको प्रयोग नगरी लेखिएको छ । यस खण्डकाव्यमा लेखनाथको ऋतुविचार, र मुकुन्दशरण उपाध्ययको प्राकृत पोखरा जस्तै नवीन शैलीको अवलम्बन गरी लेखिएको छ ।

### ४.१.४.४ देशकाल, वातावरण र परिवेश

खण्डकाव्य अनुभूतिप्रधान विधा हो । अनुभूतिको प्रवाहलाई आख्यानले सुसंयोजित गरेको हुन्छ । अनुभूतिले आख्यानलाई डोर्‍याउँछ । कविताको मझौलो रूप खण्डकाव्य भएकाले परिवेशको व्यापक चित्रण नहुन पनि सक्छ तथापि सूत्रात्मक वा साङ्केतिक रूपमा भए पनि देशकाल वातावरणलाई ग्रहण गरेकै हुन्छ । यसरी हेर्दा विश्वशान्ति खण्डकाव्यमा तत्कालीन राजा वीरेन्द्रले २०३१ सालमा विदेशी पाहुना सामुन्ने राखेको 'नेपाललाई शान्ति क्षेत्र प्रस्ताव घोषित गरियोस्' भन्ने प्रस्ताव यो खण्डकाव्यको प्रस्तुतिको आधार बनेको र त्यसले शान्तिको मार्गलाई सबैले अबलम्बन गरे विश्व नै शान्ति बन्ने थियो । अशान्ति, हत्या, हिंशा, अह्मको भाव भएको अहिलेको

परिवेशको पनि साङकेतिक रूपमा उल्लेख गरिएको भए पनि विषयवस्तुले अपेक्षा गरेअनुरूपको परिवेशको सिर्जना भएकाले यो खण्डकाव्य निकै प्रभावशाली बन्न पुगेको छ ।

### ४.१.४.५ केन्द्रीय कथ्य

विश्वका समसामयिक एवम् ठूलाठूला युद्ध उल्लेख गर्दै कवि रिजालले विश्वशान्ति खण्डकाव्यमा विश्व समाजमा देखिएको अशान्ति र खराव प्रवृत्तिलाई परित्याग गरेर नेपाल जस्तै शान्तिको मार्गमा लाग्न र शान्तिकै गायक बन्न कविप्रोढोक्ति ढाँचाले व्यक्त गर्नु नै यस खण्डकाव्यको केन्द्रीय कथ्य रहेको छ । यसरी विश्व नै शान्तिपूर्ण होस् भन्ने कामना नै यस काव्यको लक्ष्य हो ।

### ४.१.४.६ भावविधान

यसकाव्यमा समभाव मुख्य छ । शान्ति स्थायी भावलाई नीतिशिक्षा, त्याग, सत्सङ्ग, दया, मति, स्मृति आदि विभावले परिपुष्ट पारेका छन् । संसार आज अशान्तिको दलदलमा फसेको छ । अहम् भाव त्याग गरेर समदृष्टि राखे आफैँ विश्व नै शान्ति बन्छ । कुनै अस्त्रको साँध लाउनु पर्दैन यो एउटै मूलमन्त्रले नै पुग्छ भन्ने भाव नै यस खण्डकाव्यको मुख्य भाव हो । यसरी समताको भाव राखेर लेखिएको यस खण्डकाव्यले विश्वशान्तिको कामना गरेको हुनाले सबै पाठकवर्गको मन जित्न सकेको देखिन्छ ।

### ४.१.४.७ लयविधान

लयविधानले काव्यमा साङ्गीतिक माधूर्यको सिर्जना गर्ने भएकाले पाठकको सजिलै मन जित्न सक्छ । यसै लयविधानले नै काव्यलाई अन्य विधाबाट पृथक बनाएको हुनाले यसको प्रयोगमा काव्यकारले सावधानी पुर्‍याउनु पर्ने देखिन्छ । छन्दको प्रयोग गर्दा वर्णको मात्रा, गति, यति, अलङ्कार आदिको उचित परिपालन हुन सकेमा मात्र काव्यमा लयात्मकता सिर्जना हुन सक्छ । लयात्मकताले नै पाठकको ध्यान आकर्षण गर्ने ठूलो भूमिका निभाउने हुँदा यसको अनिवार्यतालाई नकार्न सकिँदैन । “खण्डकाव्य फुटकर कवितापछिको उत्कर्ष रूपको उप-विधात्मक मझौलो रूप हो यसर्थ यसमा लयविधानको उर्ध्व गति हुनुपर्छ । फुटकर कविताको लयविधानको साङ्गीतिक लयात्मक उत्कर्षभन्दा यसमा लयविधान प्रचुर उत्कर्ष हुन सक्नु पर्छ । यसरी हेर्दा कृष्णप्रसाद रिजालको खण्डकाव्य विश्वशान्तिमा अनुष्टुप् छन्दका १०८ ओटै श्लोकहरूको संरचना गरिएको छ । शब्दचयन सरलता अपनाइएको यो काव्य लयविधानका दृष्टिले उत्कृष्ट बन्न पुगेको देखिन्छ ।

### ४.१.४.८ अलङ्कार योजना

कवितालाई कामिनी पनि भनिन्छ र यो कामनीय वा रूप सज्जा सौन्दर्य आवरण अनावरणले सुसज्जित सौन्दर्यपूर्ण हुनु पर्दछ भन्ने मान्यता राख्दै कवितामा सौन्दर्यविधानका निम्ति अनेक प्रयोग प्रक्रिया र प्रावधानहरू प्रयुक्त हुन्छन् ।[६८] यसर्थ यो सौन्दर्य कामिनीका हरेक अङ्गप्रत्यङ्ग, कामकुरामा सबैमा निहित-अन्तर्निहित भएझैं कविताका प्रत्येक अङ्ग-प्रत्यङ्गदेखि शब्द, अर्थ, भाव र स्वरूप सबैमा निहित, अन्तर्निहित र सान्निहित हुन सक्नु पर्दछ । त्यससहित यो आफैंमा कलापूर्ण हुनसक्नु पर्दछ । जसलाई भेटाएर जुनसुकै भाव पनि एकल वा साहचर्यमय रमणमा रमाइ रहन र हराइरहन सकोस् । यस किसिमको सौन्दर्यविधायक अलङ्करण प्रविधि कवितामा आवश्यक देखिने मात्रै होइन यसको अपरिहार्य र मूल प्रमुख तत्वका रूपमा रहेको हुन्छ । यसर्थ अलङ्करणका निम्ति प्रयोग गरिने अलङ्कार, बिम्ब, प्रतीक जस्ता कुराहरू कविताका अनिवार्य तत्व हुन पुग्दछन् ।

यसरी कृष्णप्रसाद रिजालको विश्वशान्ति खण्डकाव्यमा सरल प्रकारको प्रतीक बिम्बहरूको चयन तथा शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर संयोजनले निक्कै उत्कृष्ट सकेका छ । यस लघुकाव्यमा हरफको अन्त्यमा प्रयोग गरिने समान वर्णका पुनरावृत्ति भई अन्त्यानुप्रासको प्रयोग भएको उदाहरण यस प्रकार छः

---

६८, पुर्वत, पृष्ठ १७९

शत्रुबन्दछ त्यो मान्छे युद्धको परिवेशमा
मिल्दैन मिल्न सक्दैन जस्तोतस्तो प्रसँगमा

**रूपकको प्रयोग**

हाम्रा शत्रु भए देखिन्  भोक शोक र रोग हुन्
यिनैका सामुमा आज हामीले युद्ध गर्नुछ ।

(ऐजन, १०, पृ. ३

**अतिशयोक्तिको प्रयोग**

तर आज सबै सामु  सर्वोच्च हिम खण्डले
शान्ति प्रस्ताव राखेर विश्व शान्ति गराउँछ

(ऐजन, ३१, पृ. ७)

**उपमाको प्रयोग**

नातामा रक्तको विन्दु सोझै तप्लक्क झै खसोस्
तर मानिसको नाता कार्य मै कटिवद्ध छ

(ऐजन, ६९, पृ. १४)

आमाको काखको धर्ती पवित्र स्नेह पूर्ण छ
त्यसैले पृथ्वीलाई आमाकै दिल ठान्नु छ ।

(ऐजन, ६९, पृ. १४)

**दृष्टान्त अलङ्कारको प्रयोग**

फैलिदो युगमा आज बाँझिएको विचारले
आगो सल्काउने लक्ष्य राखेको छ भविष्यमा

(ऐजन, ३४, पृ. ७)

शान्ति भन्दा मीठो वस्तु पाइदैन कतैपनि
शान्तिको साथमा लड्ने छैन अस्त्र कुनै पनि

(ऐजन, ६४, पृ. १३)

**प्रशंसा अलङ्कारको प्रयोग**

पृथ्वी मै स्वर्ग सिर्जन्छ प्रशंशा शान्तिको गरे
शान्ति भावनाबाट धर्ती नै डग्मगाउँछ ।

(ऐजन, ६६ , पृ. १४)

तानातान गरेडोरी विचैमा टुट्न सक्तछ
यस्तो तनावले भोलि धर्तीको गर्व लुड्दछ ।

(ऐजन, ७०, पृ. १५)

उज्यालो घर देखिन्छ सबैद्वार खुले पछि
चाहेको चीज भेटिन्छ यो संसार घुमेपछि ।

(ऐजन, १०४, पृ. २१)

नेपाली वाङ्मय नै थपिएको यस खण्डकाव्यमा विभिन्न अलङ्कारको प्रयोग भएकाले उत्कृष्ट देखिन्छ । अलङ्कारको प्रयोगका दृष्टिकोणले पनि खण्डकाव्यकार अत्यन्तै सफल देखिन्छन् ।

### ४.१.४.९ भाषाको प्रयोग

विचारलाई पाठकसम्म पुर्‍याउने प्रभावकारी माध्यम भाषा हो । भाषा सोझो र कलात्मकमध्ये कलात्मक भाषाको अपेक्षा कविताले राखेको हुन्छ । कवि कृष्णप्रसाद रिजालको विश्वशान्ति खण्डकाव्यमा सरल, सहज र सम्प्रेषणीय भाषालाई कलात्मक तबरले प्रस्तुत गर्न सक्नु नै उनको सफल खण्डकाव्यकार व्यक्तित्व बन्न पुगेको छ ।

### ४.१.५ 'मदन-आश्रितको खोजीमा' खण्डकाव्यको अध्यन

### ४.१.५.१ परिचय

'मदन-आश्रितको खोजीमा' खण्डकाव्य गद्य लयमा लेखिएको कवि कृष्णप्रसाद रिजालको दोस्रो तथा हालसम्मको अन्तिम खण्डकाव्य हो । पहेँलो बाहिरी भूइँ, बीचमा रातो दुईओटा तस्वीर नेपाल कम्युनिष्ट पार्टी एमालेका नेता मदन भण्डारी र जिवराज आश्रितको तस्वीर रहेको र पुछारमा लेखक कृष्णप्रसाद रिजाल २०५६ लेखिएको, भित्रि पृष्ठमा पनि मदन-आश्रितको खोजीमा खण्डकाव्य लेखिएको र बीचमा तीनओटा धर्का दिएको साथै त्यसको पछाडि पृष्ठमा प्रकाशित धनादेवी रिजाल लेखेको मुनि लेखक कृष्णप्रसाद रिजाल, त्यसपछि सर्वाधिकार कविमा, प्रकाशन मिति, २०५६।८।११ छापिएको प्रति ११००।, मूल्य रु.५५, क्रमशः र त्यसको पुछारमा क. विद्यादेवी भण्डारी शुभकामनाका लागि, क. झलनाथ खनाल दुई शब्दका लागि साहित्यकार देवी पन्थी भूमिकाका लागि, भनेर धन्यवाद व्यक्त गरिएको छ । त्यसको पुछारमा मुद्रकः राधारत्न ओखलढुङ्गा छापाखाना विराटनगर -१५ फोन नं. २-३३३६-३०६३१ लेखिएको छ । अर्को पृष्ठमा विद्यादेवी भण्डारीको शुभकामना, त्यसपछि झलनाथ खनाल पछाडि आफ्नो कुरामा दुई पेजको खर्च गरिएको, त्यसपछि भूमिका भनेर देवी पन्थीको अपूरो नै रहेको छ । ३७ पृष्ठ खर्च गरिएको यस गद्य खण्डकाव्यको अन्तिम पृष्ठको सिरानमा कविको चिनारी अर्को कृतिको उल्लेख र झलनाथ खनाल, क. विद्यादेवी भण्डारीबाट देवी पन्थीका नै दुईओटा यस खण्डकाव्यबारेमा भनिएको मुख्य अंश राखिएको छ ।

यस खण्डकाव्यलाई कुनै शीर्षक, अध्याय वा परिच्छेदमा बाँडिएको छैन ।

### ४.१.५.२ विषयवस्तु

सत्य घटनामा आधारित विषय रहेको प्रस्तुत 'मदन-आश्रितको खोजीमा खण्डकाव्यको विषयवस्तु ३७ पेजमा लेखिएको छ । यसमा कमरेड मदन भण्डारी र जीवराज आश्रितको गाडी दुर्घटनाबाट निधन भएको त्यसको रहस्य अहिलेसम्म पनि नखुलेकाले क. मदन भण्डारीका दुई नाबालक छोरीहरूलाई त्यस सत्यतथ्य कुरा भन्ने दिनलाई पर्खनु पर्छ । सत्यको रहस्योद्घाटन अवश्य हुन्छ, त्यसैले छोरीलाई एकतर्फ सत्यघटनाको रहस्योद्घाटन गराउन मुठी कसेर क्रान्तिकारी

भएर लाग्नु पर्छ, अर्कोतर्फ समयलाई पर्खनु पर्छ भन्दै ३४ पटक पर्ख छोरीहरू पर्ख भन्ने पडक्तिलाई दोहोर्‍याइएको, बीचमा देशमा घटेका समसामयिक विकृति विसङ्गतिको उजागर यसरी पर्ख छोरीहरू पर्ख भन्दै सुरु गरिएको यो खण्डकाव्यमा कविले तिम्री आमाले दिन वा रात अथवा एकान्तमा बोलाएर मदन भण्डारी र जीवराज आश्रितको मृत्युको घटना अझै रहस्यमय नै छ भन्ने विषयलाई यसरी उल्लेख गरेका छन् ।

प्रस्तुत खण्डकाव्यका तत्वका आधारमा विश्लेषण गर्ने क्रममा विषयवस्तुका आधारमा विश्लेषण गर्दा केही प्रमुख पङ्क्तिहरू उदाहरणका लागि प्रस्तुत गरिएको छ ।

यसरी तिम्रा पिताजीको मृत्युको घटनाको रहस्य छ जुन कुरा जब तिमीहरूलाई पिताको आवश्यकताको महसुस हुन्छ र छाती पिटेर रुन थाल्छौ तबमात्र यो कथा सुनाउन आवश्यक छ किनकि देशमा अन्याय, अत्याचार, शोषण, दमन एकपछि अर्को गर्दै बढ्दै गई रहेको छ, आज तिमीहरू कलिलै छौ भन्दै जब तिमीहरू सक्षम हुने छौ अनिमात्र कथा भन्ने वाचा गर्दै उपमा अलङ्कारको प्रयोग गरी यसरी लेख्छन्:

तिमीहरू पनि एक दिन
वेनेजीर भुट्टो
छोरी झै बनौंला कि ?
यही पखाईमा
म पनि पर्खिरहेछु !
दुई मुटुका टुक्रा छोरीहरू ! (ऐजन, पृ. ३)

आज हामी सबैलाई अन्धकारले छोपेको छ, तर केही छैन पूर्ण उज्यालो भए अन्धकार हट्ने लक्षण देखिदैछ, मध्यान्न बेलामा हामी सबै मिलेर एउटा सभा गरेर त्यो कथा भनौला । अहिले नक्कली कृष्णको (तत्कालीन प्र.म. कृष्ण प्र. भट्टराई) राज्य छ । तर एक दिन दुवै आँखा भएको सत्यतावादी निडर, साहसी, वीर सन्तान जन्मने आस गर्दै पक्कै त्यो दिन आउला र त्यो सत्य घटनाको रहस्योद्घाटन होला भन्दै एउटा गद्य कविताभित्र छन्द कविता एक लाइने सुनाउँदै, अपराध गर्नेको काल आउने छ, तिमी महासरस्वती, महाकाली, महालक्ष्मी यथार्थमा बन्न सक्नु पर्छ, रणचण्डी हुनै पर्छ, तिमीहरूले एउटा लहर ल्याउनै पर्छ र विश्वको मानचित्रमा तिम्रा पिताजीको तस्वीर टाँस्नु सक्नु पर्छ । अझ मार्क्सवादी नेताले पत्रव्यवहार खण्ड -३, पृष्ठ १२७ मा लेख्नु भएको छ- महान् ऐतिहासिक विकासक्रममा वीस वर्ष भनेको एक दिन बराबर हुन्छ भन्ने उदाहरणीय पङ्क्तिलाई आउने दिनको बिम्बात्मक प्रयोग गरेर यसरी कवितामा व्यक्त गरेका छन्:

पर्ख छोरीहरू पर्ख !
"मार्क्सले एङ्गेल्सलाई
एकठाम लेख्नु भएको छ
महान ऐतिहासिक विकासक्रममा
वीसवर्ष भनेको एक दिन बराबर हुन्छ
तसर्थ अहिले केही बिग्रीएको छैन
समय ढिलो भएको छैन
अग्रसर हुनुपरेको छ ।

(ऐजन, पृ. १७)

कविले हाम्रो छातीमा ठोकिएकाले त्यसको खिल खील पल्टिएर पटक पटक दुख्छ तर पनि धैर्य धारण गर्नु परेको छ, त्यसको एउटा ताल नै बनी सकेको उपमा दिदै यसरी लेख्छन्

पर्खेर बसिरहेको बाँध,
मुटुभरी यसरी नै
बाधिइरहेको छ !
यौटा ठूलो ताल वाँध बनेर
फेवाको ताल झैं
छ यो रोल्पाको निकास झैं
गण्डक सम्झौता झै
काला पानीको पानी झैं
सीमावर्ती नदीहरू
मेचीको पानी झै

(ऐजन, पृ. १८, १९)

यो हामीलाई निलकाँटा, चुथ्रो, ऐँसेलु टिप्न जाँदा घोचेको पीडाझैं यो पीडाले घोचेको छ । जसरी एउटा राजसिंहासनमा हुर्किएकी आदर्श नारी सीताले खाली खुट्टा बनवास जानु परेको थियो त्यस्तै पीडा, भोगिरहेका छन् त्यसैले नारीको इज्जत र प्रतिष्ठा जोगाउन समानता ल्याउन वर्गसङ्घर्षको लडाइँ अब तिमीहरूले नै गर्नु परेको छ । यो असमानताको पर्खाल तोडेर तिमीहरूले नै नयाँ संस्कृतिको विकास गर्नु पर्छ । अन्यायको भण्डाफोर गर्नुपर्छ, हत्याराको जिउँदो लास खोजिनु पर्छ भएन भने तिमीहरू श्रीलंकाली महिला बन्नु पर्छ, मैदानमा उत्रनु पर्छ प्रजातन्त्र आयो भन्छन्

तर दिन दहाडै मान्छेको वेपत्ता पारिन्छ, मुर्दावाद र जिन्दावादको नारा दिदै प्रजातन्त्र जय जय भन्नु परेको, सत्य घटनाको छोपछाप पार्दा पनि चुपचाप बस्नु त्यसैले घिउको डल्लोमा विष राखेर मुसा मारेझैं खाली हातले होइन काँधमा बन्धुक बोकेर हत्यारालाई तातोगोली ठोकेर पुल्ठो बालेर हिड्नु पर्छ, कतिन्जेल यस्ता घटनाहरू टुलु टुलु हेर्न हुँदैन यो ४६ सालको क्रान्ति अधुरै रहेछ, अझ ५६ मा अर्को क्रान्ति गर्नु पर्छ त्यो चाहिँ सफल जनक्रान्ति होस् । जसले नेता मदन र आश्रित भेट्नु पर्छ भन्दै उनीहरूको गाडी ड्राइभर अमर लामा जिउँदै भएकाले उसलाई जन अदालतमा उभ्याएर रहस्योदघाटन गर्नै पर्छ भन्दै कवि यसरी त्यस घटनाप्रति आक्रोश व्यक्त गर्दछन्:

छोरीहरू ! छोराहरू !!
अव हाम्रा आदरणीय
नेताहरू द्वय मदन र आश्रित
भेट्नु पर्छ चुनाव चुनावमा मात्र हैन,
अमर लामा जिउँदै छ
उसलाई अब
जन-अदालतमा उभ्याएर
रहस्योद्घाटन गर्नुपर्छ

(ऐजन, पृ. २८)

सम्पूर्ण वीर सहिदको पवित्र आत्मालाई सम्झेर मौन धारण गर्न आग्रह गर्दै तिनीहरूले हाम्रो देशको अस्तित्व रक्षा गर्न गोली खानु पर्‍यो । त्यो सपना साकार पार्न कसम खाएका नेताहरूले त्यही चुनावको बेला मात्र सम्झनेहरूलाई घच्घचाएर सम्झाउनु पर्छ, क्रान्तिको अभियान अगाडि सार्नुपर्छ किनकि यो ४६ सालको क्रान्तिले सीमित व्यक्तिहरूको मात्र उद्देश्य प्राप्ति भएको तर सर्वहारा जनता जस्ताको तस्तै भएकाले तिनीहरूको उत्थानको लागि एकपटक कम्युनिष्ट सरकार बन्नै पर्छ भन्ने भाव व्यक्त गर्दै नाङ्गा भोकाको आवश्यकता यसले पूरा गर्न सकेको छैन । प्रजातन्त्र प्राप्ति पछि अझ मान्छेहरू मरिरहेछन् यो मान्छे खेल्ने परम्परा तोडिनु पर्छ भन्दै कवि यसरी कवितामा लेख्छन्:

पर्ख छोरीहरू पर्ख !!
पक्ष र प्रतिपक्षको
दोहोरी गीत प्रतियोगिताले
अब मनोरञ्जन दिने छैन

यथार्थमा अब
प्रजातन्त्र प्राप्तिपछि
दशवर्षको मूल्याङ्कन हुनुपर्छ !
सर्व साधारण जनताहरूले
पाएको अधिकार र
विकास निर्माणको कुरा हुनुपर्छ
दिनानुदिन सर्वसाधारण
जनताहरू त्रसित हुँदैछन्
प्रजातन्त्र प्राप्ति पछि
अझ बढी मान्छेहरू मरिरहेछन्
यो मान्छे मार्ने प्रजातन्त्रको
तिमी हामीहरूले विरोध गर्नु पर्छ !
निरपराध जनताहरूको
सामान्य जनजीवनमाथिको
मात्र भोगी होडबाजीमा
होली खेलिने परम्परा तोडिनु पर्छ ।

(ऐजन, पृ. ३२ र ३३)

देशमा अनेकौ वादको दलदलमा फसेर मुकलाटो बन्नु हुँदैन केही गर्नु पर्छ भन्दै जनता जनार्दनको पक्षमा पनि सोच्नु पर्छ, भन्दै फेरि भ्रष्टचार, महङ्गी, दीन दुःखीका पक्षमा, सर्वहाराका पक्षमा र इमान्दार जनताका पक्षमा हाम्रो क्रान्ति हुनुपर्छ । फकाइमा र अल्झाइमा लागेर साना नानीलाई फकाएझैं अब कोही फर्कने छैनन् नयाँ धोती फेरिएर मात्र हुँदैन, धाँधली निर्वाचनमा भाग लिदैनन् । जाली आश्वासनको भर पर्दैनन् भन्दै कवितामा लेख्छन्:

अब कुनै पनि त्यस्तो
जादुगर महानिर्वाचन हेर्दैनन्
पटक पटक भोट खसालेर
धाँधली पूर्ण निर्वाचनमा भाग लिदैनन्
धाँधली वाजहरूको भाग्य निर्माता हुदैन ।
धरि मेलम्चीको सपना,

घरि अरुण पहिलो र दोस्रो योजना
घरि हेटौंडा काठमाडौं सुरुङ्ग मार्गको रचना
एकपछि अर्को जाली आश्वासनमा
अव पर्खदैनन् धैर्य गर्दैनन्
अव आफ्नै कुराहरू खोज्छ र जनताहरू
अनि,
अनि आफ्नै विषयमा सोध्छन् जनताहरू
मदन-आश्रितको सपना खोज्छन्
यथार्थमा सबैको उत्थान खोज्छन् ।

(ऐजन, पृ. ३५ र ३६)

फकाइमा र अल्झाइमा लागेर साना नानीलाई फकाए झैं अब कोही फकिने छैन, नयाँ धोती फेरेर मात्र हुदैन । धाँधली निर्वाचनमा भाग लिदैनन् , जाली आश्वासनमा भर पर्दैनन् । मदन-आश्रितको रहस्यमय निधन भएको दसवर्षसम्म जनता पर्खिए । अब अर्को निर्वाचन पनि पर्खर्दैनन् त्यसैले यस कान्तिको लिडरसिप छोरीहरूले लिनुपर्छ र पूर्ण कान्ति हुनुपर्छ । नत्र फेरि यो देशमा मदन-आश्रित नै जन्मनु पर्छ र सचेत नयाँ आन्दोलन गर्न प्रोत्साहन गर्दै पर्ख ! छोरीहरू पर्ख ‼ भन्दै अन्त्य गरिएको छ ।

### ४.१.५.३ पात्रविधान

पात्रविधान खण्डकाव्यको अनिवार्य तत्व भएकाले यसले खण्डकाव्यको विषयलाई गतिशील बनाउँछ । कृष्णप्रसाद रिजालको मेरो फूलबारी, विश्वशान्ति काव्यमा पात्रको प्रयोग गरिएको छैन तर यो मदन-आश्रितको खोजीमा खण्डकाव्यमा पात्रको प्रयोग गरिएको छ ।

यस खण्डकाव्यमा क. मदन भण्डारी र क. जीवराज आश्रितको रहस्यमय मृत्युको घटनालाई विषयवस्तु बनाई यिनै स्वर्गीय पात्रको नै मृत्युको रहस्य पत्ता लगाउन देशमा भएको विकृति विसङ्गति निम्त्याउन भूमिका निर्वाह गर्ने नेताहरूको प्रसंङ्ग ल्याएर त्यसको निर्मूल गर्न अब आउने युवावर्गलाई सत्समाजको निर्माण गर्न छोरीहरूका माध्यमबाट सम्झाइएकाले यस खण्डकाव्यका नायक पात्र मदन भण्डारी र जीवराज आश्रित हुन् भने सहायक पात्र छोरीहरू रहेकाले पात्र विधानका दृष्टिले उत्कृष्ट रहेको छ । यस खण्डकाव्को शीर्षकीकरण पनि मुख्य पात्र मदन-आश्रितकै आधारमा गरिएकाले कविले पात्रको पूरै उपेक्षा गरेका छन् भन्न सकिदैन ।

### ४.१.५.४ देशकाल परिस्थिति/परिवेश

कथानकलाई गतिशील बनाउने कारक तत्वका रूपमा अनुभूतिमय प्रगाढता ल्याउन देशकाल वातावरणको औचित्य प्रतिवादन हुन आउँछ । खण्डकाव्य काव्यात्मक विधा भएकाले अनुभूतिलाई उजिल्याउन जुनसुकै अवस्थामा भए पनि परिवेशको चित्रण भएकै हुन्छ । काव्यकार कृष्णप्रसाद रिजालको मदन-आश्रितको खोजीमा खण्डकाव्यमा पनि परिवेशको चित्रण भएकै देखिन्छ । यस खण्डकाव्यमा २०५० साल जेठ ३ गते नेपालको मध्यमाञ्चल विकास-क्षेत्र अर्न्तगत नारायणी अञ्चलको चितवन जिल्लाको दासढुङ्गा स्थित त्रिशुली नदीमा जीप दुर्घटना भई नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादीका नेता मदन भण्डारी र जीवराज आश्रितको कारूणिक निधन भएको देशकालगत परिवेशका रूपमा चित्रण गरिएको छ भने, २०५६ सालसम्म पनि त्यस घटनाको छानबिन हुन नसकेको यथार्थपरक वातावरणलाई चित्रण गर्नेक्रममा हतारको प्रस्तुतिले परिवेश चित्रण त्यति सशक्त नभए पनि नेपाली समाजमा हुने गरेको विकृति विसङ्गतिलाई र परिवर्तनमुखी समाज देखाउन क्रान्ति नै गर्न जोडदिनु परिवेश चित्रणगत प्रवृत्ति देखिन्छ ।

### ४.१.५.५ केन्द्रीय कथ्य

जुनसुकै खण्डकाव्यको पनि एउटा केन्द्रीय कथ्य रहेकै हुन्छ । काव्यकार कृष्णप्रसाद रिजालको मदन-आश्रितको खोजीमा खण्डकाव्य पनि सत्य घटनामा आधारित भएकाले मदन भण्डारी र जीवराज आश्रितको मृत्युको रहस्य पत्ता लगाउन छोरीहरू नै सक्षम हुनु पर्ने अर्थात देशका सबै सन्तान र यथार्थता पत्ता लगाएर विकृति र विसङ्गतिले जेलिएको समाजबाट स्वास्थ्य तथा समुन्नत समाजको निर्माणतर्फ लाग्नु पर्ने कुरालाई केन्द्रीय कथ्य बनाइएको छ ।

यस खण्डकाव्यमा विभिन्न सङ्घर्षशील व्यक्तिहरूको उदाहरण दिएर मदन भण्डारीका छोरीहरू पनि यस्तै बन्न सन्देश दिइएको छ । वर्तमान समयमा रहेको वर्गभेद आदिको निर्मूल पार्न काँधमा बन्दुक, पुल्ठो आदि नै बोकेर हिड्नु पर्ने अवस्था आएको र यो ढिलो गर्नु नहुने र छिटो भनेर आत्तिनु पनि नहुने कुराको समेत उल्लेख गर्नु गरिएको छ । यसर्थ स्वस्थ्य समाजको निर्माण नै यस खण्डकाव्यको मूल कथ्य हो ।

### ४.१.५.६ भावविधान

कविका भावनात्मक अभिव्यक्तिहरूको परिणामस्वरूप खण्डकाव्य जन्मने भएकाले यसको सीधा सम्बन्ध भावनासँग जोडिन पुग्छ । त्यसैले भावविधान खण्डकाव्यलाई पाठकप्रिय एवम् प्रभावकारी बनाउने महत्वपूर्ण आन्तारिक तत्वका रूपमा रहेको हुन्छ । यसरी हेर्दा काव्यकार

कृष्णप्रसाद रिजालको 'मदन-आश्रितको खोजीमा' खण्डकाव्य भावविधानका दृष्टिले उत्कृष्ट रहेको पाइन्छ । यस खण्डकाव्यमा क्रोध स्थायी भाव भएको रौद्र रसको उचित प्रयोग गरिएकाले पाठक वर्गमा निकै प्रभाव पार्न सक्ने देखिन्छ । कविका यी रसमय अभिव्यक्तिले खण्डकाव्यको भावबोधमा कुनै कठिनाइ उत्पन्न गरेका छैनन् बरू त्यसको बोध गराउनमा सहायक सिद्ध भएका छन् । मदन-आश्रितको दुर्घटनाको रहस्य खोज्न पर्ख छोरीहरू पर्ख भनेर एकतर्फ पर्खन आग्रह गरिएको छ भने अर्का तर्फ विभिन्न सङ्घर्षशील व्यक्तिको उपमा दिएर त्यस्तै सक्षम बन्न ऊर्जासमेत दिएर सुरु आवाज र अन्त्यमा पनि यही पर्ख छोरीहरू पर्ख भनेर गरिएको छ । कुनै पनि घटनाहरूको यथार्थता पत्ता लगाउनभन्दा त्यसको ढाकछोप गर्ने नेपाली प्रवृत्तिप्रति कवि क्रोधित बन्न पुग्छन् ।

### ४.१.५.७ लयविधान

कथा, निबन्ध र कवितामा लयकै कारणले कवितालाई उत्कृष्ट विधाको रूपमा लिइन्छ । लयले सिङ्गो वातावरणलाई नै लयमय बनाइ दिन्छ । शास्त्रीय खण्डकाव्यका रचनाकारहरूले लयको अर्थ छन्दमय अभिव्यक्ति भन्ने लगाए पनि वर्तमान समयमा गद्य भाषामा पनि लयात्मक अभिव्यक्ति प्रकट गर्न सकिने कुरा प्रमाणित भई सकेको छ । अतः छन्द नै खण्डकाव्यको अनिवार्य तत्व नभए पनि लयविधान भने अनिवार्य रहन्छ । यसैले काव्यलाई जीवन्त एवम् प्राणवान् बनाइदिन्छ ।

छन्दका कविता बढी लेख्ने काव्यकार कृष्णप्रसाद रिजालको यो खण्डकाव्य मदन-आश्रितको खोजीमा गद्यलयमा लेखिएको छ । यसमा अन्त्यानुप्रासको केही ख्याल गरिएको छैन । धारावाहिक प्रस्तुतिले गर्दा लयात्मकतामा कमी देखिन्छ । एक रातमा नै लेखिएको खण्डकाव्य भएकाले धेरै कसरमसर भने रहेका छन् ।

### ४.१.५.८ अलङ्कार योजना

बिम्ब प्रतीक र अलङ्कार योजनाका दृष्टिले यो मदन-आश्रितको खोजीमा खण्डकाव्यलाई यसरी अध्ययन गरिएको छः

**वृत्यानुप्रास**

नाङ्गिनेहरू नाङ्गिदैछन्
बाङ्गिनेहरू बाङ्गिदैछन्
आउनेहरू आउँदैछन्
जानेहरू जाँदैछन्  (ऐजन, पृ.१२)

**रूपक अलङ्कार**

त्यो ऐतिहासिक दाई

वीर अभिमन्यु क. रत्न कुमार वान्तवा पढ्नु पर्छ ।

(ऐजन, पृ. १२)

**उपमा अलङ्कार**

कसरी भनौ र कसरी व्यक्त गरौं !

यो अव्यक्त पीडा !

यो अनन्य वेदना र

यो अकल्पनीय दुःख !!

त्यो एक दिनलाई

पर्खे र बसिरहेको बाँध

मुटुभरी यसरी नै

बाँधिइरहेको छ

यौटा ठूलो तालको बाँध बनेर

फेवाको बाँधझैं

छयोरोल्पाको निकासझैं,

कोशीको बाँध झैं

गण्डक सम्झौता झैं

कालापानी झैं

सीमावर्ती नदीहरू

मेचीको पानी झैं

महाकालीको पानी झैं (ऐजन, पृ. १८ र १९)

## ४.१.५.९ सर्गयोजना

पूर्वीय काव्य मान्यतामा सर्गयोजनालाई महाकाव्यको अनिवार्य तत्व मानिए पनि नेपाली खण्डकाव्यमा यसको अनिवार्यतालाई स्वीकार गरिएको पाइँदैन । खण्डकाव्यमा जीवनजगत्को एक खण्डविशेषको चित्रण हुने भएकाले यसलाई सर्गसर्गमा उल्लेख गरिहनु पर्दैन भन्ने मान्यता आएको हो । यसरी हेर्दा खण्डकाव्यकार कृष्णप्रसाद रिजालको खण्डकाव्य मदन-आश्रितको खोजीमा खण्डकाव्यमा कुनै सर्गको प्रयोग गरिएको छैन । केबल धाराबाहिक प्रस्तुतिमात्र रहेको छ

### ४.१.५.१० भाषाशैली

काव्यकार कृष्णप्रसाद रिजालको मदन-आश्रितको खोजीमा खण्डकाव्य धाराबाहिक रूपमा प्रस्तुत भएकाले काव्यात्मकताबाट केही चिप्लिएकाले र विचारमात्र प्रस्तुत गर्न जोड दिएकाले नै होला काव्यात्मक भाषा प्रयोगमा ख्याल गरिएको छैन । यस खण्डकाव्यमा तत्सम् तद्भव, आगन्तुक, ठेट नेपाली प्राय ! सबै प्रकारको भाषाको प्रयोग गरिएको छ । निपात, विस्मयाधि बोधक चिन्हको प्रयोग गरिएको छ तर शब्द प्रयोगमा सरलता, सहजता र  सरसतामय बोधगम्यताले गर्दा पाठकको ध्यान आकृष्ट गर्न सफल नै भएको देखिन्छ ।

### ४.१.५.११ उद्देश्य

खण्डकाव्यकार कृष्णप्रसाद रिजालको मदन-आश्रितको खोजीमा खण्डकाव्यमा जालझेलले जेलिएको नेपाली समाजलाई मुक्त गरी स्वस्थ्य र समुन्नत समाजको निर्माण गर्नुपर्ने चाहना व्यक्त गरेका छन् । वर्तमान समयमा नेपालमा प्रजातन्त्र आएर केही व्यक्तिको मात्र स्वर्थ सिद्ध भएको आम जनता एकदम पीडामा रहेकाले यस्तो समाजलाई क्रान्तिबाट मात्र समाजको निर्माण गर्न सकिने हुँदा जोशजाँगर बढाएर क्रान्तिको विगुल फुक्न आह्वान गरेका छन् ।

काव्यकार रिजाल क्रान्तिकारी सोच बोकेका बिद्रोहात्मक स्वाभावका देखिन्छन् । समाजमा रहेका शोषण, दमन, अत्याचार र अन्यायको समन गर्नुपर्दछ, समुन्नत समाजको सृजनामा जोड दिनुपर्छ भन्ने कुरामा जोड दिएका छन् । यसरी असल र खराब दुवै प्रवृत्तिका पात्रको चयन गरेर मानव समाजलाई हत्या, हिंसा र आतङ्कबाट मुक्त पार्ने चाहना नै प्रस्तुत खण्डकाव्यको उद्देश्य हो ।

## ४.१.६ कवि कृष्णप्रसाद रिजालको केही फुटकर कविताको अध्ययन

कवि रिजालका धेरै प्रकासित, अप्रकासित फुटकर कविताहरु मध्ये पानको पात र इस्कुस शीर्षकको कविताहरुको क्रमश. केही व्याख्या विश्लेषण यस प्रकार गरिएको छ ।

### ४.१.६.१ कवि कृष्णप्रसाद रिजाल र उनको ‘पानको पात’ कविता

कवि कृष्णप्रसाद रिजालका फुटकर कविताहरु मध्ये यो कविता धेरै प्रख्यात एवं महत्वपूर्ण कविता हो । रचनाकालको दृष्टिले यो कविता प्रथम चरण अन्तर्गत वि. स. २०३९ मा भएको देखिन्छ । यो कविता कविको जीवनसँग अतिसान्दर्भिक, समयसापपेक्ष, मार्मिक, एवं कारुणिक देखिन्छ । कविको जीवन, जीवनचर्या र जीवनयापनसँग सम्बन्ध गाँसिएको यो कविता बढी भावूक एवं यथार्थको धरातलमा रुमर्लिको छ । जीवनका कथा, व्याथा, सुख-दुःख कवितामा जीवन्त रुपमा समेटिएको पाइन्छ ।

जीवनको उन्नति गर्ने समय, पढ्ने र बढ्ने,प्रगति गर्ने उमेरमा बाध्यताबशः पानको व्यापार गर्नुपरेकोमा कवि बढी मर्माहत छन । सँगैका साथीसंगीहरु राम्रा राम्रा विद्यालयमा पढी उच्च शिक्षा हासिल गरेका छन् । भविष्यका सुनौला सपनाहरु सजाएका छन्, तर आफु चाहिं यी सवै कुराबाट बन्नु परेकोले दुःख व्यक्त समेत गरेका छन् । जस्तै :-

कलिला हातले मैले बाध्य भइकन यो गरें ।

हरियो पानको पात मेरो आफन्त सम्झे ॥१॥

जीवनमा धेरै धोका, दुःख हण्डर खाएर, आफन्तहरबाट पनि खासै सरसयोग नपाई केवल पानको पातलाई आफ्नो सम्झी पानको पातलाई आफ्नो जीवनको आधार, जीवन साथी कविले सम्झेको पाइन्छ । सरल र सहज शब्द र पदावलीको प्रयोग गरेको हुनाले कविताको भाव र भाषा बुझ्न कुनै माथापच्चिसी गर्नुपर्दैन पाठक बर्गलाई । जसको थर ठेगाना छैन, न पूर्व कुनै चिनजान छ, यो अपरिचित पानको पात मेरो जीवनको अंग बनेको कुरा कवि व्यक्त गर्छन् ।

कहाँ हो घर खै यसको मलाई कसरी चिन्यो ।

मेरो जीवनको साथी पानको पात नै बन्यो ॥

आफ्नो प्राणप्रिय जीवनसाथीसँग समेत पर्याप्त माया सरसयोग नपाइरहेके अवस्थामा पानको पसल खोली जीवनधान्न थालेपछि यही पानको पातलाई जीवनको आधार मानेका छन् । यसैको माध्यमबाट केही अर्थोपार्जन, जीवन संचालनमा केही सहजता भएतापनि उत्तरार्धमा त्यो पेशामा पनि कुठाराघात आएकोले दीगो पेशा बन्न नसकेको देखिन्छ । आफन्तको क्षणिक स्वार्थले गर्दा सुमधूर सम्बन्धमा फिका महशुश भएको पाइन्छ ।

अन्त्यमा यो कविता कविको जीवनमा ज्यादै मार्मिक, यथार्थिक र कारुणिक देखिन्छ ।

### ४.१.६.२ कवि कृष्णप्रसाद रिजालको 'इस्कुस' कविता

रिजाल खण्डकाव्य, कविता संग्रह, स्मृतिग्रन्थ, उपन्यास, नियात्रामूलक निबन्धमा मात्र सीमित नरही समय समयमा फुटकर कविताहरु पनि रचना गर्न पुगेका छन् । ती मध्य यो इस्कुस कविता जुही स्वर्ण अंक (२०५९) मा प्रकासित भएको पाइन्छ । जुही साहित्यिक पत्रिका बरिष्ठ साहित्यकार चुडामणि रेग्मीको सम्पादकत्वमा सम्पादित भएको पाइन्छ । यो पुस्तकको परिचय खण्डमा निरन्तर साहित्य साधनमा तल्लीन इलामे साहित्य क्षितिजका जाज्वल्यमान तारा मध्ये एक हुन- इलामका कृष्णप्रसाद रिजाल भनि परिचित गराइएको छ ।

प्रस्तुत कविता प्रचलित छन्द अनुष्टुप छन्दमा विस्तारित भएको छ । आयामगत दृष्टिले सात अंकमा फैलिएको पाइन्छ । इलामको धेरैवटा प्रचलित नगदेबाली मध्ये प्रमुख रुपमा इस्कुसलाई लिन

सकिन्छ । यसै कुरामा सहमत भई कवि रिजालले इस्कुसको परिचय, व्याख्या, महत्वको प्रकास पार्दै कविता रचना गरेको पाइन्छ ।

इस्कुसलाई राम्रो ठाउँ पनि चाहिदैन, खनी खोस्री रछ्यानमा फालेपनि उम्रन्छ । पौरखी हातले रोपे पनि , झ्यासझुसले छोपे पनि इस्कुस फैलिएर आफ्नो खानदानी विशेषता ढाकेकै छ । गतिलो ठाउँ चाहिदैन, गाईको गोठ भए पुग्छ, किनवि त्यहीं उसलाई चाहिने मल र चिसोपना पाउँछ । थाङग्रा हालेपनि हुन्छ, उसलाई टाँढ हालेपनि हुन्छ, ऊ त्यसै लहरिएर फल्छ । उसको मुन्टा, फलदेखि लिएर जरासम्म खान्छ मान्छेले । यस्तो विशेषताले गर्दा यो ज्यादै उपयोगी, बहुगुणी सब्जीको रुपमा प्रख्यात छ ।

आलु ज्यादै प्रख्यात, नामी सब्जीको रुपमा मान्दै आएको पाइएतापनि आलु फलको रुपमा मात्र उपयोग गरिन्छ भने इस्कुस पात, फल र जरा समेत उपयोग गरिन्छ । भैरवप्रसाद रिमालको आलको महिमागान गाइएको आलु निवन्ध भन्दा कवि रिजालको इस्कुसे कविता अझ प्रख्यात, बढी उपयोगी र व्यावहारिक पाइन्छ । यति प्रख्यात र प्रशंसित भएपनि आखिरमा मान्छेले व्यावहार गर्ने, भन्ने गरेको नाथे इस्कुस भन्ने तीतो यथार्थप्रति पनि कविले व्यङ्गय गरेका छन् । इस्कुसले इलामको एउटा पर्यायको रुपमा पनि विशेषता जाहेर गरेको छ भन्दै यसको महत्वबारे जोड दिएका छन् । जस्तै –

जाडो-गर्मी सहेको छु लेक बेंशी सवैतिर
चिल्ले काँडे भएकै छु , म आफ्नै बम्श आखिर
इलामे हुँ , भएकै छु नेपाली साग सब्जीमा
घिरौंले नाक पार्दिन इस्कुसै हुँ म आखिर ॥७॥

## ४.१ .६ .३ .कवि कृष्णप्रसाद रिजालको बाँदर नाच व्यङ्गय कविताको अध्ययन

### ४.१ .६.३.१ . बाँदर नाच भाग एक

बाँदर नाच भाग - १ कविता पर्चाको रुपमा वि.स. २०५२ सालमा प्रकासित भएको पाइन्छ । यो कविता अनुष्टुप छन्दमा विस्तारित भएको छ । यसको आयामगत विस्तार १५ श्लोकमा भएको छ । १३ औं वि. पी . स्मृति दिवसको उपलक्ष्यमा कवि रिजालले प्रकासित गरेको पाइन्छ । यो कविता व्यङ्गय मात्र नभएर प्रतीकात्मक रुपमा प्रस्तुत भएको पाइन्छ । तत्कालीन समयको राजनैतिक अवस्था, राजनेताको चरित्र, राजनैतिक दलहरुको आपसी मनमुटाव, खिचातानी, आपसी द्वन्द्वप्रति व्यङ्गय गर्दै वि. पि. स्मृति दिवशको सन्दर्भमा वि. पी . लाई सम्झदै देशको यथार्थ स्थितिको

व्याख्या, विष्लेषण यस कवितामा गरेको पाइन्छ । देशमा अमन चयन कायम गर्न, न्यायको वातावरण छाउन, देशको विकास गर्न, शान्ति कायम गर्न वि. पि. लाई पुनः जन्मेर आउन आव्हान गरेको छ, यस कवितामा कविले ।

देशका साह्रा राजनेताहरु बाँदररुपी चञ्चले स्वाभाव धारण गरेर आफ्नो नीजि स्वार्थमा लागेका छन् । अर्काको हित,न्यायमा लाग्नको साटो अहित,अन्यायमा लागेका छन् नेताहरू ।जसरी बाँदरले लटरम्म फलेका रुखका हाँगा समेत भाँचिई  खाई अन्य फलसमेत भूँईमा झार्छन्, नास गर्छन् र अरूको लागि वास्तै छैन ।त्यसरी नै यहाँ रहेको नेताहरू आफ्नो मात्र स्वार्थपूर्तिको लागि तल्लीन छन् ।भविष्यको लागि कुनै वास्तै छैन ।साझा भावना,एकताको कुरै छैन,आफै मपाई बनेका छन् ।जस्तैः-

एकताको कुरा छैन,गंकिने चंकिने भए ।
तपाई भन्नु पर्दैन, आफै मपाई भइरहे ॥
कि ढेडुको उभै यौटा व्यवस्था गर्नु पर्छ कि ।
सान्दाइ ! अति भो चार भो आफैं पो झर्नु पर्छ कि ॥४॥

आमनिर्वाचनमा काँग्रेसले प्राप्त गरेको साधारण बहुमतले नपुगेर गिरीजाप्रसाद कोइरालाले पूर्णबहूमतको इच्छा गरी उपनिर्वाचनको घोषण गरे । तर पूर्णबहूमतको सट्टा काँग्रेसको स्थान दोस्रो पार्टीको रुपमा मात्र मत प्राप्त गरी सरकारको प्रतिपक्षमा रहन पुगेकोमा गिरीजाप्रसाद कोइरालाको हठप्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ यहाँ । पार्टीभित्रको अन्तरकलह, वैमन्स्यता आदिको व्याख्या गरेको पाइन्छ । आखिरमा जित्नु, हार्नु के थियो र ! एउटा नेपालीको छोराले हार्छ, अर्को नेपालीको छोराले जित्छ, जित्ने-हार्ने उही नेपाली त हो । यस्तो बाँदर नाचले फाइदा होइन वेफाइदा गरेको छ, नास गरेको छ ।

भोकालाई दिनुको सट्टा अघाएकाले सवै खाए, लाटा निमुखालाई उल्टै अन्याय थिचोमिचो गरे भन्दै प्रजातन्त्रमाथि नै खिल्ली उडाएका छन् । प्रजातन्त्र नारामा मात्र सीमित छ, सवै होमाहो मिलाई हिडेका छन धुपौरे भई । बाँदर नाच मात्र होइन राजनेताहरुले ब्वाँसाहरुको चरित्र देखाएका छन् । चुनावमा टिकट बाँड्ने र टिकट पाउनेको खेल दुवै ठीक छैन । निमुखा जनताहरुको छात्तीमा छुरा रोपेका छन भन्छन कवि । जस्तै :-

भोकालाई दिएनन् क्यै अघाकाले घिचे सवै ।
लाटा र निमुखालाई दिन्छौं भन्दै थिचे अझै ।
महामन्त्र प्रजातन्त्र नारा मात्र बन्यो अब ।

न्याय अन्यायको होइन धुपौरो हिडे सव ॥९॥

युद्धकै कारणले महाभारत जस्तो काण्ड रचियो । बाँदरके बुद्धि केही सप्रिए, देश केही सप्रिन्थ्यो कि भनि झिनो आशा राखेका छन् कविले । एउटा सानो महामन्त्र यी नेताको कानमा परे, हिजोको रणसंग्राम इतिहास नबिर्से केही सत्बुद्धि पलाउँथ्यो कि ! नेतामा भनि व्यङ्गय गरेका छन् कविले । जसरी बाँदर स्वयं आफ्नो इच्छाले ननाची अर्काको इशारामा, लट्ठीको भरमा नाच्दछ । त्यसरी नै हाम्रा देशका नेताहरु आफ्नो सत्बुद्धीमा सोचविचारले नहिडी अर्काको इशारामा हिडी स्वार्थको भावना अँगाली राष्ट्रिय हितमा लागेका छैनन् भनि व्यङ्गय प्रस्तुत गर्न सफल भएका छन कवि ।

## ४ .१ . ६ .३ . २ .बाँदर नाच भाग- दुई

यो हास्यव्यङ्गय कविता-२ नयाँ वर्ष २०५४ को सुखद उपलक्ष्यमा प्रकाससित गरेको पाइन्छ । यो अनुष्टुप छन्दको लयमा १५ श्लोकमा विस्तारित भएको छ । त्यस्तो राजनैतिक स्थिति हेरेर अति भावुक भई २०५२ सालमा बाँदर नाच भाग एक प्रकासित गरेकोमा २०५४ सालसम्ममा पनि देशमा कति पनि सुधार नभएकोले यो दोस्रो भाग वितृष्णाकासाथ प्रकासित गरेको पाइन्छ । देशमा अझ थिचोमिचो, अन्याय, अत्याचार, शोषण, दमन बढदो छ, पार्टीभित्र बाहिर भित्र दुवैतर्फको अन्तरकलह बढेको छ भनि आफ्नो भावोद्गार पोखेका छन् ।

रुखका अब त हाँगा नै भाचिसके, नेता भन्दा कार्यकर्ता झन ठूला भएका छन, उच्छङ्खलता देखाएका छन, आफ्नो साथीलाई रुखका हाँगा भाँची झार्दछन । आफ्नै साथी भाइ बन्धुलाई पुरुषार्थी देखाएका छन, खै उनीहरुमा रहेको विश्वबन्धुत्वको भावना । आफ्नो र पराई नचिनी फरक मत, फरक विचार बोकेका बेग्लै समूह, झुण्डलाई आफ्नो सम्झी व्यावहार गरेका छन् तर आखिरमा धोका पाएका छन् । पराइलाई काँधमा बोकी आफन्त सम्झी आफ्नोलाई पराई सम्झेका छन् । पार्टीको केन्द्रमा पनि यस्तै विचार, व्यावहारले प्रश्रय पाएको छ । त्यसैले फटाहाहरुको टाउँकामा टुटुल्को उठ्ने गरी हानी तह लाउनु पर्छ सान्दाइ भन्दै यस धरतीमा पुनः आउनलाई आव्हान गर्दछन् जस्तैः-

सान्दाइ ! तल ओर्लेर माथिको पार्टी केन्द्रमा ।
साह्रै धेरै गरे गल्ति लाठ्ठी बोकेर हातमा ॥
ककसका टाउँका माथि टुटुल्का छ उठाउनु ।
आँखा चिम्लेर के बस्नु ! तुरुन्तै तल आउनु ॥४॥

आजकलका मान्छे समय बेगर, परिश्रम बेगर, फल खान खोज्छन, काम नगरी माम खान खोज्छन । डाल्डा मिसाएको घिऊ जस्तो भित्रभित्रै गिज्याएका छन् नेताहरु । नेताहरु मत्र होइन,

सवैतिर बेइमानीको पराकाष्ठाले छाएको छ । दूधमा पानी मिसाउनु, महमा चिनी मिसाउनु, जस्ता कार्य स्वाभाविक भई सक्यो । यस्तै पार्टीमा पार्टी मिसाएर बसी नसक्नु भयो, कुनै शुद्धता अशुद्धताको  ख्याल छैन । पार्टीको झण्डा पनि दामासाहीले बाँडिदिए भो । यसको कुनै महत्व अस्तित्व छैन, पशु जस्तै भए नेता, जनता साह्रै मारमा परे । न्यायको कुनै आभास पाएका छैनन् । सुखको सास फेर्न पाएका छैनन् निमुखा, सोझा जनताहरुले ।गोली हानी हिजो आफैले ढलाउनु, आज शहीद घोषणा गर्नु, शहीदको सपना र सत्मार्ग बिर्सी, शहीदको नाममा चाहिदो नचाहिदो रुपमा होली खेल्नु, मञ्चमा सस्तो भाषण छाट्नु, सो कुराको कार्य र व्यवहारमा उतार्नु छैन । व्याधा जस्ता छन नेताहरु । दास ढुङ्गाको कनै अत्तोपत्तो छैन, घट्नाको कुनै वास्तविक छानवीन छैन । घट्ना घटाउने आफै आफ्नो देशमा तर विदेशीहरुको हात छ भनि आफू उम्कन खोज्छन नेताहरु । व्यावहार, बोलीमा कुनै सत्यता छैन भन्दै कवि आँक्रोस पोख्छन् कवि ।

विदेशीहरुको हात छ भनि भ्याली पिट्दछन ।
दासढुङ्गा पनि यस्तै कुरै मात्र कथुर्दछन ॥
न बेलाको कुनै टुङ्गो न बोलीमै छ सत्यता ।
यस्तो अन्योलको वाणी मुटु दुख्छ कता कता ॥१०॥

एउटा पार्टीको फटाहा मान्छे अर्को पार्टीमा प्रवेश गर्दा सभ्य, असल, विद्वान कहलिन्छन । त्यो पार्टी फटाहाहरुको झुण्ड कहलिन्छ । पीपलको पात झै हावासँग घरि यता घरि उता गरे झै पीपलपाते चरित्र निर्वाह गरेका छन । देशको, राष्ट्रको कुनै ख्याल नगरी केवल व्यक्ति स्वार्थमा लिप्त भएका छन । यस्तो चरित्रले देश खिइदै र घुम्चिदै गई विगतका इतिहास, गौरवगाथामा खिया लाग्दै गएको छ । क्रान्तिकारीका पनि खराभाषण र सपना पनि सपनामै विलिन हुने भयो । क्रान्तिकारी झण्डा र भाषण, प्रविबद्वता र चुनावी घोषणपत्र पनि च्याते भयो । नेता नेता भनि हिड्थे बडो गौरवकासाथ तर आज बाँचे पनि मरे सरह नै भयो, बाँचेको कुनै सार छैन । विगतमा बरु द्रौपदीको लाज बचाउन कृष्ण प्रकट भएका थिए । आज त कोही कृष्ण भएर प्रकट हुन सकेका छैनन्, नेता सवै नाङ्गा, नाङ्गै भएर हिडेका छन, जुवातास, सुरासुन्दरीको खेलमा । नैतिकताको कुनै ख्याल छैन । मुलुकमा कुनै विकास निर्माणका काम छैन, सत्मार्गको कुनै तय छैन, योजना छैन, इज्जत प्रतिष्ठाको कुनै वास्ता छैन, जन्मेको कुनै लक्ष्य छैन । नयाँ नयाँ काण्ड रचेका छन, विभिन्न समितिको निर्माण भएको छ, कुनै काम छैन, सत्यतथ्यको खोजी छैन, अन्यायको बीचमा अरु अन्याय थपिएको छ । अब त  म पनि गलिसके, यी कविताहरु लेखेर कुनै अर्थ छैन, सुधारको संकेत

पाइएको छैन भनि कविले ज्यादै तित्तता पोखेका छन अन्त्यमा र यो व्यङ्गय कविताको अन्त्य गरेका छन् ।

सान्दाइ ! अब साच्चै नै तल नझर्ने हो भने ।
मेरो पनि काम यस्तै छ गन्थने ॥
काण्डै-काण्ड घटेका छन् घटनाहरु दिनदिन ।
मलाई मात्र के खाँचो ! लेखें च्यातेर फाल्छु ॥

### ४. १ .६.३ . ३ कृष्णप्रसाद रिजालको मूलभूत प्राप्तिको विधा एवम् कृति

साहित्य सिर्जनामा उन्तीस वर्ष खर्चेका कृष्णप्रसाद रिजालले फुटकर कवित,ा खण्डकाव्य, उपन्यास, निबन्ध र स्मृति ग्रन्थ सङ्ग्रहको सङ्कलन आदिमा कलम चलाएको पाइन्छ । रिजालका दुई कवितासङ्ग्रह, एक लघुकाव्य, दुई खण्डकाव्य, एक उपन्यास र एउटा निबन्ध र चारवटा सङ्कलित स्मृति ग्रन्थहरू पनि प्रकाशित भई सकेका छन् । प्रकाशित भएका पुस्तकहरूको अध्ययन गर्दा खण्डकाव्यहरूमा 'विश्वशान्ति', कवितासङ्ग्रहहरूमा 'रिजालका केही कविताहरू' नै ज्यादै उत्कृष्ट रहेको देखिन्छ । आयामगत रुपमा सानो भएतापनि बाँदर नाच हास्यव्यङ्गय कविता ज्यादै गहकिलो, व्यङ्गयका दृष्टिले ज्यादै सफल देखिन्छ । यी कृतिमा काव्यकला भरिपूर्ण देख्न सकिन्छ । रिजालका सबै कृतिहरूले आफ्नोपन बोकेकै छन् । प्रत्येकले मानवता, देशप्रेम, राष्ट्रियता, प्रगतिवादिता, प्राकृतिक संसाधनको प्रयोगतर्फ जोड, वर्तमान विकृति र विसङ्गतिको भण्डाफोर गर्दै स्वस्थ्य समाजको निर्माणमा नै अझ जोड दिएका छन् । यसरी मानवता र शान्तिकै पक्षमा अल्झिएका रिजालका कृतिहरूमध्ये 'विश्वशान्ति' र 'रिजालका केही कविताहरू' निकै उत्कृष्ट देख्न सकिन्छ । विषयवस्तुको गाम्भीर्य, प्रस्तुति, शैली, व्यञ्जनात्मकता, अलङ्कार प्रयोगका आधारबाट पनि प्रस्तुत दुई कृति नै अहिलेसम्म प्रकाशित कृतिमध्येका उत्कृष्ट रहेका छन् ।

# पाँचौं परिच्छेद

## उपसंहार एंव निश्कर्ष

### ५.१ कृष्णप्रसाद रिजालको समग्र मूल्याङ्कन

कृष्णप्रसाद रिजालका जीवनका विभिन्न खुट्किलाहरू, उनका व्यक्तित्वका बहुविध पाटाहरू तथा कृतित्वका बारेमा अघिल्ला अध्यायहरूमा विस्तृत रूपमा चर्चा गरिसकिएको छ । उपर्युक्त अध्ययनको निष्कर्ष अनुसार उनी २०१६ साल श्रावण १६ गते शनिवारका दिन इलाम जिल्लाको नामसालिङ्ग गाउँ विकास समिति सातमा इच्छाराम रिजाल र निधिकुमारीका कोखबाट जन्मेका हुन् । उनी निम्नमध्यमवर्गीय परिवारमा जन्मेका थिए । उनको बाल्यकालका इच्छाहरू सबै पूरा हुन सकेका देखिँदैन । आफ्नै पिता शिक्षित रहेकाले उनको अक्षारम्भ पिताजीबाट घरमा नै भएको पाइन्छ । आठ वर्षको उमेरमा विद्यालय गएर पढ्न थालेको देखिन्छ । उनको नामकरण, छैटी, उपनयन, विवाह वैदिक विधिअनुसार गरिएको थियो । औपचारिक रूपमा एस्.एल्.सी. पास गरेर आई.ए. सम्मको अध्ययन गरे पनि अनौपचारिक रूपमा विभिन्न पुस्तक, पत्रपत्रिकाको अध्ययन गर्न टुटाएको देखिँदैन ।

बाइस वर्षको उमेरमा वि.सं. २०३८ सालमा 'सम्झना' कवितासङ्ग्रहको प्रकाशनपछि मात्र साहित्यकारका रूपमा परिचित कृष्णप्रसाद रिजालको कवित्वको प्रस्फुरण उनको घरायसी वातावरण, विद्यालयका शिक्षकहरूको प्रभाव तथा साहित्यकार व्यक्तित्वहरूको सम्सर्गबाट भएको देखिन्छ ।

कृष्णप्रसाद रिजालका व्यक्तित्वका विविध रूपहरू देखापरेका छन् । साथीभाइसँगको उनको प्रकृति सरल रहेको देखिन्छ । उनीमा कवि व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व र सङ्कलनकर्ता व्यक्तित्व, राजनैतिक व्यक्तित्व, धार्मिक-सांस्कृतिक व्यक्तित्व जस्ता व्यक्तित्वहरू देखा परेका छन् । प्रथमतः उनी कवि, अनि उपन्यासकार, त्यसपछि निबन्धकार, लगनशील सङ्कलनकर्ता हुन् । यसरी हेर्दा उनी सहित्यका बहुआयामिक व्यक्तित्व हुनाले सफल साहित्यकार रूपमा नै बढी चर्चित छन् ।

कृष्णप्रसाद रिजालको साहित्यिक यात्राको सुरुवात कविता लेखनबाट गरेका हुन् । पचास वर्ष पार गरेका उनले दुईओटा कवितासङ्ग्रह, एउटा लघुकाव्य, दुई ओटा खण्डकाव्य एउटा उपन्यास एउटा निबन्ध, दुईओटा हास्यव्यङ्ग्य कविता, चारओटा सङ्कलित ग्रन्थहरू, विभिन्न फूटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिका सङ्ग्रह आदिमा प्रकाशित भएका छन् । यसबाट उनको कलम विविध विधामा चलेको देखिन्छ तापनि उनको स्थान लोकप्रिय कविका रूपमा सर्वाधिक सुरक्षित रहेको छ । उनको अट्ठाईस वर्षे साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरेर हेर्ने प्रयास

गरिएको छ । पहिलो चरणमा पद्य विधालाई जोड दिएको, दोस्रो चरणमा गद्य विधाका कृति बढी रचना गरिएको र तेस्रो चरणमा इलाम जिल्लाका महत्वपूर्ण व्यक्तिहरूको स्मृतिग्रन्थ सङ्कलन गरेर प्रकाशन गर्नमा बढी प्रेरित रहेको देखिन्छ । उनका कवितामा मानवतावाद, राष्ट्रप्रेम, प्रकृतिप्रेम, सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर, जीवन भोगाईका सुख दुःख, गरिबीपन आदि जस्ता कुराको प्रतिनिधित्व गर्ने अभिव्यक्ति पाइन्छ । उनका कृतिमा सरल र सरस भाषाले महत्वपूर्ण स्थान ओगट्न सफल भएको देखिन्छ । कविताका आधारमा उनलाई कुशल देशभक्त, प्रकृतिप्रेमि, मानवतावादी, राष्ट्र्यप्रेमि कविका रूपमा लिन सकिन्छ । कृष्णप्रसाद रिजालले दोस्रो चरणमा कविता विधाको गद्यमा बढी र उपन्यास निबन्ध विधामा बढी हात हाल्न पुगेका छन् तर यो दोस्रो चरणका गद्य विधाका कृतिभन्दा पद्य विधाको रिजालका केही कविताको सङ्ग्रह नै ओजनिलो छ । प्रकृतिको संरक्षण र सम्बर्द्धन, मानवताको रक्षा, वर्गीय द्वन्द्वको अन्त्य चाहने यी कृतिहरू पनि कम छैनन् । पछिल्लो चरणमा आएर स्मृतिग्रन्थको सङ्कलन र प्रकाशनमा लागेका रिजाल लगनशील व्यक्तित्वमा रूपान्तरित भएका छन् ।

यस शोधकार्यमा कवि कृष्णप्रसाद रिजालको जीवनी र व्यक्तित्व शीर्षकमा छोटो रुपमा बंश परम्परा,पारीवारिक पृष्ठभूमि, विद्यार्थी जीवनका गतिविधि, कर्मक्षेत्र प्रवेश, आर्थिक स्थिति, प्रेरणका घट्ना तथा रुची एवं स्भावकाबारेमा व्यख्या, विश्लेषण गरिएको छ ।

कृष्णप्रसाद रिजाल सामाजिक, राजनैतिक, आर्थिक, ऐतिहासिक विषयको प्रभावबाट साहित्य सिर्जना गर्ने साहित्यकार हुन् । उनका सिर्जनामा मानवतावाद, प्रकृतिप्रेम, राष्ट्रिय भावना, शान्तिको कामना, सामाजिक यथार्थको चित्रण छताछुल्ल भएको पाइन्छ ।

यसरी समग्रमा कृष्णप्रसाद रिजालको मूल्याङ्कन गर्दा मूलतः उनी कवि, उपन्यासकार,श निबन्धकार र लगनशील सङ्ग्रहकर्ता हुन् । परिणाम र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण कृतिहरू दिनसक्ने कवि, उपन्यासकार, निबन्धकार, सङ्कलनकर्ताका रूपमा नेपाली साहित्यकारहरूको सूचीमा अटाउन सक्ने आधार प्रदान गरेका छन् । यसरी कलिलो उमेरदेखि पचासवर्षको उमेरसम्म नेपाली साहित्यमा नै समर्पित साहित्यकारका रूपमा उनका रचनाहरूका माध्यमबाट नेपाली साहित्यिक समाजले उनको साहित्यिक योगदानको स्मरण गरिरहने छ । साहित्यिक यात्राको उत्तरार्धमा स्मृतिग्रन्थको संकलन तथा सम्पादनमा बढी समय लगाएको पाइन्छ ।

## ५.२ भावी कार्यको सम्भावना

यस शोधकार्यमा कृष्णप्रसाद रिजालका पुस्तकाकार रूपमा प्रकाशित बाहेकका प्रकाशित फुटकर कविताहरूका बारेमा प्रकाश पार्न आंशिक रुपमा सफल भएपनि पूर्णरुपमा सम्भव भएन । अतः रिजालका पत्रपत्रिकामा प्रकाशित रचनालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले शोधपत्र तयार पार्न सक्ने सम्भावना रहेको छ । त्यस्तै यहाँ चर्चा गरिएका प्रकाशित कृतिहरू पनि अन्य साहित्यिक सिद्धान्तका आधारमा गहन अध्ययन गरी शोधकार्य गर्न सक्ने सम्भावना पनि रहेकै देखिन्छ ।

यस कार्यका लागि सम्भावित शीर्षकहरू निम्नबमोजिम रहेका छन्:

(क) मानवतावादी, प्रकृतिप्रेम, राष्ट्रियताका दृष्टिकोणले कृष्णप्रसाद रिजालका कवितासङ्ग्रहको र खण्डकाव्यको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।

(ख) कृष्णप्रसाद रिजालका फुटकर कविताहरूको खोज, अध्ययन र विश्लेषण ।

(ग) कृष्णप्रसाद रिजालको गद्यकारिताको अध्ययन र विश्लेषण ।

(घ) उपन्यासकार कृष्णप्रसाद रिजालको औपन्यासिक प्रवृत्तिको अध्ययन र विश्लेषण ।

(ङ) निबन्धकार कृष्णप्रसाद रिजालको निबन्धको अध्ययन र विश्लेषण ।

# सन्दर्भसामग्रीसूची

## प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएका पुस्तकहरूको विवरण

१. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, शोधविधि, दो.सं. काठमाडौं: साभा प्रकाशन, २०५५ ।

२. प्रधान, भिक्टर, नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, काठमाडौं: ने.रा.प्र.प्र. २०४४ ।

३. पोखेल, बालकृष्ण, (सम्पा.), नेपाली वृहत् शब्दकोश, काठमाडौं: ने.रा.प्र.प्र. २०४० ।

४. शर्मा, बालकृष्ण, होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय, २०५६ ।

५. प्रधान, कृष्णचन्द्रसिंह, नेपाली उपन्यास र उपन्यासकार, ते.सं. काठमाडौं: साभा प्रकाशन, २०५२ ।

६. रिजाल, कृष्णप्रसाद, सम्भना, कविता सङ्ग्रह, २०३८ ।

७. ____________, मेरो फूलबारी लघुकाव्य, २०४० ।

८. ____________, विश्वशान्ति खण्डकाव्य, २०४५ ।

९. ____________, फिक्कलदेखि सन्दकपुरसम्म निवन्ध, २०५४ ।

१०. ____________, इन्द्रेणी उपन्यास, २०५४ ।

११. ____________, मदन-आश्रितको खोजीमा खण्डकाव्य, २०५६ ।

१२. ____________, रिजालका केही कविताहरू कवितासङ्ग्रह, २०६१ ।

१३. गौतम, धरणी, इलाम र इलामको साहित्य, प्र.सं. काठमाडौं: मोलुङ बहुउद्देश्यीय कम्पनी प्रा.लि., २०५६ ।


# परिशिष्ट-१

## इलाम जिल्ला



# परिशिष्ट-२


ऐतिहासिक राष्ट्रिय कवि गोष्ठी





# परिशिष्ट-३

## कृष्णप्रसादद्वारा प्राप्त काश्य पदक



# परिशिष्ट-४

१२९ औं मोती जयन्ती, इलाम

२०५१

## प्रमाण-पत्र

यस पुनित अवसरमा आयोजित प्रतियोगितात्मक कवि गोष्ठीमा - इलामका - - का श्री/श्रीमती/सुश्री कृष्ण प्रसाद रिजाल - - - - ले प्रथम स्थान प्राप्त गर्नु भएकोले सधन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

संयोजक | सचिव | संयोजक

---

## कञ्चन सामुदायिक सतह सिंचाई आयोजना


गोर्खे-२ स्याटोर (ईलाम)

## प्रशंसा पत्र

यस सतह सिंचाई आयोजनाको निर्माण अवधि २०५१ साल देखि २०५६ साल भित्र आयोजना निर्माणको क्रममा आइपर्ने बिभिन्न कार्यहरु मध्ये तपाई श्री कृष्णप्रसाद रिजाल - - बाट - - प्रज्ञकारिता - - - - कार्यकोलागी प्राप्त सहयोग र सहाभागिताको सराहना तथा कदर गर्दै यहांलाई यो प्रशंसा पत्र प्रदान गरिएको छ ।

प्रमुख अतिथि | सचिव | अध्यक्ष

# परिशिष्ट-५



वि.प्र.का.द.नं.

नवरङ साहित्यिक द्वैमासिक

कन्याम- ८ फिक्कल, इलाम

नवरङ प्रतिभा सम्मानपत्र

तपाईं श्री/श्रीमती/सुश्री कृष्णप्रसाद रिजाल ज्यू लाई नवप्रतिभा मण्डन कन्याम - ८, इलामद्वारा प्रकाशित नवरङ द्वैमासिकको वर्ष १ अङ्क १ को विवाह शीर्षकको कविता का लागि नवरङ प्रतिभा सम्मानस्वरूप यो कदरपत्र प्रदान गरिएको छ।

व्यवस्थापक

सम्पादक/सहसम्पादक

प्रधान सम्पादक

# परिशिष्ट-६

## Certificate

*Awarded to*

KRISHNA PRASAD RIJAL

*for successful completion of the*

**NEWS REPORTING WORKSHOP**

August 17 - 22, 1998

Ilam

Organised by

**NEPAL PRESS INSTITUTE**

**Regional Media Resource Centre, Biratnagar**

Gokul P. Pokharel
President

Sharat Chandra Wasti
Coordinator

## CERTIFICATE

KRISHNA PRASAD RIJAL

*successfully participated in the*

**WORKSHOP ON BASIC JOURNALISM**

*organised by*

**Regional Media Resource Centre, Biratnagar (NPI)**

20-22 June 1997 in Ilam, Nepal

*(Teju Gautam)*
*Regional Manager*
*Regional Media Resource Centre*
*Biratnagar, Nepal*

*(Mohan Bhandari)*
*Chairman, Consultative Committee*
*Regional Media Resource Centre*
*Biratnagar, Nepal*

# परिशिष्ट-७

## स्मृतिग्रन्थहरूको ऐतिहासिक महत्त्व
## र
## कृष्णप्रसाद रिजालको अतुलनीय योगदान

डा. तारानाथ शर्मा

इलामको नाम्सालिङमा २०१६ सालमा जन्मेका कृष्णप्रसाद रिजाल कथाकार, निबन्धकार र उपन्यासकारका रूपमा आफ्नो मौलिक रचनाकारितामा सदा उज्ज्वल अविस्मरणीय व्यक्तित्व रहेका त हुँदै हुन्, त्यसका अतिरिक्त हाल आएर उनको अनुसन्धानात्मक रूचि र त्यस रूचितर्फ विशेष तन्मयताले स्मृतिग्रन्थहरूको निर्माणमा अतुलनीय योगदान पुगेको छ।

रिजालद्वारा विधासाथ सङ्कलित लेखहरूद्वारा निर्मित स्मृतिग्रन्थहरू जोसुकै व्यक्तिसम्बन्धी नभई इलाम जिल्लाका प्रतिष्ठित समाजसेवी तथा विद्वद्वर्ग पात्रहरूविषयक हुने हुनाले यस्ता परोपकारीहरूका जीवनीले उनीहरूका जीवनकालमा मात्र अरूहरूलाई प्रेरणा दिने र प्रभावित पार्ने नभैकन भावी पुस्ताका असङ्ख्य जनतालाई त झन सुमार्गतिर अभिप्रेरित गर्ने हुँदा सङ्कलकको कार्य प्रशंसनीय भएको छ। जीवनीपरक खोजमा लागिपर्दा रिजालले गाउँगाउँमा थकाइ र भोकको मात्र सामना गर्नुपरेन, स्मृतिग्रन्थका प्रमुख पात्रलाई चिनेका व्यक्ति भेट्ने र उनका सन्ततिहरूले उचित व्याख्या र मूल्याङ्कन गर्न सक्ने व्यक्ति खोज्न, फकाउन र त्यस्ता व्यक्तिलाई सम्मिलित गराउन अनेकौं कठिनाइहरूको पहाडसँग जुध्नुपऱ्यो र सफलता प्राप्त भयो।

रिजालद्वारा निर्माण हुने स्मृतिग्रन्थहरूको सङ्ख्या ठूलो छ जसमा उनी निरन्तर अहोरात्र कामहरूलाई त्यागेर दत्तचित्त भई लागेका छन्। प्रकाशित भइसकेका यस्ता ऐतिहासिक ग्रन्थहरूमा पर्छन् :

१. पं. गजाधर-देवीप्रसाद स्मृतिग्रन्थ, भाग १, २०६५ सालमा प्रकाशित
२. ऐजन - ऐजन, भाग २, २०६६मा प्रकाशित

यी दुवै स्मृतिग्रन्थमा इलामको अनुभवी पितापुत्र पं. गजाधर भट्टराई तथा देवीप्रसाद भट्टराईसम्बन्धी अनुसन्धानमूलक लेखहरू र उनका जीवनीका प्रेरक प्रसङ्गहरू विश्लेषणात्मक रूपले सङ्कलित र सम्पादित छन्। पं. गजाधर भट्टराई सर्वत्र प्रशंसित, सफल र अग्रिम ज्योतिषी तथा पण्डितहरूका दृष्टिकोणमा परोपकारी र प्रेरणादायी व्यक्तित्व थिए।

उनको राणातन्त्रको विरोध गरी प्रजातन्त्रको पक्ष लिएको तथ्य अनुकरणीय र स्तुत्य छ। उस्तै नै राणादेखि सर्वसाधारण जनताका प्यारा ज्योतिषविद् पं. गजाधर भट्टराईका सुपुत्र देवीप्रसादको जीवनी पनि स्मरणीय र जनप्रिय छ। केही वर्ष सरकारी प्रशासनिक सेवामा सफलतापूर्वक संलग्न रही त्यहाँ भित्रका भ्रष्टाचार र प्रजातन्त्रविरोधी क्रियाकलापबाट विरक्त भई जनसेवामा संलग्न देवीप्रसाद भट्टराईको जीवनी अति नै उज्ज्वल र स्तुत्य छ।

३. प्रजापति उपाध्याय स्मृतिग्रन्थ, २०६६मा प्रकाशित। यस स्मृति ग्रन्थको सङ्कलनमा अथक रूपले लाग्ने रिजाल एक लगनशील र कर्मनिष्ठ व्यक्ति हुन्। यस ग्रन्थमा संवत् १९६६ मा इलामको ओखेमा जन्मी बरबोटेमा घरबार गरी पछि गएर जोगमाईपारको फिक्कलमा बसाइँ सरी त्यहीँ नै २०५८ सालमा देहत्याग गर्ने शिक्षाप्रेमी स्व. समाजसेवी प्रजापति उपाध्यायका जीवनको यथार्थपरक र प्रेरणाप्रद विश्लेषण-व्याख्या पाइन्छ। फिक्कलमा सर्वप्रथम अङ्ग्रेजी पद्धतिको शिक्षा सुरु गरी फिक्कल विद्यालयलाई समेत नेतृत्व दिई समाजमा निस्स्वार्थ रूपले सहयोग, सल्लाह र न्यायनिसाफ प्रदान गर्ने उपाध्यायको जीवन शिक्षाप्रद छ। पशुपतिनगर घाटदेखि इलामको आईसोलासम्म, ध्याम्पाटीदेखि मोहनडु, ईश्वरी, हर्कटे र कन्याम हुँदै फिक्कल टक्सरको मोटरबाटो बनाउने तथा इलामको बरबोटे, फिक्कल र सुरुङ्गामा खानेपानीको व्यवस्था गर्ने उपाध्यायको जीवन परोपकारमै बित्यो।

४. कृष्णकुमारी अधिकारी नेपाल स्मृतिग्रन्थ, २०६५मा प्रकाशित। यस ग्रन्थमा रिजालको पनि अनुसन्धानात्मक लेख संलग्न छ।

अहिले क्रमशः रिजालद्वारा अनुसन्धान भइरहेका र सङ्कलन भइरहेका स्मृतिग्रन्थ यी हुन् :

५. धर्मप्रसाद ढकाल स्मृतिग्रन्थ, माङ्सालिङमा जन्मी इलाम र झापामा कार्यरत व्यक्तित्व

६. त्रिलोचन ओझा, माङ्सालिङका ज्योतिर्विद र प्रसिद्ध आयुर्वेदज्ञाता

७. पं. बलभद्र भण्डारी, इलाम बरबोटेका प्रसिद्ध संस्कृतविद्, पुराणवाची

यी तीनै पुस्तकहरू र

८. भक्तकुमारी गदाल, फिक्कलकी समाजसेवी, कृष्णमन्दिरकी निर्मात्री

का स्मृतिग्रन्थहरूका सङ्कलन र सम्पादनकार्यमा रिजाल हाल जीउज्यानले लागेका छन्।

२०६६.११.१५ शनि

फिक्कल-३